वर्ष : १५, अंक : ४०, काठमाडौं, २०७६ माघ १७ गते शुक्रबार, 31 January 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक
# मधेशवाणी
The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## भारतले मनायो ७१औं गणतन्त्र दिवस



काठमाडौं । भारतीय राजदूतावास, काठमाडौंले भारतको ७१औं गणतन्त्र दिवस मनाएको छ । सो अवसरमा कार्यवाहक राजदूत डा. अजय कुमारले भारतको राष्ट्रिय झण्डाको झण्डोत्तोलन गर्दै समारोह आरम्भ गरी भारतका राष्ट्रपतिको सन्देश पढेर सुनाएका थिए । उक्त अवसरमा कार्यवाहक राजदूतले १ वीर नारी, ८ एकल महिला र मृतक सैनिकका ५ जना निकटतम् नातेदारलाई ५.९७ करोड नेपाली रूपैयाँ नगद तथा कम्बल वितरण गरी सम्मान गरेका छन् । राजदूतावासले नेपालका सबै प्रदेशमा रहेका विभिन्न ५१ पुस्तकालय तथा शैक्षिक संस्थाहरूलाई पुस्तक प्रदान गरेको छ । नेपालको सामाजिक आर्थिक विकासतर्फको यात्रामा नेपालसँग हातेमालो गर्ने भारतको प्रतिबद्धतालाई दोहोऱ्याउँदै राजदूतावासले नेपालका विभिन्न अस्पताल तथा गैरनाफामूलक परोपकारी संस्थालाई ३० वटा एम्बुलेन्स तथा शैक्षिक संस्थाहरूलाई ६ वटा बस पनि वितरण गरेको हो । हालसम्म भारत सरकारले नेपालका ७७ जिल्लाका विभिन्न अस्पताल, गैरनाफामूलक परोपकारी संस्था र शैक्षिक संस्थाहरूलाई ७८२ एम्बुलेन्स तथा १५४ बस प्रदान गरी हजारौं नेपाली जनताको स्वास्थ्य सेवा तथा शैक्षिक सेवामा पहुँच विस्तार गरेको छ ।

# प्रदेश २ सरकारको भविष्य राजपाको हातमा

## केन्द्र सरकारमा जान अध्यक्षमण्डलको बार्गेनिङ्ग, विभाजनको पनि संकेत

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ मा राष्ट्रियसभा निर्वाचनको परिणाम नेकपा-राजपाको पक्षमा आएपछि सत्ता समीकरण बदल्नुपर्ने बहस सुरू भएको छ । प्रदेश २ मा नेकपा-राजपाका गठबन्धन अनुमोदित भइसकेको तर्कसहित दुबै दलका नेताहरू प्रदेश सरकारका पनि यहि गठबन्धनलाई निरन्तरता दिनुपर्ने बहस सुरू गरेका हुन् ।

गत हस्ता सम्पन्न राष्ट्रियसभा सदस्यको निर्वाचन परिणामपछि नेकपा प्रदेश २ का अध्यक्ष प्रभु साहले नेकपा-राजपा गठबन्धन मधेशी जनताबाटै अनुमोदन भइसकेको तर्क गर्दै यस गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताएका छन् । नेकपाका नेताहरूकाअनुसार राष्ट्रियसभा निर्वाचनको परिणामले प्रदेश २ को सरकार अल्पमतमा परिसकेको र यस प्रदेशको जनताको भावनाको कदर गर्नका लागि पनि नेकपा-राजपा गठबन्धन सरकार बन्नुपर्छ ।

नेकपाका नेताहरूले जसरी प्रदेश २ को सरकार परिवर्तनका विषयमा खुलेर बोले पनि राजपाका नेताहरूले प्रतिक्रिया दिएका छैनन् । उनीहरू सकभर अहिले कायम रहेको समाजवादी पार्टी-राजपा गठबन्धनलाई निरन्तरताको पक्षमा देखिए पनि असन्तुष्ट भने अवश्य छन् । त्यस कारण प्रदेश २ मा नयाँ समीकरणको खेल अब राजपाको हातमा छ । नेकपा-राजपा गठबन्धनलाई अघि बढाउने की समाजवादीसँगको गठबन्धन नै कायम राख्ने विषयमा राजपाको औपचारिक धारणा अहिलेसम्म आइसकेको छैन ।

प्रदेश २ मा सत्ता समीकरण फेरिन सक्ने बहस तेज भएसँग समाजवादी पार्टी सत्ता समीकरण बचाउतर्फ कसरत तेज बनाएका छन् । समाजवादी पार्टीले सत्ता समीकरण बचाउन पहिलो कार्ड फ्याकिसकेका छन् । त्यो हो मन्त्रिपरिषद्को पुनर्गठन । सो कार्ड समाजवादी पार्टीले मन्त्री शैलेन्द्र साहमार्फत फ्याकेका छन्।



राजपाका केही नेताहरू प्रदेश मन्त्रीको कारकारबाहीका कारण सरकार नै बदनाम भएको आरोप लगाउँदै आएका छन् । मन्त्रीहरूको कामकारबाही मूल्यांकन गरी पुनर्गठन हुनुपर्ने उनीहरूको तर्क छ । राष्ट्रियसभा निर्वाचनको परिणामले समाजवादी पार्टीलाई मधेशमा जनादेश कमजोर भएका कारण उसले नैतिक रूपमा प्रदेश सरकारबाट बाहिरिनु पर्ने पनि विश्लेषण हुन थालिएको छ । अब नेकपा-राजपा गठबन्धन सरकारमा आउने सम्भावना बढेपछि प्रदेश २ का मुख्यमन्त्रीलाई अप्ठ्यारो परेको छ । यहि कारण वीरगञ्जमा भएको एक सार्वजनिक कार्यक्रममा उनले सरकार परिवर्तन हुने कुरा हल्ला मात्र भएको बताउनु पऱ्यो ।

नेकपा-राजपा गठबन्धन बनेदेखि नै प्रदेश सरकारमा नयाँ समीकरण बन्ने सम्भावनाका विषयमा चर्चा परिचर्चा चलिरहँदा केन्द्र सरकारमा राजपाको सहभागिताको विषय पनि उत्तिकै उठेको छ । तर सरकारमा सहभागी हुने/नहुनेबारे राजपा अलमलमा परेको छ । अध्यक्षमण्डल सहभागी हुने र नहुने दुई पक्षमा विभाजित भएकाले राजपा रनभुल्लमा परेको हो । राजपा अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिलकुमार झा र राजकिशोर यादव सरकारमा सामेल हुने पक्षमा छन् । अध्यक्षमण्डल संयोजक महेन्द्र राय यादव र महन्थ ठाकुर भने सरकारमा सहभागी हुन नहुने र समाजवादीसँगको एकता प्रक्रिया अघि बढाउनुपर्ने पक्षमा छन् ।

पार्टीको नेतृत्वकर्ता नै सत्ता साझेदारीको विपक्षमा उभिएपछि पार्टी अन्योलमा परेको हो । पुस २ गते सत्तारूढ नेकपा र राजपाबीच २ बुँदे सहमति भएको थियो । एक वर्षपछि जोडिएको यो सम्बन्ध राष्ट्रियसभा तालमेलमा मात्र सीमित थिएन, दुवै दलले प्रदेशदेखि र केन्द्रसम्म साझेदारी गर्ने आन्तरिक सहमतिसमेत बनेको थियो । सरकारमा साझेदारी गर्ने सहमतिबमोजिम नै नेकपाका सभामुख उम्मेदवार अग्नि सापकोटालाई राजपाका प्रमुख सचेतक लक्ष्मणलाल कर्णले समर्थन गरे ।

सरकारसँग साझेदारीप्रति संयोजक यादवले अनिच्छा यसरी प्रकट गरे-'राजपा माग र मुद्दाका लागि निर्माण भएको हो, सत्ताका लागि होइन ।' पार्टीका मुद्दा सम्बोधन भए राजपा सरकारलाई समर्थन गर्न तयार रहेकोसमेत उनले प्रष्ट पारे । नेता राजेन्द्र महतोकै अग्रसरतामा राष्ट्रियसभामा नेकपा-राजपा चुनावी गठबन्धन भएका कारण उनी सरकारमा जाने पक्षमा छन् ।

अध्यक्षमण्डल दुई धारमा विभाजित भए पनि नेकपासँग अनौपचारिक छलफल भइरहेको राजपाका एक नेताले बताए । नेकपाको सभामुख उम्मेदवारलाई राजपाले समर्थन गरेकाले उपसभामुख राजपालाई नै नेकपाले दिने चर्चा पनि छ । तर नेकपासँग उपसभामुखबारे कुनै पनि छलफल नगर्ने अडानमा संयोजक यादव छन् । अध्यक्षमण्डलका एक सदस्यका अनुसार नेकपाले उपसभामुख प्रस्ताव गरे राजपा तयार भए पनि यो विषयमा आफैं छलफल गर्न नजाने अडान यादवको छ ।

### प्याकेज सहमति

राष्ट्रिय सभा निर्वाचनमा अपेक्षित परिणाम आएपछि नेकपा र राजपाले सहकार्यलाई निरन्तरता दिन 'प्याकेज' सहमतिका लागि प्रयास अघि बढाउने सम्भावना पनि बढेको छ । प्रदेश २ मा नेकपा-राजपा गठबन्धनबाट दुई-दुई सांसद निर्वाचित भएसँगै विश्वासको आधार खडा भएको भन्दै दुवै दलका नेताहरूले सहकार्यका लागि प्याकेज सहमतिसहित अघि बढ्ने ढोका खुलेको बताएका छन् ।

राजपाले प्याकेजमा सहमतिका लागि तीनवटा सर्त राखेको छ । जसमा कैलाली-१ बाट निर्वाचित सांसद रेशम चौधरीको रिहाइ, मधेश आन्दोलनको क्रममा लगाइएका मुद्दा फिर्ता र संविधान संशोधनका लागि दुई महिने कार्यतालिका अहिले नै सार्वजनिक गर्नुपर्ने माग छ । नेकपाले सर्तहरू स्वीकार नगरेसम्म सहमति नहुने राजपाको भनाइ छ ।

नेकपाले प्रदेश २ को सरकार परिवर्तन गर्ने प्रस्ताव राखेपछि राजपाभित्र गम्भीर समीक्षाको विषय बन्न पुगेको छ । राजपाले नेकपासँग मिल्दा प्रदेशमा मुख्यमन्त्री पाउने निश्चित छ । अहिले राजपाभित्र समाजवादीसँगको गठबन्धन भत्काउँदा पर्न सक्ने प्रभाव र असरको लेखाजोखा भइरहेको छ । प्रदेशमा समाजवादी र राजपाको गठबन्धन भए पनि उपेन्द्र यादव एक्लै केन्द्रको सरकारमा सहभागी भएका थिए ।

### घेराबन्दीमा राजपा

नेकपासँग २ बुँदे सहमति गरेर राजपाले

बाँकी अन्तिम पृष्ठमा

## "सरकारमा जान्नौं"

काठमाडौं । राजपा नेपालका अध्यक्ष मण्डलका संयोजक तथा सांसद महेन्द्र राय यादवले आफ्नो पार्टी केन्द्रीय सरकारमा नजाने स्पष्ट पारेका छन् । उनले भने,'सरकारमा सहभागी हुनेबारे हाम्रो पार्टीमा कुनै छलफल भएको छैन् । त्यसैले सरकारमा जाने सम्भावना छैन् ।' सरकारमा जान राजपाको नैतिक धरातल नभएको उल्लेख गर्दै उनले असोज ३ गतेलाई कालो दिवस मनाइरहँदा सरकारमा जाने सोच्न पनि नसकिने बताए । संयोजक यादवले सरकारमा सहभागी हुने कुरा आफूहरूको प्राथमिकता नभएको जिकिर गरे । उनले भने,'राजपा सरकारमा जानको लागि इच्छुक छैन् ।' तर, आफूहरूको माग र मुद्दा सम्बोधन गरियो र एउटा वातावरण सहज बन्यो भने विचार गर्न सकिने उनले बताए ।

## मुख्य एजेन्डा जनमत संग्रह : डा. राउत

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो पार्टीको मुख्य एजेण्डा जनमत संग्रह नै रहेको बताएका छन् । जनकपुरको रंगभूमि मैदानमा आयोजित आमसभालाई सम्बोधन गर्दै उनले सरकारसँग सम्झौता गरे पनि जनमत संग्रहको मुद्दा नत्यागेको दाबी गरे । राउतले सरकारसँगको सम्झौताले विजयी हासिल भएको भन्दै यसलाई कसैले गलत अर्थ नलगाउन आग्रह गरे । उनले चुनावमा जसलाई दलाल पार्टीहरूले गाली गरेका थिए, उसैको सरकारमा पुग्न लेनदेनको सम्झौता नगरेको बताए । उनले मधेसी नेताहरूलाई दलालको संज्ञासमेत दिए । कांग्रेस, कम्युनिष्ट र मधेशी नेताहरू म्याद गुज्रेको 'औषधि' भएको उनले टिप्पणी गरे ।

## युवालाई बिना धितो ऋण

जनकपुरधाम । प्रदेश सरकारको समन्वयमा प्रदेश २ बाट बैदेशिक रोजगारीमा जाने युवाहरूले बिना धितो सहुलियत ऋण पाउन शुरू गरेको छ । प्रदेश २ सरकार, सीप परियोजना र प्रभु बैंकबीच बैदेशिक रोजगारमा जानेहरूलाई सहुलियत दरमा बिना धितो ऋण उपलब्ध गराउन भएको सम्झौता अनुसार प्रभु बैंकले आजबाट युवाहरूलाई ऋण दिन शुरू गरेको हो । जनकपुरमा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले प्रभु बैंकको वैदेशिक रोजगार कर्जाको शुभारम्भ गरे । कार्यक्रममा प्रदेश २ का ९ जना युवाहरूले पहिलो दिन उक्त कर्जा प्राप्त गरेका छन् ।
मुख्यमन्त्री राउतले प्रदेश सरकारको पहल तथा सीप परियोजनाको सहयोगमा शुरू भएको यो योजनाले साहुबाट ऋण लिएर वैदेशिक रोजगारीमा जानु पर्ने युवाहरूको बाध्यतालाई केही हदसम्म समाधान गर्ने विश्वास व्यक्त गरे । यस अघि एसबिआई बैंकले पनि यो कर्जाको शुभारम्भ गरेको थियो । प्रदेश सरकार, सीप परियोजना र प्रभु बैक तथा एसबिआई बैंकबीच साउन महिनामा बैदेशिक रोजागरीमा जाने युवाहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने सम्झौता भएको थियो । सोही सम्झौता अनुरूप बैंकहरूले यो ऋण सेवा शुरू गरेका छन । प्रभु बैकले यो सेवा सप्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दिने छन भने सिरहा, धनुषा र महोत्तरीमा एसबीआई बैंकले सेवा दिने सम्झौता प्रदेश सरकारंग गरेको छ ।

## दुर्गानन्द झाको नाममा प्रतिष्ठान

जनकपुरधाम । शहिद दुर्गानन्द झाको स्मृतिमा मधेश शहिद स्मृति प्रतिष्ठानको स्थापना भएको छ । अरूण कुमार झा (स्वामी प्रेम पथिक)को संयोजकत्वमा गठित प्रतिष्ठानले २००७ सालको आन्दोलन यता भएका विभिन्न आन्दोलनमा र प्रदेश २ बाट शहादत भएका शहिदहरूलाई सम्मान गर्न, उनीहरूको जिवनी प्रकाशन गर्नुका साथै शहिदहरूका कृर्ति उजागर गर्ने तर्फ पहल गरिनेछ ।





समय सन्दर्भ

वृषेशचन्द्र लाल



## राजपा सरकारमा जानु भनेको मधेशप्रति धोका हो

**राजपाको एजेन्डा सरकारमा जाने होइन, यदि कोही सरकारमा जाने कुरा गर्छन् भने त्यो मधेशप्रति धोका हो, राजनीतिक बेइमानी हो ।**

पछिल्लो समय राजपाले नेकपासँग सामिप्यता बढाउँदै गएको भन्ने सत्य हो । सभामुख निर्वाचनमा पनि राजपाले समर्थन गऱ्यो । तर यसको अर्थ रावपाले उपसभामुख पाउन लाग्यो भन्ने होइन । यसबारेमा अड्कलबाजी बढी गरिदैंछ । राजपाले नेकपासँग राष्ट्रियसभामा बराबरीको हैसियतमा चुनावी तालमेल मात्र गरेको थियो ।

अर्को कुरा, प्रतिनिधिसभाको सभामुखको चुनावमा नेकपाबाहेक अन्य कुनै दलले उम्मेदवार नै खडा गरेको थिएन र नेकपाको उम्मेदवारलाई सबैले समर्थन गरेको जस्तो भयो । सहमतिको हिसाबले संसद अगाडि बढ्नुपर्छ भन्ने सन्देश हामीले दिन खोजेका हौं । त्यसले गर्दा नेकपासँग राजपाको कुनै नयाँ समीकरण बनेको छ भन्ने कुरा छैन । राजपा आफ्नो मागमा अडिग छ । मधेश एजेन्डाको सम्बोधनको निम्ति गठित भएको पार्टी हो राजपा । त्यसमा राजपा अलिकति पनि विचलन भएको छैन ।

राष्ट्रियसभाको निर्वाचनमा दुई-दुईटा सिटमा एकअर्काले सघाउने र साथै राजनीतिक विषयहरूमा छलफल भई त्यसमा सहमति कायम हुनसक्यो भने आगामी दिनहरूमा पनि सहकार्य हुने भनेर सहमति भएको थियो । राजनीतिक विषयहरूमा जबसम्म छलफल हुँदैन, जबसम्म नेकपाले राजपाका मागहरू सम्बोधन गर्न अग्रसर हुँदैन तबसम्म सहकार्यको प्रश्नै आउँदैन । त्यसकारणले कुनै नयाँ समीकरण बनिसकेको छैन । राजपाभित्रका केही नेताहरू सरकारमा जानेलाई आफ्नो प्रमुख एजेन्डा ठान्नका छन्, यसलाई अर्कै तरिकाले अर्थ्याइरहेका होलान् ।

चुनावी सहकार्य र सभामुखमा समर्थन गर्नुलाई सरकारमा जाने बाटो खुलेको ठान्नुहुन्न । सरकारमा जाने हाम्रो एजेन्डा नै होइन, कुनै व्यक्तिको एजेन्डा हुनसक्छ तर पार्टीको होइन । मधेश आन्दोलनलाई भजाउनेहरूको यो एजेन्डा हुनसक्छ, तर राजपाको एजेन्डा सरकारमा जाने होइन । राजपाका नेता कार्यकर्ता, नेतृत्वले मधेश आन्दोलनलाई सरकारमा जाने हतियारको रूपमा प्रयोग गर्न सक्दैन । राजपा भनेको नै मधेश आन्दोलनले उठाएको मुद्दाहरूको सम्बोधनका निम्ति गठित भएको पार्टी हो ।

अहिलेसम्म राजपाले उठाउँदै आएका विषयहरूमा छलफल नै भएको छैन । राजनीतिक विषयहरूमा पछि छलफल गर्ने भन्ने कुरा छ । हामी छलफल गर्नका लागि जहिले पनि तयार छौं । हाम्रा राजनीतिक विषय, एजेन्डाहरू सम्बोधन हुनुपर्छ । अहिले परिस्थिति बदलिएकै छैन, त्यसकारणले अहिले छलफल हुन नसकेको हो । राजनीतिक दलले आफ्नो सिट जोगाउन सबैले सबैसँग मत माग्छन्, त्यो सहकार्य निर्वाचनसम्मका लागि मात्र हुन्छ । नेकपालाई पनि सहयोग चाहिएको थियो र हामीलाई पनि सहयोग चाहिएको थियो । त्यो सहयोगको अर्को विकल्प देखा परिरहेको थिएन ।

राजपाले आफ्नो सिट जोगाउन जोसँग र जस्तोसुकै सम्झौता गर्छ भन्ने तर्क गलत हो । सिट जोगाउने मात्रै कुरा होइन । राष्ट्रियसभा भनेको एउटा सदन हो, त्यसको निर्वाचन संविधानसम्मत तरिकाले हुन्छ । त्यो कुनै राजनीतिक फाइदा भन्दा पनि त्यो सदनमा आफ्नो प्रतिनिधि पठाउन सक्ने कुरा हो । सदनमा लाभ लिनका लागि गइँदैन । सदनमा आफ्नो पार्टीको धारणा, जनताको धारणा, जहाँ प्रतिनिधित्व गरिन्छ त्यसको धारणा राख्नका निम्ति जाने हो । अर्को कुरा हामीले यो पनि सिद्ध गऱ्यौं कि हामीलाई अराष्ट्रिय, विखण्डनकारी, विरोधी भनेर जसरी नेकपाले पहिला चित्रित गरिरहेको थियो त्यसलाई हटाउन नेकपाले हामीसँग सहमति भयो र एकअर्कालाई सहयोग गरियो । हामीलाई अराष्ट्रिय र विखण्डनकारी भन्ने पार्टीले हामीसँग सहयोग माग्यो, त्यो पनि एउटा राजनीतिक उपलब्धि हो । त्यो सहमति निर्वाचनसम्मका लागि मात्रै थियो । राजपाको एजेन्डा सरकारमा जाने होइन, यदि कोही सरकारमा जाने कुरा गर्छन् भने त्यो मधेशप्रति धोका हो, राजनीतिक बेइमानी हो । अर्को, सरकारमा जानेबारे राजपाभित्र अहिलेसम्म छलफल नै भएको छैन । यो कुरा नेताहरूको बैठक कोठामा मात्रै सीमित छ । सरकारमा जाने कुरा यदि कसैले ल्याए भने त्यसको विरोधमा राजपाका आन्दोलनकारी नेता कार्यकर्ताहरू उत्रन्छन् ।

राजपाले सरकारमा जाने निर्णय गर्दैगर्दैन । कुनै व्यक्तिले त्यस्तो निर्णय गर्छ भने, त्यो राजपाको मान्छे पनि हुँदैन र मधेश आन्दोलनको प्रतिनिधित्व पनि गर्दैन । उपसभामुखका

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय



# शहीद दिवस र मधेशी शहीद

मुलुक र जनताको हकअधिकारका लागि आफ्नो प्राण आहुति दिने शहीदको सम्झनामा २०१२ देखि हरेक वर्ष माघ १६ गते शहिद दिवस मनाइन्छ । सरकारले साप्ताहिक रूपमा शहीद सप्ताह मनाउँदै आएको छ । १९९७ मा शहीद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौंको पचलीमा, धर्मभक्त माथेमालाई सिफलमा माघ १३ गते र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन शासक पक्षले मृत्युदण्ड दिएको स्मरणमा यो दिवस मनाइँदै आइएको छ ।

नेपालमा पहिलो शहीद लखन थापालाई मानिन्छ । त्यसयता १९९७ मा प्रजातन्त्रका लागि प्राण आहुति दिने चार शहिदहरू-शास्त्री, माथेमा, श्रेष्ठ र चन्दलाई शहीद घोषणा गरी विभिन्न कार्यक्रममार्फत प्रत्येक वर्ष सम्झिने गरिएको छ । पञ्चायतकालमा प्रजातन्त्र पुनःस्थापनाका लागि भएका आन्दोलनमा पटक पटक थुप्रै योद्धाले सहादत प्राप्त गरे पनि उनीहरूका बारेमा राज्यले त्यति महत्व दिएको देखिँदैन ।

सरकारले २०६७ असार ९ गते शान्ति तथा पुनःस्थापना मन्त्रालयको सिफारिसमा एक हजार ६१९ जनालाई शहीद घोषणा गरेको थियो । त्यस्तै सरकारले २०६५ पुस ९ गते छ हजार ३४४ जनालाई शहीद घोषणा गरेको बताइए पनि त्यसको आधिकारिक तथ्यांक देखिँदैन । साथै मधेश आन्दोलन र मुलुकभर भएका पहिचानका विभिन्न आन्दोलनमा मारिएका कति व्यक्तिलाई शहीद घोषणा गरियो भन्ने यकिन तथ्यांक भेटिँदैन । जे जस्तो परिवेश रहे पनि शहिद भनेका समाजका ती सपुत हुन जसले आफ्नो व्यक्तिगत स्वार्थ त्याग गरेरसमग्र हितका निम्ति जीवनलाई बलिदान दिने व्यक्ति हुन । व्यक्तिगत स्वार्थ बिना काम गर्ने र देश र जनताको भलाईका लागि आफ्नो ज्यानको बलिदान दिने व्यक्तिलाई शहिद मानिन्छ ।

**माद्ध ५ गते एक दिन बलिदानी दिवस मनाएर मात्र शहिदको सपना पूरा हुँदैन । मधेश आन्दोलनका क्रममा सहिदहरूले देखाएको बाटोमा दलहरू नलागेको र सदैव कुर्सीको खेलमा लागेकोमा दुःखी छन् ।**

शहिद आत्मीय र सम्मानको शब्द हो । यो शब्दलाई सहर्ष स्वीकार्दै देश र जनताप्रति बफादार भई जीउज्यानको बाजी थाप्नेहरू मात्र सहिद हुन् । तर आज समूह–समूहबीच, मोर्चा–मोर्चाबीच र दल–दलबीच मात्र नभएर व्यक्ति–व्यक्तिबीच द्वन्द्व मच्चिरहेको छ । युद्ध वैचारिक रूपमा मात्र सीमित नरही सशस्त्र रूपमै भौतिक आक्रमण हुन थालेको छ । जसको कारण धेरै नेपालीहरू नेपालीहरूद्वारा नै मारिएको अवस्था छ । राजनीतिक तवरले संरक्षण पाएकाहरू र नपाएकाहरू बीचमा घटना, परिघटनामा परी मृत्यु हुनेहरूको वर्गीकरण हुने क्रम बढ्दै गएको छ । समय–समयमा शासन सत्ताद्वारा जनतामाथि गरिने शोषणको विरूद्ध आन्दोलनका क्रममा ज्यान गुमाउनेहरूको संख्या आजभोलि बढेको छ । यसरी ज्यान गुमाउनेहरूलाई कसरी सम्बोधन गर्ने ? कुन अर्थमा कसरी सम्मान गर्ने ? यो पनि बहसको विषय बनेको छ । सहिदलाई कहिं कतै कुनै पनि तवरले वर्गीकृत नगरी राष्ट्र, शिर, गर्व, गहना, धरोहर, आस्था र आदर्शको रूपमा सबैले स्वीकारिनु पर्छ । हामीले औपचारिकताका लागि मात्र शहिद दिवस मनाउनु भन्दा उनीहरूले देखाएको सतमार्ग हिँड्नु र उनीहरूको योगदानको उचित कदर गर्नु नै शहिद प्रतिको सच्चा सम्मान हो । जुन उद्देश्य र लक्ष्यका साथ शहिदहरूले सहादत प्राप्त गरेका थिए त्यहि उद्देश्य र लक्ष्य हासिल गर्न प्रतिबद्ध भै लागेमा शहिद दिवसको सार्थकता हुन्छ । यता विभिन्न आन्दोलनका क्रममा मधेशबाट पनि थुप्रै शहिदहरू भएका छन् । तर उनीहरूको योगदानको कदर शहिद दिवसमा गरिएको पाइँदैन ।

२०६३ सालमा सुरू भएको प्रथम मधेश आन्दोलनका क्रममा सिरहाका रमेश महतोसहित देशभर ५४ जनाले मधेश मुक्तिका लागि भन्दै बलिदानी दिएका थिए । प्रथम मधेश आन्दोलनबाट उठान भएको मुद्दा नसकिदैं २०७२ मा भएको दोस्रो मधेश आन्दोलनमा ५६ जनाले ज्यान गुमाए भने तेस्रो २०७३/२०७४ मा ७ जना सहित अहिलेसम्म १ सय १७ जनाले मधेशमा बलिदानी दिइसकेका छन् । तर ती शहिद परिवारका सदस्यको पीडा उस्त छ र शहीदहरूको उचित कदर पनि हुन सकेको छैन । मधेशी नेताहरू सत्तामुखी भएका कारण सहिदहरूको सम्झना हुन नसकेको हो । माद्ध ५ गते एक दिन बलिदानी दिवस मनाएर मात्र शहिदको सपना पूरा हुँदैन । मधेश आन्दोलनका क्रममा सहिदहरूले देखाएको बाटोमा दलहरू नलागेको र सदैव कुर्सीको खेलमा लागेकोमा दुःखी छन् । वास्तवमा सहिद परिवारप्रति मधेशी दलहरूको नेतृत्व उदार देखिदैन ।

# अधिकार आन्दोलनमा मधेशको भूमिका-४

**विचार-विश्लेषण** भाग-५७



उपेन्द्र झा

*गतांकको बाँकी*

०४२ सालमा "पंचायती व्यवस्था" विरूद्ध चली रहेको अहिंसात्मक आन्दोलन नेपाली कांग्रेसले नेतृत्व गरेको थियो । नेपाली कांग्रेस र नेकपा "एक नदीको दुई किनारा" मा रहेको अवस्थाले नेपाली कांग्रेस आफैलाई पूर्ण सम्झिरहेको थियो । तर नेकपा (पुष्पलाल समूह) सत्याग्रह आन्दोलनलाई बढाउन नेपाली कांग्रेसलाई सघाउन निर्णय गरेको थियो । नेकपा (माले) भने सशस्त्र धारमा थिए ।

विभिन्न मागहरूमध्ये "आन्दोलन हिंसात्मक बनेको खण्डमा आन्दोलन फिर्ता लिने" बुँदा राजाका लागि अमोध अस्त्र साबित भयो । चरम उत्कर्षमा पुगेको सत्याग्रह आन्दोलनलाई थेग्न सरकार असमर्थ भइरहेको थियो । जेल भर्ने सत्याग्रहीहरूको कार्यक्रमलाई बिथोल्ने, गिरफ्तार आन्दोलनकारीहरूलाई राख्ने ठाउँ नभएर सरकारले "हिंसात्मक घटना" देखाएर नेपाली कांग्रेसलाई "सत्याग्रह" फिर्ता लिन बाध्य गऱ्यो । राजदरबारको गेट तथा अन्नपूर्ण होटलमा भएको बम प्रहार" सत्याग्रह आन्दोलनलाई फिर्ता गराउन घटाइएको थियो ।

अन्ततोगत्वा "बमकाण्ड" कै कारण सत्याग्रह आन्दोलन स्थगित भयो । राजाको महिन षड्यन्त्रलाई कसैले बुझ्न सकेन । नेपाल कम्युनिष्ट पार्टीले आन्दोलनमा भाँडभैलो मचाउन सक्छ भनेर नेपाली कांग्रेसले सहकार्य गर्न मानेको थिएन । तर बमकाण्डमा नेकपालाई नपारि मधेशलाई नै बलिको बोका बनाईयो । सशस्त्र आन्दोलनमा नेकपा (माले) थियो, जनवादी मोर्चा पनि तर जनवादी मोर्चालाई नै टारगेट बनाएर मधेशमा व्यापक धरपकड गरेर मारियो ।

०४२ सालको बमकाण्डमा मधेशमा व्यापक दमनका कारण बाहिरी रूपमा भएको वातावरण सृजित भयो भने भित्रभित्रै राजतन्त्रप्रतिको वितृष्णा पनि व्यापकता लिँदै गयो । राजतन्त्रको लोकप्रियता घृणा बढ्दै गयो । सबै राजनीतिक दलहरूमा पारस्परिक सहयोगको भावना जन्मिन थाल्यो । राजतन्त्रलाई धक्का दिन बलियो शक्तिको आवश्यकता नेपाली कांग्रेसले महसुश गऱ्यो । ०४२ सालको सत्याग्रह आन्दोलनबाट नेपाली कांग्रेस सबै राजनीतिक शक्तिसँग सहिष्णु बनेको थियो ।

२००८ सालमा "तराई कांग्रेस" जस्तो राजनीतिक दलको जन्म भएपनि सांगठनिक रूपमा यो मधेशभरि फैलिन सकेन । २००७ सालको क्रान्तिमा मधेशको प्रमुख भूमिका रहनुको कारण भारतको प्रजातान्त्रिक शक्तिसँगको गहिरो लगाव थियो । त्यसकारण मधेशमा नेपाली काँग्रेसको पकड मजबुत बनेको थियो । २००७ सालदेखि ०४२ सालसम्मको नेपाली कांग्रेसको सम्झौता परस्त ढुलमुले चरित्रका कारण मधेशमा प्रगतिशील शक्ति (नेपाल कम्युनिष्ट पार्टी) को प्रभाव बढ्न थालेको थियो ।

तराई कांग्रेसमा रहेका संस्थापक सदस्य गजेन्द्र नारायण सिंह, रामजनम तिवारी जस्ता नेताहरूले मधेशमा राजनीतिक दलको अपरिहार्यतालाई महशुस गरि "नेपाल सद्भावना परिषद्" को नाममा राजनीतिक संगठन गठन गऱ्यो । पश्चात् २०४७ अषाढमा यो विधिवत् नेपाल सद्भावना पार्टीको रूपमा वैधानिकता पायो । मधेशी मुद्दा उठाएर यो पार्टी सांगठनिक रूपमा विकास गर्न थाल्यो । यो पार्टीमा मधेशका प्रभावशाली नेताहरू प्रवेश गर्न थाल्दा चुनावमा पनि यसले सानो स्थान बनाए पनि आफ्नो अस्तित्व भने कायम राख्न सफल भयो ।

०४६ सालपछि प्रजातान्त्रिक सरकार स्थापना पश्चात् नेपाली कांग्रेसको सरकार जनअपेक्षा पूरा गर्न नसकेर र सत्ताका लागि हानथापका कारण गुट, उपगुटमा विभाजित भएकोले जन समर्थन घट्न लागेको थियो । मधेशमा नेपाल सद्भावना पार्टीको अभ्यास सुरू भएपछि कांग्रेसको प्रभाव मधेशमा कम हुन थालेपछि भेदभावको राजनीति प्रभावकारी रूपमा अगाडी बढ्यो । अहिलेसम्म भावनामा रहेको विभेद व्यवहारमा अप्रत्यक्ष रूपमा चल्दै थियो भने प्रजातान्त्रिक सरकारमा भेदभाव प्रत्यक्ष रूपमा देखिन थालियो । आफ्नै धरातलमा मधेशले हक, अधिकारको लागि राजनीतिक अभ्यास नेकपा र नेपाली कांग्रेसको लागि अपच बनेको थियो । मधेशले पनि राजा र कथित प्रजातान्त्रिक सरकारको मधेशप्रति भेदभावको व्यवहारले पीडित भयो । शासक र मधेश बीचको अन्तविरोधबारे गहन अध्ययन र बहस शुरू भयो । सरकार र मधेश बीचको दूरी बढ्दै गयो । शासक र मधेश एक नदिको दुई किनारा जस्तै अलग अलग व्यवहार गर्न थाले ।

नेपाली कांग्रेसभित्र सत्ताको भागवण्डाका लागि तथा सत्तामाथि प्रजातान्त्रिक शक्ति (नेपाली कांग्रेस) को वर्चस्व कायम भएकोले नेपाली कांग्रेसका नेताहरूको व्यक्तिगत लिप्सा, स्वार्थ पूरा गर्न होडबाजीका कारण पारस्परिक मुठभेडको अवस्था सृजना भएकोले पार्टी कमजोर बनेको थियो । पार्टीका सहकर्मीहरूको असहयोगका कारण सरकार संचालनमा अवरोध पैदा भइरहेको थियो । चारैतिर गुट, फूट, झै-झगडामा तल्लीन रहेको नेपाली कांग्रेस फुट्यो । गुड गबर्नेन्सको अभावमा देशमा राजनीतिक अराजकता व्याप्त भयो । जन आकांक्षा पूरा हुन नसकेर नेपाली जनता वैकल्पिक मार्ग खोज्न द्वन्द्वको दिशातिर उन्मुख हुँदै गयो । फलतः २०५२ सालमा माओवादी द्वन्द्वको जन्म भयो । यो द्वन्द्वले वैशाखीमा चलिरहेको नेपाली कांग्रेसको सरकारलाई झन् कमजोर तुल्यायो ।

माओवादीको यो संघर्षलाई मधेशले पनि सहयोग गऱ्यो । यो संघर्षमा पनि मधेशका धेरै सपूतहरू बलिदानी दिए । माओवादी संघर्ष आमूल परिवर्तनका लागि ठूलो जनमत तयार गरेको थियो । माओवादी संघर्ष उत्कर्षमा पुगेको थियो ।

> मधेशले पनि राजा र कथित प्रजातान्त्रिक सरकारको मधेशप्रति भेदभावको व्यवहारले पीडित भयो । शासक र मधेश बीचको अन्तविरोधबारे गहन अध्ययन र बहस शुरू भयो । सरकार र मधेश बीचको दूरी बढ्दै गयो ।

सरकार यसलाई नियन्त्रण गर्न असक्षम रहेको मौका छोपेर 'दरवार हत्याकाण्ड' भयो । राजा विरेन्द्रको वंशनाश भई विरेन्द्रका भाई ज्ञानेन्द्रको हातमा शासन सत्ता गयो । ०५८ सालमा राजा विरेन्द्रको हत्या गरी भाई ज्ञानेन्द्र शाहलाई राजा बनाउने चमत्कारी राजनीति परिवर्तन देखा पऱ्यो ।

त्रासलाग्दो यो राजनीति परिवर्तनपछि राजाको प्रत्यक्ष शासन कायम हुँदा नेपाली जनता "घुमीफिरी रूम्जाटार" जस्तै भयो । पुनश्चः राजनीतिक शुन्यतामा आएपछि नेपाली जनता बलवूतामा संघर्ष गर्न सक्षम भएको थियो । **क्रमशः...**

*janukjha24@gmail.com*

## साताको सात बात



अबको शिक्षा प्राविधिक र रोजगारमुखी हुनुपर्छ । प्राविधिक र रोजगारमुखी शिक्षाको अभावले देशमा शिक्षाको उत्साहजनक प्रगति हुन सकेको छैन । संख्याको हिसाबले मात्र विद्यालय र कलेजहरू खुलेका छन् त्यसमा गुणस्तरीयता एकदमै कम छ । **डा. रामवरण यादव, पूर्वराष्ट्रपति**



कम्युनिष्ट सरकारले कुनैपनि सुचकांकमा नकारात्मक मानक प्राप्त गरेको छैन । विगतबाट पछाडि पऱ्यो भन्ने केहीमा छैन, अगाडि बढेकै सुचकांकहरू छन् । यसरी हेर्दा सरकारले दुई वर्षभित्रमा असाधारण उपलब्धि प्राप्त गरेको छ । **केपी शर्मा ओली, प्रधानमन्त्री**



संघीयता र समावेशिताको मुद्दा क्रमश खोसिंदै गएको छ । प्रदेशको नाम र राजधानी तोक्ने क्रममा संघीयता र समावेशिताको मर्म विपरीतका काम भएका छन् । पछिल्ला घटनाक्रमबाट संविधानले अगाडि सारेका संघीयता समावेशिता जस्ता मुद्दा खोसिएका छन् । **डा. बाबुराम भट्टराई, अध्यक्ष, समाजवादी पार्टी**



प्रजातान्त्रिक, लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनलाई सफल बनाउन शहीदको ठूलो योगदान रहेको छ । शहीदको सपना पूरा गर्नसके मात्रै उनीहरूप्रति सच्चा श्रद्धा गरेको ठहरिनेछ । २००७ सालको आन्दोलन, प्रजातन्त्र पुनःस्थापनाको आन्दोलन र गणतन्त्र स्थापनाका लागि धेरै शहीदले रगत बगाएका छन् । **प्रकाशमान सिंह, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**



नेपाल कम्युनिष्ट पार्टी र सरकारले मधेशी दलभित्र खेल्न खोजेको छ । मधेशको मुद्दा सम्बोधन नगर्ने तर मधेशी दललाई सत्ताको लोभ देखाएर समर्थन लिने प्रवृत्ति विगतदेखि नै देखिएको छ । अब सरकारले माग पूरा नगर्दासम्म समर्थन पनि गर्दैनौं सरकारमा पनि जाँदैनौं । **महेन्द्र राय यादव, अध्यक्षमण्डलका संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल**



मधेशका नाममा आन्दोलन गर्ने दलहरूले आफूहरूको विसर्जनवादी सोचलाई ढाकछोप गर्ने वा 'फेस सेभ' गर्ने नाममा हालको प्रदेश २ लाई मधेश नामाकरण गरेर तुष्टिकरणको नीति अख्तियार गर्नुलाई उचित मान्न सकिंदैन । **धर्मेन्द्र झा, पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ**



नेपालका राजनीतिक दल र सरकारमा अझै पनि पितृसत्ताले निर्णय गर्छ, महिला पदविशेषका लागि योग्य वा अयोग्य भनेर । स्थानीय तहका ९० प्रतिशत उपाध्यक्ष वा उपमेयरमा महिला छन् । महिलाहरू उपाध्यक्ष वा उपमेयरका लागि मात्र योग्य हुन्छन् भन्ने कतै व्यवस्था छैन । **रिता साह, महिला अधिकारकर्मी**

# शहीदप्रति नमन



सुधा मिश्र

*वीर सपुतक पैघ बलिदानी*
*सभकेउ मिलि करू गुणगानी*
*बहाक अपन शोनितक धार*
*देशक देलनि नव पहिचान*

*मुलुक बन्नका लागि हरेक* एतिहासिक काल खण्डमा वीर सपूतहरूको बलिलानी रहेको हुन्छ। तिनै सपुतहरूको सम्झना र सम्मानमा सहिद दिवस र बलिदानी दिवस मनाइन्छ।मुलुक भरि शहिदको सम्मान र सम्झनामा माघ १६ गते सहिद दिवस मनाइन्छ । एक सप्ताहभरि शहीद दिवस मनाइन्छ । आज जनताले उपभोग गर्दै आएको जे जति स्वतन्त्रता,समानता अनि सार्वभोमित्ताका लागि शहिदहरूले दिएका बलिदान अझै पनि आन्दोलनले दिने गरेको छ ।

देश,संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिको निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्तिलाई शहिद बुझिन्छ। शहिदहरूको सपना र त्यागलाई हामीले कतिको साकार पार्न सकेका छौं भन्ने कुरा भने मधेशी राजनीति अनि नेहत्तव सोच्नैपर्ने बेला आएको छ। शहीदका सदस्यहरूको अवस्था दुरराजमा कस्तो रहेको छ ? विचार गर्न जरूरी छ शहिदहरूको आशिषको छत्रछाया यो राज्यलाई जहिल्यै प्राप्त होस् र शहिदका आंशुहरू राज्यले पुछ्न सकोस् ।

०६२/०६३ सालको जनआन्दोलन र त्यसपछि पूर्न बहाली गरिएको प्रजातन्त्र अनि गणतन्त्र र त्यसपछि संघीयमा प्रवेश गरेको नेपाल सबै शहिदहरूलाई नमन छ ।

स्वतन्त्रता मुस्काईरहेको हरेक नेपाली अनुहारमा नेपाली शहिदहरूको अनुहार मुस्काईरहेको हुन्छ।यी शहिदहरूको रगत नेपालको माटोमा मिसिएको छ। गगनमा उनीहरूको सपना छ अनि प्रजातान्त्रिक अभ्यासमा शहिदहरूको निस्वार्थ बलिदान अतुलनीय छ ।

शहिदले हाम्रालागि वलिदानी दिएर दिइगएको स्वतन्त्रता यसैमार्फत् प्राप्त गणतान्त्रिक प्रजातन्त्रको आधारमा नयाँ नेपाल निर्माणमा तपाइहामी सबैजना उत्तिकै जिम्मेवार छौ नि, हैन र ?

मधेश आन्दोलनका शहीदहरूको सम्झनामा माघ ५ गते बलिदानी दिवस मनाइयो । बलिदानी दिवसको अवसरमा प्रदेश २ सरकारले सार्वजनिक बिदा गरेको हो । मधेशवादी दलले प्रत्येक वर्ष माघ ५ गते मधेसका सहिदहरूको सम्झनामा विभिन्न कार्यक्रम गरी बलिदानी दिवस मनाउँदै आएका छन् ।

मधेशमा मनाउँदै आएको बलिदानी दिवस प्रदेश नम्बर २ सरकारले औपचारिक रूपमै मनाएको छ ।

मधेश आन्दोलनको क्रममा २०६३ माघ ५ गते तत्कालीन मधेशी जनअधिकार फोरम नेपालका विद्यार्थी नेता रमेश महतोको प्रहरीले चलाएको गोली लागेर मृत्यु भएको थियो । सोही दिनको स्मरणमा मधेश केन्द्रीत दलहरूले प्रत्येक वर्ष बलिदानी दिवस मनाउँदै आएको अवस्थामा यसवर्ष प्रदेश सरकारले नै औपचारिक रूपमा बलिदानी दिवस मनाएको हो ।

घाइते तथा शहीद परिवारलाई सरकारको तर्फबाट विशेष सम्मान तथा घाइतेका लागि उपचारको विशेष प्याकेज घोषणा गरिएको छ ।

यसअघि दलगत आधारमा सहिद परिवार तथा घाइतेलाई सम्मान गर्ने कार्य हुन्थ्यो । तर अब सरकारले नै मन्त्रिपरिषद्को निर्णय अनुसार सहिदको योगदानको उच्च कदर गर्दै सम्मान गरेर आधिकारिकता दिएको हो ।

माघ ५ गते सिराहाको लहानमा रमेश महतोको गोली लागेर ज्यान गएपछि मधेशका सबै जिल्लामा आन्दोलन सुरू भएको थियो । यो दिनलाई स्मरण गर्दै प्रदेश २ सरकारले वीरगञ्जमा विशेष कार्यक्रमको आयोजना गरी बलिदानी दिवस मनाएको छ ।

आज यी शहिदहरूको सपना साकार गर्ने हाम्रो कर्तव्य हुन गएकरूो छ । उनीहरूको बलिदानीलाई याद गरेर उनीहरूले देखाएको बाटोमा हिड्नु पर्ने हाम्रो दायित्व भएको छ । यसो गरे मात्र बलिदानी दिवसको सार्थक हुनेछ ।

परिवर्तन ल्याउनकालागि अनि भावी पुस्ता र देशको आयाम बदल्नका लागि आफ्नो ज्यान अर्पण गर्ने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरूमा हाम्रो नमन ।

# राजपाले सरकारमा 'जान्न' भन्नु नै जान खोज्नु हो

## राजपा र समाजवादीबीच एकीकरण हुने कुरामा विश्वास गर्न सकिँदैन। एकीकरणको चर्चा नाटक मात्र हो।



**डा.सुरेन्द्र लाभ**

**राजनीतिक विश्लेषक**

**० विगतमा राजपा र नेकपा विपरीत धारका देखिएको थियो तर अहिले उनीहरूबीच बढ्दै गएको सहकार्य र सामिप्यतालाई कसरी विश्लेषण गर्नु हुन्छ ?**

– नेपालका राजनीतिक दलहरूको एउटा मात्रै धार हो, त्यो हो कुर्सी, सत्ता वा स्वार्थ। त्यसैले यी सबै दल एउटै धारका छन् भन्ने कुरालाई विगत केही दिनका घटनाहरूले एकचोटि फेरि प्रमाणित गरेको छ। यिनीहरूको नाम, इतिहास, भूगोल फरक होला तर सबै स्वार्थको धार नै हो।

**० भनेपछि आफ्नो स्वार्थका लागि राजनीतिक दलहरूले जोसँग र जस्तोसुकै सम्झौता गर्न सक्छन् ?**

– हो, अहिलेसम्म त्यहि देखिएको हो। जतिबेलादेखि नेपालमा बहुदलीय व्यवस्था आयो त्यतिबेलादेखिको इतिहासै यहि हो। सजिलोका लागि यिनीहरूले सिद्धान्तको प्रतिउत्पादन गर्छन्। उनीहरूको दृष्टिमा त्यो सिद्धान्त भनेको राजनीतिमा कोही पनि स्थायी शत्रु हुँदैन, जोसँग पनि मित्रता हुनसक्छ। किनभने भविष्यमा साँठगाँठ गर्नुछ, सत्ता प्राप्ति गर्नुछ। वास्तविकता के हो भने सत्तालोलुप र सत्ताका लागि जे पनि गर्न सक्ने चरित्र नेपाली राजनीतिमा छ भन्ने कुरा पुनः प्रमाणित भएको छ।

**० मधेशको राजनीति कतातिर जाँदैछ ?**

– मधेशको राजनीति अहिले दिशाहीन भइसकेको छ। सत्ताकै लागि विगतमा मधेशी दलहरूले एमालेमुक्त अभियान लगायतका नाराहरू लगाउने गरेका थिए। त्यसमा सबभन्दा बढी चर्को नारा जसको थियो, अहिले त्यसैको बढी निकटता छ सत्ताधारीसँग। किनभने जसले चर्को नारा दिइरहेका थिए, जसलाई मधेशको ओली भनिन्थ्यो, उसले धनुषाबाट कसको सहयोगबाट चुनाव जितेका हुन भन्ने कुरा दुनियाँलाई थाहा छ। जसलाई विरोध गरिएको थियो, उसैको सहयोगबाट निर्वाचन जितिएको हो त्यसैले, कसैसँग इमान्दारी वा नैतिक बल केही छैन।

**० मधेशमा वैकल्पिक शक्ति आउने सम्भावना कति छ ?**

– मधेशमा अहिले भ्याकुमको अवस्था छ। प्रकृतिको पनि नियम हो, भ्याकुम हुन्छ त्यहाँ आँधीबेहरी आउने संकेत हो। मधेशको पनि यहि स्थिति छ। जुन दलहरू सत्तालिप्सामा लागिरहेका छन्, त्यसै दलभित्र पनि युवाहरूमा असन्तुष्टि छ। के गरूँ, न गरूँ भन्ने अन्योलता छ र आम जनताको बीच थुप्रै प्रश्नवाचक चिन्हहरू खडा भएका छन्। यसले भविष्यमा एउटा ठूलो आँधीबेहरीको सम्भावनालाई देखाइरहेको छ। त्यो आँधीबेहरीबाट नयाँ नेतृत्व, नयाँ व्यक्ति स्थापित हुने र पुरानाहरू विस्थापित हुने सम्भावना त्यतिकै बढेको छ।

**० भनेपछि मधेशमा फेरि आन्दोलनको माहौल बन्दै गएको छ।**

– निश्चितरूपमा। अहिले सतहमा देखा परिरहेको छैन तर यो भ्याकुमको अवस्थाले संकेत गरिरहेको छ। हरेक पार्टीमा केही इमान्दार नेता कार्यकर्ताहरू छन्। कुनै न कुनै नाउँमा आन्दोलन हुने सम्भावना बढ्दै गएको छ। अबको दिनमा युवाहरूको हातमा नेतृत्व जान सक्छ।

**० राष्ट्रियसभा चुनावमा नेकपा र राजपाको गठबन्धनले विजय हासिल गर्‍यो, योसँगै प्रदेश २ मा पनि सरकार परिवर्तन हुने चर्चा चल्दैछ, कसरी हेर्दै हुनुहुन्छ ?**

– राष्ट्रियसभाको निर्वाचनमा उम्मेद्वारहरू जितेका छन् भने दलहरू हारेका छन्। पानी बाराबारको जुन अवस्था थियो, त्यसमा गठबन्धन गरेर जितेका छन्। किनभने दलहरूमा अब नैतिक बल रहेन। प्रदेश २ मा नयाँ सत्ता समीकरणका संकेतहरू त देखा परेका छन्। सभामुख निर्वाचनमा राजपाले लिखितरूपमा समर्थन गरेको थियो। अर्को कुरा राष्ट्रिय सभामा जीत भइसकेपछि जुन विजय जुलुस निस्कियो त्यसमा नारा थियो नेकपा-राजपा जिन्दावाद। त्यसले गर्दा प्रष्टरूपमा देखिएको छ कि प्रदेशमा सत्ता समीकरण परिवर्तन हुन्छ। बाहिर यिनीहरूले भनिरहेका छन् कि राजपा संघीय सरकारमा जाँदैन। तर, भन्नु एउटा र गर्नु अर्को यिनीहरूको राजनीतिक चरित्र नै हो। सार्वजनिकरूपमा शीर्ष नेताहरूले भन्छन् कि सत्तामा जाँदैनौं यसबाट नै प्रष्ट हुन्छ कि यिनीहरू सत्तामा जान खुट्टा उचालिसकेका छन्।

**० यदि प्रदेश २ मा नेकपा र राजपाको सरकार बन्यो भने जनादेशमा कस्तो प्रभाव पर्नेछ ?**

– प्रदेश २ मा राजपा र समाजवादीको पक्षमा जनादेश आएको थियो। दुवै पार्टीले संयुक्तरूपमा उम्मेदवारी दिएका थिए र जिते पनि। अहिले प्रदेश २ मा संख्याको हिसावले सबभन्दा ठूलो दल नेकपा नै छ। यदि यी नेकपा र राजपा मिल्यो भने समाजवादी अल्पमतमा पर्छ। गणितीय हिसावमा यिनीहरूले सरकार बनाउन सक्छ।

**० राजपा र समाजवादीबीच लामो समयदेखि एकताको चर्चा हुँदै आएको छ, यो चर्चा पछाडि के कारण छ ?**

– यी दुई दलबीच एकीकरणको चर्चा नाटक हो। प्रदेश २ मा समाजवादी र राजपाबीच जुन साँठगाँठ भयो त्यो बाध्यता थियो, जनताको दबाब थियो। तर, यिनीहरूको स्वभाव, चरित्रगतरूपमै भिन्नता छ तर सिद्धान्ततः भिन्नता छैन। यिनीहरूबीच ठूलो व्यक्तिगत लडाई छ। एकले अर्काको अस्तित्वलाई स्वीकार्ने अवस्था देखिरहेको छैन। त्यसैले राजपा र समाजवादीबीच एकीकरण हुने कुरामा विश्वास गर्न सकिँदैन। एकीकरणको चर्चा नाटक मात्र थियो। ६ वटा पार्टी मिलेर जुन राजपा बनेको छ, त्यसमा एकता छैन भने अन्य दलसँग एकता हुने कुरा त परै जाओस्। समाजवादीभित्र पनि तीनवटा खेमा देखिएको छ। यिनीहरू एक ठाउँमा हुने बित्तिकै मन पनि मिलिहाल्छ भन्ने छैन। संविधानले थ्रेसहोल्ड बाध्यात्मक अवस्था सिर्जना गर्‍यो जसले गर्दा एक ठाउँमा बसिरहेका छन्।

**० नेकपासँग राजपाको आगामी यात्रा कस्तो रहला ?**

– अब यिनीहरू विस्तारै सत्तामा जान्छन्, केन्द्रमा पनि मन्त्री बन्छन्। सरकारमा हुँदा संविधान संशोधनको कुरा पनि गरिहालौं जस्ता कुराहरू हुन्छन्। संविधान संशोधनको सम्भावना छ, मधेशका अन्य मुद्दाहरूको सम्बोधन हुने आश गर्न सकिन्छ। यिनीहरू इमान्दार प्रयास गरे हुन सक्छ। तर सबै सत्तालिप्सामा फसिरहेका छन्। केही दिनसम्म यिनीहरूको सहयात्रा अगाडि बढ्छ। केही दिनपछि फेरि अर्को चुनाव आउँछ, फेरि नयाँ समीकरण हुन्छ। त्यसले गर्दा आम जनतामा राजनीतिक वितृष्णा आउने कारण पनि यहि नै हो। यस्तै चलिरहेको छ। सबैको आआफ्नो पसल जस्तो छ, जनतासँग कुनै लेनादेना छैन। सधैं जनताले चुनावमा आफ्नो मत दिन्छ, रगत बगाउँछ तर फाइदामा नेताहरू हुन्छन्। यो कुरा आमजनताले अनुभव गरिरहेका छन्।

**० राजपा आफ्नो मुद्दाबाट पछाडि हट्न लागेको हो कि ?**

– मुद्दाबाट त पछाडि हट्दैन, त्यसलाई रटिरहन्छ। यदि राजपा सत्तामा गइहाल्यो भने फुट्न सक्छ।

**० उपसभामुखमा राजपाले पाउने चर्चा पनि छ नि ?**

– अब त प्रष्टै छ राजपाले उपसभामुख पाउने भयो। त्यसले अलिकति मख्ख पनि छ, खुशियाली पनि छाएको छ।

**० नेपालमा अहिले इतिहासकै शक्तिशाली सरकार छ, तर प्रतिफल आइरहेको छैन। यस्तो बहुमतको सरकारले पनि काम गर्न नसक्दा अब नेपालमा कस्तो सरकार चाहिन्छ ?**

– यो एउटा ठूलो प्रश्नचिन्ह खडा भएको छ। त्यत्रो बहुमत, यस्तो अवस्थामा पनि काम गर्न नसक्नु दुर्भाग्य हो। सेवा प्रवाहमा सबभन्दा ठूलो समस्या देखा परिरहेको छ। यो चिन्ता र विश्लेषणको विषय पनि हो। जबसम्म नेतृत्वमा दृढता हुँदैन, काम गर्ने वातावरण हुँदैन र काम गर्ने हिम्मत हुँदैन भने काम त हुँदैन। वास्तविकता हो कि जुन किसिमले यो सरकारले काम गर्नुपर्ने थियो, त्यो किसिमले काम भइरहेको छैन। आमजनतामा नैराश्यता छाएको छ।

**० यो सरकारले राम्ररी काम गर्न नसक्नुका कारण के देख्नुहुन्छ ?**

– सबभन्दा पहिला त नेकपाभित्र पनि गुटबन्दी छन्, राजनीतिक भागवण्डा छ। जसले गर्दा यो सरकारले स्वतन्त्ररूपमा काम गर्न सकिरहेको छैन। तर, प्रधानमन्त्रीमा भिजन छैन भन्न त गाह्रो छ। किनभने उहाँ जतिबेला गृहमन्त्री हुनुहुन्थ्यो त्यतिबेला राम्रै काम गर्नुभएको थियो। उहाँको राजनीतिक यात्रा लामो छ। उहाँले नबुझेको होला भन्ने कुरा पत्याउन त गाह्रो छ।

# केन्द्र र प्रदेश २ मा अब नेकपा-राजपा सरकार

**प्रदेश २ मा नेकपा र राजपाको सरकार बन्ने चर्चा त वास्तवमा चलेकै हो। दोस्रो कुरो नेकपा र राजपा मिल्यो भने सरकार बनाउन बहुमत पनि पुग्छ। त्यसकारणले प्रदेश २ मा नेकपा र राजपाको सरकार बनाउने सम्पूर्ण आधार छन्। अब यो मूर्तरूप कहिले लिन्छ, कौतुहुल त छँदैछ।**



**यदुवंश झा**

**केन्द्रीय समिति सदस्य, नेपाल कम्युनिष्ट पार्टी**

**० नेकपा र राजपाबीच सहकार्य भएर राष्ट्रियसभामा उनीहरूको जीत भएको छ। ष्यो सहकार्य चुनावी परियोजनका लागि मात्र थियो कि आगामी दिनमा पनि निरन्तरता पाउनेछ ?**

– नेकपा र राजपाबीच सहकार्य समयको माग हो। मुलुकको आवश्यकतालाई पनि बुझ्नुपर्छ। अहिले बदलिँदो राजनीतिक परिवेशमा दक्षिण एसियाली मुलुकहरूले विकास र आर्थिक क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। त्यो अवस्थामा हामी राजनीति विषयमै कति रूमलिरहने ? त्यसकारणले अहिले जुन परिस्थिति निर्माण भएको छ यसले विश्व राजनीतिमा प्रभाव पार्ने विषय बनेको छ। राजपा र नेपालको जुन यात्रा सुरू भएको छ, यसलाई हामीले स्वागत गर्नुपर्छ। एउटा विश्वासको वातावरण बनिरहेको छ। आगामी राजनीतिक यात्रा पनि विश्वासको आधारमा दुवै पक्षले अगाडि बढाउन सक्यो भने शान्ति र समृद्धिको यात्रामा सफल पाइला हुनेछ।

**० नेकपा-राजपाको सहयात्रा अगाडि बढाउन नेकपा इमान्दार हुन्छ ?**

– राजपाले उठाउँदै आएको मागप्रति नेकपा लचक हुनैपर्छ। अहिले बारम्बार यिनै विषयमा सम्वाद, छलफल भएको पनि छ। राजपाको जायज माग, कानूनले मिल्नसक्ने गरी मुलुकलाई शान्ति र स्थिरतातर्फ लानका लागि सरकारले एउटा समिति बनाएर समस्याको समाधान गर्नुपर्ने हुन्छ। संविधान एउटा परिवर्तनीय दस्तावेज हो, मुलुक र जनताको आवश्यकताअनुसार संशोधन संविधान हुनुपर्छ। यो सरकारले संविधान संशोधन गर्छ तर, केही समय लाग्छ।

**० राजपाको माग सम्बोधन गर्न कानूनी अड्चन छ भने लाल आयोगको प्रतिवेदन किन सार्वजनिक गरिँदैन ?**

– जुनबेला लाल आयोग गठन भएको थियो, त्यो बेलाको राजनीतिक परिवेश, नेकपा र राजपाबीच दूरीको समयावधि थियो। तर अहिले समयले धेरै कोल्टो फेरेको छ। आज धेरै सकारात्मक परिवर्तनहरू पनि भएका छन्। अब यहाँ इमान्दारिताको खाँचो छ, त्यो इमान्दारिता दुवै पक्षले लागू गर्नुपर्छ। विगतमा जेजस्तो भएपनि वर्तमान अवस्थामा समयसापेक्ष वातावरण बनाउन सकियो भने मागहरू निश्चित रूपमा सम्बोधन हुन्छ।

**० नेकपाले राजपा र समाजवादीबीच दूरी ल्याउन खोजेको आरोप छ नि ?**

– नेकपाको सरकारले मधेशका शक्तिहरूलाई कमजोर बनाउने प्रयास गर्दैछ, यो सरकारको रणनीति हो भन्ने आरोपहरू लाग्दै आएको छ। जबकि राजपाका नेताहरूको एउटा छुट्टै राजनीतिक इतिहास छ। नेपालको प्रजातान्त्रिक आन्दोलनमा उनीहरूको लामो योगदान रहेको छ, खारिएर रहेका नेताहरू राजपाभित्र छन्। हिजो उनीहरूको जुन सोच थियो, त्यसमा परिवर्तन आउनु भनेको समर्पण होइन। मधेशको राजनीतिलाई यो सरकारले कमजोर बनाउने खोजेको आरोप लागेपनि राजपा र नेकपाको सहकार्य अत्यन्त सुखद हो। उदार दिलले र इमान्दारीपूर्वक प्रयास भयो भने यो सरकारले राजपाको माग सम्बोधन गर्दै जानेछ। राजपा र कम्युनिष्ट पार्टीबीच जुन परिवेश बनेको छ, नेपाली राजनीतिमा यसले धेरै प्राथमिकता पाएको छ।

**० नेकपाको सरकारले एउटा मधेशी दललाई काखा र अर्कोलाई पाखा लगाउने काम गरिरहेको छ नि ?**

– जसरले सरकार चलाउँछ, उसले जहिले सबैलाई एउटा सन्तुलनमा राखेर व्यवहार गर्ने परम्परा पनि हुन्छ। समाजवादी पार्टीको कुरा गर्दा उ सरकारमा बस्ने पनि र त्यही सरकारलाई घुर्की पनि देखाउने काम गर्‍यो। क्याबिनेटमा पनि बस्ने, तत्काल क्याबिनेटको कुरो पनि मान्ने र जिल्लामा जाँदा सरकारको विरोध गरेर दोहोरो चरित्र प्रदर्शन गर्‍यो। अर्थात् राडी र पाडी एकठाउँमा चल्दैन। त्यसकारण, प्रधानमन्त्री केपी शर्मा ओलीसँग समाजवादीको सम्बन्ध खराब हुने एउटा कारण यो पनि हो। अर्को कुरा समाजवादीले जुन मन्त्रालय पाएको थियो, त्यसमा पनि सन्तोषजनक कार्य सम्पादन गर्न सकेको थिएन। उपेन्द्र यादव जहिले पनि विदेशमुखी भएको पनि देखियो।

**० नेकपालाई सभामुखमा राजपाले समर्थन गर्‍यो, उपसभामुख राजपाले पाउँछ त ?**

– सभामुखमा राजपाको समर्थन थियो, एउटा विश्वासको वातावरण बन्यो। राजपाले उपसभामुख नै पाउँछ भन्ने कुरा छैन तर, सरकारमा आउने सम्भावना प्रवलरूपमा बढेको छ। अहिले खाली रहेका मन्त्रालयमा प्रधानमन्त्रीले राजपालाई ल्याउने र राजनीतिक यात्रा सम्मानका साथ अगाडि बढाउने सवालमा केही गृहकार्य भएको छ।

**० भनेपछि, राजपालाई सरकारमा ल्याउने गृहकार्य हुँदैछ ?**

– एकदम भइरहेको छ। प्रधानमन्त्री आफै र सचिवालयले पनि यो कुरालाई अत्यन्त सकारात्मकरूपमा लिएको छ।

**० तर, राजपाका आधारभूत मागहरू पूरा नभइकन, सांसद रेशम लाल चौधरीको रिहा नभइकन सरकारमा गयो भने पार्टी फुट्ने सम्भावना पनि छ नि ?**

– राजपाले उठाउँदै आएको कुराहरू संवेदनशील विषय हो। रेशमलाल चौधरीको रिहाइ, झुठा मुद्दामा आरोपितहरूको मुद्दा फिर्ता, कैदीबन्दीको रिहाइबारे छलफल भइरहेको छ। यी कुराहरूमा आममाफीको दिशामा जानका लागि, समस्याहरू सम्बोधन गर्नका लागि कता-कता अमिल्दो विषयहरू छन्। यी कुराहरूलाई यदि समयमै सम्बोधन गर्न सकेनौं भने सहकार्यको यात्रा अगाडि बढ्न सक्दैन। त्यसकारण, यो विषयमा गम्भीरतापूर्वक, सम्वेदनशील भएर राज्यपक्ष र राजपाले पनि छलफलको विषय बनाउनुपर्छ। यो विषयलाई टुंग्याउनु नै समय सान्दर्भिक हो। यसमा सरकारले निश्चितरूपमा ध्यान दिन्छ र विश्वासको वातावरण बनाउनमा हामी सबै पक्ष लाग्नुपर्छ।

**० राजपा कति दिनसम्मको अवधिमा सरकारमा जानसक्छ ?**

– यसको गृहकार्य सुरू भइसकेको छ। राजपा र नेकपाबीच जसरी अहिले सहकार्य अगाडि बढिरहेको छ, एकडेढ महिनाभित्रै राजपा सरकारमा सहभागी हुने वातावरण बन्दैछ। प्रदेश २ मा नेकपा र राजपाको गठबन्धन बन्नु, सभामुख चुनावमा समर्थन गर्नु यी सब कुराले दुवै दलबीच एउटा विश्वासको वातावरण बन्दै गएको देखिएको छ। यो मुलुकको आवश्यकता पनि हो। तसर्थ, अब हामी राजनीतिक खिचातानी र आरोप-प्रत्यारोपबाट माथि उठेर मुलुक समृद्धिको बाटोमा लाग्नुपर्छ। यी पूर्वाधारहरूले गर्दा राजपा सरकारमा आउने सम्भावना बढेको छ।

**० प्रदेश २ मा नेकपा र राजपाको सरकार बन्ने चर्चा चलिरहेको छ, के हो वास्तविकता ?**

– प्रदेश २ मा नेकपा र राजपाको सरकार बन्ने चर्चा त वास्तवमा चलेकै हो। दोस्रो कुरो नेकपा र राजपा मिल्यो भने सरकार बनाउन बहुमत पनि पुग्छ। त्यसकारणले प्रदेश २ मा नेकपा र राजपाको सरकार बनाउने सम्पूर्ण आधार छन्। अब यो मूर्तरूप कहिले लिन्छ, कौतुहुल त छँदैछ। प्रदेश २ मा रहेको वर्तमान सरकारले आमजनताको चाहनाअनुसार काम गर्न नसकेको व्यापक असन्तुष्टि छ। विकास निर्माणका कार्यहरू प्रदेश २ को सरकारले अगाडि बढाउन सकेन। त्यसकारण आम जनताले पनि प्रदेश २ मा नेकपा र राजपाको सरकार बन्नुपर्ने धारणा आउँदैछ। यसको प्रष्ट संकेत राष्ट्रियसभाको चुनावमा पनि देखियो। राजपा र नेकपाको जति मत थियो त्यसभन्दा पनि बढी मत पाएको छ। अर्थात्, प्रदेश २ को सरकारप्रति सत्तारूढ दल समाजवादीकै नेता कार्यकर्ताहरू असन्तुष्ट छन्। निश्चितरूपमा परिवर्तनका केही लक्षणहरू देखा परेका छन्, यसले अपेक्षित परिणाम अवश्य नै दिन्छ।

**० यसको गृहकार्य पनि भइरहेको होला नि ?**

– प्रदेश २ मा नेकपा र राजपाको सरकार बनाउन सकारात्मक सोच बन्दै जानु पनि राम्रो सन्देश हो। लगभग एक महिनाभित्रै यस विषयमा 'क्लियर सिन'हरू देखा पर्छन्।

**० केन्द्रमा नेकपाको बहुमतको सरकार छ, तर जनअपेक्षाअनुसार काम किन गर्न सकेको छैन ?**

– अहिले नेपालमा सिंगो प्रणाली नै परिवर्तन गरेर बनेको सरकार हो। आम नेपाली जनताको आशा, भरोसा, अपेक्षा छन् त्यस हिसावले जुन गतिमा गर्नुपर्ने हो त्यसका आधार तयार भएकै हो। दुई वर्षको अवधिमा यातायात, ऊर्जा र अन्य सवालहरूमा पनि आमूल परिवर्तन हुने गरी काम अगाडि बढाएको छ। कतिपय कुराहरू जनताले महसुस पनि गरेका छन् भने कतिपय कुरा पूरा हुने अवस्थामा छन्। तरपनि द्रूतगतिमा काम अगाडि बढेको छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# विद्यार्थी जनमत संघको ३९ बुँदे घोषणापत्र

विद्यार्थी जनमत संघ (Students' Janamat Union) को २०७६ साल पुस २८-२९ गते जनकपुरधामको गोपाल धर्मशालामा बसेको केन्द्रिय समितिको बैठकले निम्न घोषणाहरू सहितको घोषणा(पत्र पारित गरेको छ ।

१. मधेशी, आदिवासी, जनजाति वा ग्रामीण भेगका विद्यार्थीहरूमाथि कलेजमा भइरहेको रंगभेद, दमन, शोषण, र्‍यागिङ, उत्पीडन आदिको अन्त गरी कलेज प्रशासन, प्राध्यापक वा विद्यार्थीद्वारा गरिने विभेद विरूद्ध 'जिरो टोलरेन्स' को नीति कलेजमा लागू गर्नका लागि ।

२. कलेजमा समयमैं भर्ना, समयमै परीक्षा र समयमै नतिजा प्रकाशन गर्न लगाई नियमितता प्रदान गर्नका लागि ।

३. संविधानले सुनिश्चित् गरेको समानुपातिक सीट अनुसार विभिन्न कलेजहरूमा मधेशी आदिवासी जनजाति दलित लगायतका क्लष्टरहरूको भर्ना सुनिश्चित् गर्नका लागि ।

४. विद्यार्थीहरू समाजको सचेत वर्ग हुँदा विभिन्न जनसरोकारका विषयहरूमाथि आवाज उठाउँदा स्थानीय सरकार, जनप्रतिनिधि, कर्मचारी तथा प्रहरी प्रशासनबाट नै उनीहरूमाथि भइरहेको ज्यादती, दमन र हत्यामाथि रोक लगाउनका लागि र विद्यार्थीहरूको सुरक्षा सुनिश्चित् गर्नका लागि ।

५. विद्यार्थीहरू एक जिल्लाबाट अर्को जिल्लामा आवतजावत गर्ने वा नेपाल(भारत सीमाना पार गर्ने क्रममा उनीहरूलाई अनावश्यक चेकजाँच गरी दिइने गरेको यातना तथा उनीहरूमाथि हुने दुर्व्यवहार अन्त गर्नका लागि ।

६. क्याम्पसलाई फ्री वाइफाई जोन बनाउने तथा विश्व स्तरका अनलाइन जर्नल र लाइब्रेरीको सदस्यता कलेजले लिई सोको पहुँच विद्यार्थीहरूमाझ पुर्‍याउनका लागि ।

७. शैक्षिक प्रमाणपत्र राखेर ऋण सहज रूपमा विद्यार्थीलाई उपलब्ध गराउने र त्यसमा मधेश वा ग्रामीण क्षेत्रका विद्यार्थीहरूमाथि भइरहेको विभेदलाई उन्मूलन गर्नका लागि ।

८. विद्यार्थीहरूलाई क्याम्पसबाट नै स्थानीय तह वा अन्य सरकारी, गैरसरकारी वा निजी ठाउँहरूमा 'इन्टर्न' वा 'पार्ट टाइम' काम गर्न दिएर अनुभव हासिल गर्ने तथा जागिर लगाइ दिने (जाँब प्लेसमेंट गर्ने) व्यवस्था मिलाउनका लागि ।

९. +२ पछि ६ महिना देखि १ वर्ष सम्मको सीपमूलक तालिम सहित 'राष्ट्रिय स्वयंसेवक कोर' को अनिवार्य तालिम स्थानीय तहले उपलब्ध गराउने व्यवस्थाका लागि ।

१०. क्याम्पसमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने र राजनैतिक बंद(हड़तालबाट शैक्षिक संघ(संस्थालाई टाढा राख्नका लागि ।

११. विद्यार्थीलाई स्थानीय तहबाट न्यूनतम रोजगारी दिने वा सो दिन नसके बेरोजगार भत्ता उपलब्ध गराउने व्यवस्थाका लागि ।

१२. क्याम्पसको क्याफटेरिया, उद्यान, शौचालय र पुस्तकालय सदैव सफा र स्वच्छ राख्न व्यवस्थापन गर्ने ।

१३. अझै पनि आउटडेटेट पाठ्यक्रम पढाइ भइरहेको हुँदा समयको माग अनुसार विश्वविद्यालयका पाठ्यक्रम परिमार्जन गराउन पहल गर्ने र असान्दर्भिक विषयका ठाउँमा नयाँ विषय राख्न पहल गर्नका लागि ।

१४. कलेजमा गुणस्तरीय, प्रविधियुक्त र व्यवहारिक शिक्षा लागू गरेर रोजगारी र उत्पादनमुखी बनाउनका लागि ।

१५. कलेजमा पूर्वधार बिकासमा जोड़ दिने र सोही अनुसार केन्द्र, प्रदेश र स्थानीय तहबाट शिक्षा क्षेत्रको बजेट विनियोजन गराउन पहल गर्नका लागि ।

१६. पूर्वाधार तैयार भइसकेको ठाउँहरूमा सेमेष्टर प्रणाली लगाउने तर बिना पूर्वाधार सेमेष्टर प्रणाली विस्तारमा रोक लगाई पहिला पूर्वाधार निर्माण गर्न जोड़ दिन लगाउने ।

१७. शिक्षक र विद्यार्थीको सही अनुपात कायम गरी योग्य प्राध्यापक तथा शिक्षकहरूद्वारा पठनपाठन गराउने व्यवस्था मिलाउनका लागि ।

१८. यातायातमा विद्यार्थीलाई तराई क्षेत्रमा अझै पनि कुनै छूट उपलब्ध नगराइरहेको अवस्थामा तथा काठमाडौं उपत्यका लगायत अन्य क्षेत्रमा मधेशी विद्यार्थीहरूलाई छूटबाट वंचित गरिराखेको हुनाले सो विभेदको अन्त गरी हरेक ठाउँमा विद्यार्थीलाई यातायातमा ४५५ छूट दिलाउन पहल गर्ने ।

१९. विद्यार्थी संगठनहरूमा आबद्धताका लागि ३० वर्षको उमेर हदबन्दी लागू गराउन पहल गर्ने ।

२०. प्रादेशिक संरचना अनुरूप शिक्षा क्षेत्रमा पनि पुनर्संरचना गरी हरेक प्रदेशमा पनि परीक्षा नियन्त्रण कार्यालयदेखि लिएर ट्रान्सक्रिप्ट वितरणको व्यवस्था मिलाउन पहल गर्नका लागि ।

२१. नेपाल सरकारले विभिन्न ऐन कानून र विधेयकहरू ल्याएर संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउँदै आएकोमा उक्त अधिकारहरू सुनिश्चित गर्न संघर्ष गर्ने ।

२२. जनसंप्रभुता, लोकतन्त्र, गणतन्त्र, संघीयता, सामाजिक न्याय र समाजवादको पहरेदार बनेर जनताको सार्वभौमसत्ता सदैव कायम गर्नका लागि ।

२३. कलेजहरूमा शिक्षा शुल्क मनपरी रूपमा बढाउँदै गई शिक्षा सर्वसाधारणको पहुँचबाट बाहिर गइराखेको हुनाले शुल्क घटाई सुलभ रूपमा शिक्षा सबैको लागि उपलब्ध गराउनका लागि ।

२४. विद्यार्थी राजनीतिमा मौलाइरहेको ठेकेदारी, गुंडागर्दी र माफियातन्त्र अन्त गर्नका लागि ।

२५. विश्वविद्यालयहरूलाई 'सेन्टर फर एक्सलेन्स बनाउने', प्रत्येक प्रदेशमा एक विश्वविद्यालय र मेडिकल कलेज स्थापना गराउनका लागि ।

२६. धेरैजसो घरबेटीले विद्यार्थीहरूलाई डेरा न दिने, दिए पनि विभिन्न किसिमका यातना र मानसिक तनाव दिइराख्ने, सरसामान फालिदिने आदि गर्ने गरेको हुँदा विद्यार्थी भएकै कारणले डेरा दिन अस्वीकार गर्न न मिल्ने र विद्यार्थी डेरावालको हक, अधिकार र सुरक्षाको प्रत्याभूति हुने गरी कानूनी व्यवस्था ल्याउनका लागि ।

२७. छात्रावास, आवागमन सुविधा, साइकिल, विद्यार्थीहरूको लागि अलग बस, शैक्षिक सामग्री, पोशाक आदि दिँदै विशेष कार्यक्रमहरू ल्याई महिला तथा ग्रामीण क्षेत्रका विद्यार्थीहरूको कलेज शिक्षासम्म पहुँचलाई सहज बनाउनका लागि ।

२८. +२ सम्मको सम्पूर्ण शिक्षा गरी उच्च अध्ययन गर्न चाहनेहरूको लागि पनि न्यूनतम शुल्कमा शिक्षा आर्जन गर्ने विकल्प सदैव उपलब्ध हुने सुनिश्चितता गर्नका लागि ।

२९. हरेक व्यक्ति आर्थिक रूपले आत्मनिर्भर हुन सक्ने तथा राष्ट्रिय अर्थतन्त्र र राज्य संचालनमा योगदान दिन सक्ने खालको उपयुक्त परिमार्जित शिक्षा प्रणाली लागू गराउनका लागि। व्यवसायिक, प्राविधिक तथा व्यवहारिक जीवनमा उपयोगी हुने शिक्षालाई विशेष जोड़ दिनका लागि ।

३०. राष्ट्रिय बजेटबाट शिक्षाको लागि उपयुक्त मात्रामा प्राथमिकताका साथ लगानी छुट्ट्याउन लगाई आवश्यक शैक्षिक पूर्वाधार र भौतिक संरचनाहरूको निर्माण गर्नुका साथै आधुनिक शिक्षण सामग्री र व्यवहारिक शिक्षालाई बढावा दिने शिक्षण(कक्ष र प्रयोगशालाहरूको निर्माण आधारभूत स्तरदेखि नै गराउनका लागि ।

३१. हरेक विद्यालयमा सुरक्षित भवन, फर्निचर, बिजली, फोनरफ्याक्सरइन्टरनेट, पुस्तकालय, हरेक कक्षाकोठामा प्रोजेक्टर सहितका शैक्षिक सामग्री, अडिटोरियम, प्रयोगशाला, शौचालय, खानेपानी, क्यान्टीन, छात्रावास, प्ले ग्राउन्ड, खेलकुद सामग्री आदिको व्यवस्था गराउनका लागि ।

३२. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अनिवार्य गरिनुका साथै इ(लाइब्रेरीको स्थापना गरी ट्याबलेट, ल्यापटप, विडियो कन्फेरेन्स आदिको प्रयोग गरी शिक्षा हासिल गर्ने वातावरण बनाउनका लागि।

३३. उच्च शिक्षामा मौलिक अनुसन्धानलाई विशेष महत्त्व दिई देशमा प्रयोग हुन सक्ने र देशलाई फाइदा गर्ने खालका शोध कार्यहरूलाई मूल विषयको रूपमा लिई शिक्षा हासिल गर्ने गराउने वातावरण बनाउनका लागि ।

३४. विदेशिन बाध्य भएका झन्डै ४० लाख युवाहरू जसमध्ये अधिकांश कलेजमा हुनुपर्ने थियो तिनीहरूको शिक्षाको निरन्तरताको लागि "आउटरिच कोर्स", "एक्सटेन्सन स्कूल", "अनलाइन कोर्स" आदिको व्यवस्था गरी उनीहरूले आफ्नो कलेजको पढाइ पूरा गर्ने वातावरण बनाउनका लागि ।

३५. जनकपुर र लुम्बिनी आस्था र ज्ञानको केन्द्रको रूपमा प्राचीनकाल देखि नै रहेकोले त्यसलाई पुरातनकाल झैं पुन: "एजुकेशन हब" को रूपमा स्थापित गराउनका लागि।

३६. शिक्षण सामग्री र किताबहरूको अनुचित बढदो मूल्य वृद्धिमा नियन्त्रण गरी तथा त्यसको व्यापारमा हुने गरेको चरम मुनाफागिरीको अन्त गरी सस्तो र सुलभ दरमा समयमा नै किताब लगायतका शिक्षण सामग्रीहरू उपलब्ध गराउनका लागि।

३७. विद्यार्थीहरूको लागि स्वतस् अनिवार्य स्वास्थ्य वीमा न्यूनतम दरमा उपलब्ध गराउनका लागि ।

३८. निश्चित् क्षेत्र वा वर्गका विद्यार्थीहरू कुनै विशेष विषयमा कमजोर देखिएमा तिनीहरूको लागि विशेष थप कक्षा वा निस्शुल्क कोचिंग वा ट्यूशन संचालन गर्नका लागि ।

३९. शिक्षा क्षेत्रलाई राजनैतिक हस्तक्षेप र दलीय भागबंडाको राजनीतिबाट मुक्त राख्नका लागि ।

# कसैमा भ्रम नपरोस्



**सूर्यदेव यादव**

भनिन्छ, नेपालमा अनेकौं छल प्रपञ्च चलिरहेको बेला आमजनताबीच सत्य लेख्नु, सत्य बोल्नु, सत्य विचार राख्नु र सत्यमार्गमा अगाडि बढ्नु आफैमा परिवर्तन प्रतिको अभिमुखीकरण गर्नु हो ।" यसै वाक्यांशलाई डा. सी.के. राउतले २०७५ साल फाल्गुन २४ गते नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धन बीच ११ बुँदे सम्झौता गरेर जनमत पार्टीको झण्डामुनि शान्तिपूर्ण तरिकाले संगठन निर्माण गर्नमा जुटेका छन्, जसको आधारस्तम्भ : जनसम्प्रभुता, सामाजिक न्याय, प्रत्यक्ष लोकतन्त्र र समाजवाद रहेको छ । अब प्रश्न उठ्दछ - जनमत पार्टी नै किन ?

वर्गीय, क्षेत्रीय, जातीय, लिङ्गीय आवश्यकतालाई सामाजिक न्यायको आधारमा समतामूलक सामाज निर्माण गर्ने लक्ष्यलाई जनतासँग जोड्दै नेता, कार्यकर्ताहरू जनताबीच जानेक्रम जारी रहेका छन्, जसको एक मात्र लक्ष्य "मधेशको मुद्दालाई जनमत संग्रहमार्फत अन्तिम समाधान खोज्नु र मधेशमा देखिएका विकृति- विसंगति तथा सामाजिक कुरीतिहरूलाई अन्त गर्नु हो" जुन अन्तर्राष्ट्रिय नजिर बनिसकेका छन् । यसरी हेर्दा बेलायतभित्र स्कैटलेन्डको मुद्दामा जनमत संग्रह हुनु, क्याटलोनियाको लागि स्पेनमा जनमत संग्रह हुनु र फ्रान्समा रहेको कनक जातिहरूको भूगोलको लागि जनमत संग्रहमार्फत समस्याको समाधान खोजेर जनता राज कायम भएको, आवश्यक ऐन कानून संशोधन गरिएको इतिहास साक्षी छन् ।

स्मरणीय त के छ भन्ने ब्राम्हणवादी सोच नश्लवादी कोणबाट जहिले पनि एउटा आवाज सुनिन्छ- मधेशी जनताको चाहना के छ ? मधेशीहरूको मुद्दा के हो ? सम्बन्धित पक्षले स्पष्टसँग बुझ्नु पर्दछ कि विषय र प्रसंगले अर्को अर्थ नलागेमा समर्पणको राजनीतिले मृत्युतिर धकेलियो, जसको बदलामा ५४ जना होनहार मधेशी युवाहरू शहीद भए, कैयौं अंगभंग अवस्थामा छन् र पछिल्लो समयमा एक जना अमर शहीद स्वराजी राममनोहर यादव त्यो पनि माननीय पूर्वमंत्री उपेन्द्र यादवजीको कार्यक्रमबाट लगेर......... । परन्तु, शहीदको रगतमा ओतप्रोत हुँदै ती रगत पिपासुहरूले ५६ वटा मंत्रालयमा वहाली भए । तर शहीद परिवारको बालबच्चाहरूको अवस्था के छ ? कसैले हेर्न पनि गएन । उल्टै मधेशको मुद्दालाई भ्रमित गर्ने काम गरियो, भइरहेका पनि छन् ।

सायद, अब मधेश र मधेशी जनताले आफूलाई निरासमा राख्ने होइन, त्यो त कुनै बेला अन्तिमकाल भएर कपार (टाउको) मा ठोकिन्छ, जसलाई राज्यले थाम्न सक्ने स्थिति रहन्न । फेरि पनि सवाल उठ्दछ- के जनताराज कायम हुन सक्छ त ?

स्मरणीय त के छ भने २००७ सालदेखि आजसम्म आइपुग्दा हत्या हिंसा बाहेक अर्को विकल्पको खोजी कहीकतै कुनै कोणबाट भएन, जनता सास्तीबाहेक आशतीक हुनै सकेन, जसको कारण भ्रष्टाचार गुणोत्तरीय श्रेणीमा बृद्धि, महिला हिंसा चरण रूपमा बढोत्तरी, "स्वास्थ्य, शिक्षा, रोजगार" साधारण जनताको पहुँचभन्दा बाहिर गइसकेको अवस्था छन् । यसरी अध्ययन-मनन गर्दा नेपाली क्रान्तिको मुख्य समस्या यान्त्रिक नश्लवाद नै हो, जसलाई पूर्णरूपले उखालेर नफालेसम्म सामाजिक न्यायसहित समतामूलक समाज, प्रत्यक्ष लोकतन्त्र र समाजवादको परिकल्पना गर्नु "Don't count your chicken before they are hatched" सरह सबैले बुझ्नु पर्दछ । यद्यपि, प्रचण्डजीको समाजवादको सपना त कहाँ हो कहाँ ? अब राज्यपक्षले स्पष्ट रूपमा के बुझ्नु पर्दछ भने जनताराज कायम गर्नका लागि वर्तमान संविधानलाई संशोधन गरी आवश्यक ऐन बनाई (i) Right to recall (ii) Right to information (iii) Right to reject (खाली कोठरी), (iv) Right to ILO 169 र (v) Right to Referendum (जनमत संग्रह) लाई संवैधानिक सुनिश्चितता गर्दा मात्र जनताराजको परिकल्पना गर्न सकिन्छ, जुन जनमत पार्टीको अवधारणा हो, सबैले बुझ्नु जरूरी छ, **"पथ देखो, पथिक नही"** ।

पशुपतिनाथले सबैलाई कल्याण गरून् ।

*(लेखक, जनमत पार्टीका केन्द्रीय सूचना अधिकारी हुन् ।)*

## मधेश अपडेट

### प्रेस स्वतन्त्रता सेनानी "चाचाजी" रहेनन्



नेपालगन्ज । प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार पन्नालाल गुप्त 'चाचाजी'को निधन भएको छ । वरिष्ठ पत्रकार चाचाजीको उपचारका क्रममा ९२ वर्षको उमेरमा निधन भएको छ । उनको योगदान पत्रकारिता क्षेत्रमा मात्रै नभई पञ्चायतविरूद्धको आन्दोलन र समाजसेवामा पनि उतिकै छ । नेपालगन्ज त्रिभुवन चोक पूर्वलाइन निवासी चाचाजी प्रेस युनियन बाँकेको संस्थापक अध्यक्ष समेत हुन् । उनी किरण साप्ताहिक पत्रिकाको सम्पादक/प्रकाशक पनि थिए । चाचाजीले निरन्तर रूपमा अखबार प्रकाशन मात्र होइन, रिपोर्टिङ्गमा समेत आफै खटिएर युवा पुस्तालाई समेत उर्जा दिइरहेका थिए । सेनानी गुप्ताका छोरा, पूर्व नगरप्रमुख विजय कुमार गुप्ताले उपचारका क्रममा उनको निधन भएको मधेशवाणीलाई बताएका छन् ।

### "नेकपा-राजपाको गठबन्धनलाई स्पष्ट जनादेश"

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश नम्बर २ का अध्यक्ष प्रभु साहले नेकपा र राष्ट्रिय जनता पार्टी (राजपा) नेपालबीचको गठबन्धनलाई जनताले अनुमोदन गरेको बताएका छन् । गत बिहीबार सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचनका लागि नेकपा र राजपाले गठबन्धन बनाई संयुक्त उम्मेदवारी दिएको र गठबन्धनका सबै उम्मेदवार विजयी हुनु गठबन्धन अनुमोदित भएको र यसको निरन्तरता हुनुपर्ने स्पष्ट जनमत रहेको अध्यक्ष साहको भनाई छ । अध्यक्ष साहले भने 'हाम्रो पार्टीसँग राजपाले गठबन्धन निर्माण गर्दा एकथरीले मधेसी जनताको भावना विपरीत भएको भन्दै विरोध गरिरहेको थियो । तर गठबन्धनका चारै जना उम्मेदवारले गठबन्धनको भोट भन्दा दोबर मतले जीत निकाल्नु भनेको यो गठबन्धन सहि भएको र प्रदेश-२ को स्पष्ट जनादेश हो । यो जनादेश नेकपा र राजपा गठबन्धनको निरन्तरताको लागि पनि हो, भन्ने बुझ्न जरूरी छ ।'

### पत्रकार महासंघ पर्सामा आन्दोलनको चेतावनी

वीरगन्ज । नेपाल पत्रकार महासंघ पर्सा शाखाको सदस्यता प्रदान र शुद्धीकरणको सवालमा बर्तमान कार्यसमिति नेतृत्वको नियत र भूमिका उपर प्रश्न खडा गर्दै शाखाका सल्लाहकार एवं पूर्वअध्यक्ष अशोक तिवारीलगायतले मंगलवार एउटा पत्रकार सम्मेलन गरेका छन् । पत्रकार सम्मेलनमा बोल्दै पूर्वअध्यक्ष तिवारीले योग्यता पुगेका पत्रकारहरूले सदस्यता पाउनु पर्नेमा काखापाखा गरेर कार्यसमितिका व्यक्तिहरूले बढीभन्दा बढी मान्छे भित्र्याउने दाउमा रहेको आरोप लगाए । कार्यसमितिकै उपाध्यक्ष तथा बहुमत सदस्यहरू भएको समितिले छानबिन गरी सिफारिस गर्ने र उनीहरू नै रहेको कार्यसमितिले त्यसउपर निर्णय गर्ने कार्य सन्तुलित नहुने उनले ठोकुवा गरे । त्यस कारणले महासंघका पुर्व पदाधिकारीहरू सम्लित एउटा स्वतन्त्र, निश्पक्ष र स्वायत समितिमार्फत नयाँ सदस्यताको निरूपण र पुरानो सदस्यसूची शुद्धीकरण होस भनेर माग गरिएको छ । त्यस्तै सदस्यता शुद्धीकरणपछि नवीकरणको अन्तिम टुँगो लगाउन भनिएको छ । कार्यक्रममार्फत पत्रकार तिवारीले महासंघ पर्साको वर्तमान कार्यसमिति नसच्चिए कडा आन्दोलनमा उत्रिने चेतावनी दिए ।

### राज्यमन्त्री झाद्वारा राजीनामा

जनकपुरधाम । प्रदेश २ की भौतिक पूर्वाधार विकास राज्यमन्त्री डा.डिम्पल कुमारी झाले राजीनामा दिएकी छन् । मंगलबार राज्यमन्त्री झाले राजीनामा पत्र सार्वजनिक गर्दै 'प्रदेश सरकारमा राज्यमन्त्रीको हैसियत, पदीय मर्यादा र पदीय प्रतिष्ठा जोगाउन लामो समयदेखिको मेरो प्रयासका बाबजुद पनि स्थिति अनुकूल हुने अवस्था नरहेको राज्यमन्त्री पदबाट राजीनामा गरेको छु ।' भनेकी छन् । सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको गुनासो गर्दै आफू सरकारको अनियमितताको साक्षी बस्न नसक्ने भएकोले राजीनामा गर्न बाध्य भएको डा.झाले मधेशवाणीलाई बताइन् । उनले मुख्यमन्त्रीको कामप्रति बढी असन्तुष्ट रहेको मधेशवाणीसँगको कुराकानीमा बताइन् । बेटी बचाउ बेटी पढाउ अभियानमा नाममा पनि व्यापक अनियमितता भएको उनको गुनासो छ ।

### सवारी दुर्घटनामा दुई सय ४१ जनाको मृत्यु

रौतहट । मानवीय कमजोरीको कारण प्रदेश २ मा अन्य प्रदशको तुलनामा सवारी दुर्घटना बढ्दै गएको बताइएको छ । चालु आर्थिक वर्षको साउनदेखि पुस महिनाभित्र विभिन्न जिल्लामा भएको पांचसय २७ सवारी दुर्घटनामा परेर दुई सय ४१ जनाको मृत्यु भएको छ । प्रदेश २ का ट्राफिक प्रहरी प्रमुख एसपी श्यामकुमार महतोले दुर्घटनाहरूमा परेर सात सय ८८ जना गम्भिर घाईते भएको जानकारी दिएका छन् । दुर्घटनाहरूमा सबभन्दा बढी ट्रक, ट्र्याक्टर र मोटरसाइकल रहेको एसपी महतोले बताएका छन् । दुई सय ५४ चालकको लापरवाही, दुई सय दुई तिब्रगती, १६ ओभरलोड, १२ मापसे, आठ यात्रुको गल्ती, १६ सडक गडबडी, १० सडकको अवस्था, चार मौसमको कारण र एक चौपायाको कारण ६ महिना भित्र सो दुर्घटना भएको हो । तीव्रगतिमा चलाउने मोटरसाईकल चालकले हेल्मेट प्रयोग नगर्ने, ट्रक र ट्र्याक्टर पनि तीव्रगतिका कारण अत्यधिक दुर्घटना हुने र दुर्घटनामा परेर मृत्यु हुने तथा गम्भिर प्रकृतिको घाइते हुनेगरेको उनको भनाई छ । त्यसैगरी, मानवीय कारणमा ट्र्याक्टरको पछाडी नम्बर प्लेट नहुनु, हाल दिनभरी हस्सु लाग्नु, लागुपदार्थ सेवन, सवारी अनुमतिपत्र नहुनु, जनचेतनाको अभाव पनि दुर्घटनाको अर्को कारण रहेको एसपी महतो बताउँछन् ।

### अवधी पत्रकार संघमा यादव

इमरान खान, कपिलवस्तु । अवधी पत्रकार संघ नेपाल कपिलवस्तु शाखाको दोस्रो अधिवेशनबाट अध्यक्षमा निरहु यादव निर्वाचित भएका छन् । कपिलवस्तुको कृष्णनगरमा शनिबार सम्पन्न अधिवेशनले निरहुको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्य समिति गठन गरिएको हो । अवधी पत्रकार संघ नेपाल कपिलवस्तु शाखाको उपाध्यक्षमा प्रतिमा विश्वकर्मा, अनेक पाण्डेय, सचिवमा राम लखन जयसवाल, सहसचिव सविता गुप्ता, कोषाध्यक्ष शाहबाज खान रहेका छन् । यसैगरी, सदस्यहरूमा बृजेश यादव, धनिराम कोरी, प्रीन्स मिश्रा, महेन्द्र कुमार धोबी, कमलेश चन्द्र गुप्ता तेली निर्वाचित भएका छन् । अवधी पत्रकार संघ नेपाल कपिलवस्तु शाखाको दोस्रो जिल्ला अधिवेशनको प्रमुख अतिथि कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजत प्रताप शाह अवधी भाषा संरक्षणमा विशेष जोड दिने बताए ।

### वडाअध्यक्षसहित १६ जना पक्राउ

धनगढी । जिल्ला प्रहरी कार्यालय कैलालीले जुवा खेलिरहेको खालबाट वडा अध्यक्षसहित १६ जनालाई पक्राउ गरेको छ । धनगढी उपमहानगरपालिका-३ स्थित तिलक अधिकारीको घरमा जुवा खेलिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरूको साथबाट प्रहरीले २२ लाख ८२ हजार रूपियाँ बरामद गरेको छ ।

### आँखा अस्पताललाई २१ लाखको उपकरण

कपिलवस्तु । अमेरिकी अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हेल्पीङ्ग हेन्ड् फर रिलीफ एण्ड डेभलप्मेन्टले कपिलवस्तुको तौलिहवा स्थित आँखा अस्पताललाई २१ लाख बराबारको उपकरण सामग्री प्रदान गरेको छ । ह्युमन रिलीफ अर्गनाईजेशन नेपाल नामक संस्थाको समन्वयमा अमेरिकी अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हेल्पीङ्ग हेन्ड् फर रिलीफ एण्ड डेभलप्मेन्टले आँखा अस्पताललाई सो सामग्री हस्तान्तरण गरेको हो । संस्थाले पाँच बर्षिय परियोजना अनुसार कपिलवस्तुको तौलिहवा आखाँ अस्पतालमा २१ लाख मुल्य बराबरको उपकरण सामग्री हस्तान्तरण गरेको छ । अस्पतालमा २१ लाखको सामग्री प्रदान गरि बिपन्न र गरिबलाई उपचारका लागी सहज बातावरण बनाउने प्रयास गरिएको हेल्पीङ्ग हेन्ड् फर रिलीफ एण्ड डेभलप्मेन्टका कार्यक्रम प्रबन्धक जिव पोखेलले बताए । आफूहरूको पाँच बर्षिय परियोजना अनुसार कपिलवस्तुको तौलिहवा आँखा अस्पतालमा आफूहरूले कपिलवस्तु, काठमान्डौ र झापा गरि तीन जिल्लामा पाँच बर्षिय परियोजना अन्तर्गत गरिब, बिपन्न बालबालिकालाई सहयोग, शुद्ध खानेपानी व्यवस्थापन अन्तर्गत फल्टर जडान, दैवी प्रकोप केन्द्रित सहयोग कार्यक्रम, बिपन्नको सिप बिकास र स्वास्थ्य केन्द्रमा उपकरण र औषधी सहयोग गर्दै आएको जनाए ।

### नेपालगन्ज उवासंघमा अब्दुल

बाँके । नेपालगन्ज उद्योग बाणिज्य संघ निर्वाचनमा अब्दुल वाहिद मन्सुरी (चुन्ना) अध्यक्ष पदमा निर्वाचित भएका छन् । शनिबार सम्पन्न निर्वाचनको सार्वजनिक भएको मत गणनाको अन्तिम परिणाम अनुसार चुन्नाले निकटत्तम प्रतिद्बन्दी ललित कुमार रौनीयारलाई फराकिलो मतान्तरले पछाडी पारेका हुन् । उपाध्यक्ष पदमा उद्योग तर्फबाट आदेश कुमार अग्रवाल निर्वाचित भएका छन् भने बाणिज्य तर्फबाट अमित बस्नेत निर्वाचित भए । बस्नेत पनि पराकिलो मतान्तरसाथ विजयी भएका हुन् । निर्वाचनमा फरक प्यानल बनाएर भिडेका व्यवसायीहरूले मताधिकार भने मिश्रित परिणाम सहित पठाएका छन् ।

# अतिसहिष्णुताले अस्तित्व नै संकटमा



मनोज कुमार कर्ण

विश्व अर्थतन्त्रमा एशियाई कम्युनिष्ट देश चीनसंगै उदाईरहेको लोकतन्त्रको पर्याय भारतमाथि भने अनेकौं अवरोधहरू पार गर्नुपरिरहेको छ। भारतलाई छिमेकी मित्र पाकिस्तानसंग देश विभाजनको रीस र प्रतिघातहरू सह्ने स्वाभाविक कर्म हो। पाकिस्तानले पख्तुन कबिलाहरूले, राजा हरिसिंहले पूरा काश्मिर भारतलाई कागज नै गरेर दिएको बेला, राजाविरूद्ध आतंक मच्चाएर विभाजन भई अस्तित्वमा आईसकेको पाक सेनासंग मिलेर सम्पूर्ण काश्मिरी भागका गिलिस्टान, बाल्टिस्तान तथा पाक अधिनस्थ कश्मिर (पिओके)माथि कब्जा जमाई सकेको भागबाट सियाचीनको अर्को भाग अक्साई चाईनालाई एउटा खुराफाती षड्यन्त्र अन्तर्गत बुझायो ताकि चीन-पाक 'मित्रता' (भारतको भाग काश्मिरको लूटको धन त फूपु, चाईनालाई उपहार स्वरूप श्राद्ध उखान झैं) कायम रहोस् र भारतले भविष्यमा पाकबाट कश्मिर फिर्ता लिन खोज्यो भने स्वत: चीनसंग मिलेर भारतको सर्वनाश नै गर्ने! यस अलावा भारतलाई हतियार सम्पन्न देश तथा आउने ५ वर्षमा ५ ट्रिलियन डलरको अर्थ व्यवस्था बजेट बनाउने, स्पेशमा विभिन्न स्याटेलाइट्स उतार्ने, विश्वमा बढ्दो ताकतले जहाँ हिजो भारतीय प्रधानमन्त्रीहरू अन्य देशको प्रमुख सामु उ बस्दा उभ्ने अवस्था थियो, त्यहाँ आज भारतले बस्ने, हाथमाथि हाथ राखेर मित्रताको ताली ठोक्ने र विश्वमा बढ्दो ईरान-अमेरिका जस्तो जुनसुकै तनावग्रस्त क्षेत्रमा शान्तिकोलागि मध्यस्थताको भूमिका युएनओकै हैसियतमा खेल्ने स्टाटस बनाएकोले पनि धेरै ईर्ष्यालु तथा कपटी प्रतिस्पर्धी देशहरूसंग दृश्य, अदृश्य अवरोधहरू झेल्नुपरेको छ। प्रतिस्पर्धीहरू स्वच्छभएर यस्तै मानवप्रगति कार्यमा तथा शान्ति स्थापना कार्यमा लागेको भए राम्रै हुन्थ्यो तर जहाँ भारतमाथि उल्लेखित मानवहीत वा भारतको प्रगतिका कार्यमा सन् १९४६ को आजादीपछि आफ्नो समय लगायो, त्यहीं पाकिस्तानले, भारतीय पूर्व विदेशमन्त्री दिवंगत सुष्मा स्वराजको भाषामा, लश्कर-ए-तईबा, हिज्बुल मुजाहिद्दीन, जैश-ऐ-मुहम्मद जस्ता अनेकौं आतंकी समूह तयार गरेर देशका भविष्य युवालाई बिगार्दै विदेशबाट ल्याएको विकासको रकम डलरलाई पनि त्यसमा 'लगानी' गरे! यस लेखमा संक्षिप्तरूपमा भारतले अन्य फैक्टरले विश्वमा 'भारतको लिबरल झण्डै सेक्युलर हिन्दूत्व'को अस्तित्व नै समाप्त पार्ने तत्वसंग निरन्तर जुध्दै कसरी नजिककै पाकिस्तानको चीन, नेपाल तथा भारतमै उसको पाक-चीन नेक्ससले भारत घायल छ, त्यसलाई स्पष्ट पार्नु हो भने यस अंकमा केवल पाक-चीनको भारतीय नागरिककै नेक्सस उल्लेख छ।

**भारतविरोधी शत्रुसंग भारतीय कनेक्सन**

भारतको हिन्दू सहिष्णुता तथा बीजेपी र उसको नेशनल जनतांत्रिक गठबंधन (एनडीए)का प्राय: पार्टीहरूको अन्य धर्मावलम्बीहरूलाईपनि साथमै लिएर प्रम नरेन्द्र मोदीको नारा 'सबका साथ, सबका विश्वास र सबका विकास'को नारा अन्तर्गत एक्काईशौं शताब्दीको 'मेक-ईन-ईण्डिया'को बृहत्तर योजनाको भारतीय चित्रणले गर्दा विपक्षी दल खासगरि कंग्रेस आई, वामपन्थीहरू, काश्मिरका अब्दुल्लाह परिवार तथा महबूवा मुफ्तिका पार्टीहरू, विहारका लालू यादबको आरजेडी, युपीका अखिलेश यादबको समाजवादी पार्टी, त्यहींका मायावतीकी बहुजन समाजवादी पार्टी, हैदरावादका हजूरबुवा हिन्दूबाट मुस्लिम बनेका र अब हिन्दू, हिन्दूका मन्दिर आदि देख्नै नसक्ने तर वकिलभएकाले धेरै सम्हलेर मिडियामा आगो नै ओकल्ने एआईआईएएमका चीफ असुदुद्दीन ओवैसी जस्ता अन्य क्षेत्रीय दलपतिहरू दिन प्रति दिन आफूहरूको धमिलो पानीमा माछा मार्ने प्रवृत्तिको राजनीतिले प्रगतीवादी तथा विकासवादी एनडीए गठबन्धनले उदांगो पारिदिएको परिवेशमा अजेण्डाविहिन भएर बिजेपीलाई नयाँ अजेण्डा तय गरेर परास्त गर्न सोच्नु अघि नै अर्को बज्रपात हरेक क्षण बिजेपीका सत्कार्यले परिरहेको देखेर हायलकायल भएका छन्। बिजेपी तथा एनडिए लिबरल हिन्दू वा पूर्ण धर्मनिरपेक्ष रहेको बलियो प्रमाण बोलीमा नभई कानूनी व्यवहारमै नयाँ कानून सिएए अन्तर्गत भारतका कोहिपनि मुस्लिम वा जो कोही नागरिकलाई केहि नगरी पाकिस्तान, अफ्गानिस्ता र बंगलादेशबाट माइनोरिटिमा परि धार्मिक उत्पीडीत शरणार्थी हिन्दू, फारसी, जैन, शिख, बौद्ध र ईसाईलाई नागरिकता दिने व्यवस्था कांग्रेस पार्टी कै सन् २००३ तिर को मागलाई पूरा गरेको बाट देखिन्छ। जहाँ बिजेपी देशभक्तिको पराकाष्ठामा विकासमार्फत् महान् आफ्नो जायज पीओकेसहितको भारत बनाउन तयार छ, त्यहीं विपक्षी कंग्रेसलगायतहरूले भएकै भारतको वजूद (अस्तित्व मेट्न) हिजो कसरी कुन विदेशी चीन-पाकसंग कनेक्सन गरेका थिए, त्यसलाई 'सम्हाल्दै'मा परेशान छन्।

यो आरोप भारतीय विपक्षीदलमाथि होइन किनकि भारतीय सेना जब-जब पाकिस्तान समर्थित आतंकीबाट भारतीय सुरक्षाबेस वा जनतामा आक्रमण गरेका छन् कम्तिमा मोदीराजमा, भारतीय सेनाले आजसम्म युपीएको सरकारमा गर्न नपाएको खुला कार्वाहीहरू सर्जिकल तथा एयर स्ट्राईकहरू गर्दा विपक्षीहरूले केहि दिन सेनालाई सपोर्ट गरेको नाटक जस्तो गरेर फेरी फेक अर्थात् गल्ति दाबी गरेको भनेर अपमान र प्रश्न उठाएका छन्। जबकि पाक प्रम ईमरान खान नियाजी, उसका सैन्य चीफ वाजवा र विदेशमंत्री कुरैसी लाश गन्ति गर्छन् र भारतसित बदलालिने बयान दिईरहेका हुन्छन्! यति मात्र हैन कि भारतभित्र सरकार तथा सेनाको कार्वाहीमाथि यति भ्रमात्मक तथा प्रो-पाक बयानबाजी खासगरि कंग्रेस तथा माथि उल्लेखित युपीएसंलग्न दलका नेताहरूले गर्छन् कि उसको दुश्मन पाकले ती मिडिया बाईट तथा ट्वीटरहरूलाई एकत्रित राखेर पाकको सदन तथा युएनओमा लिखित दस्तावेज नै तयार पारेर बोल्छन्। भारतीय सेना जम्मू-काश्मिरमा बाटोमा हिंड्दा अति संयमितलाई प्रदर्शनकारी जनताले थप्परले मारेको देखिन्छ र ती भारतविरोधी नेताहरूले खुच्चिङ गर्छन् भने आत्मरक्षामा जब सेना अर्को बेला आफू घेरिएको पत्थरबाजको तीनै मान्छेको भीडबाट निस्कन ईजरायली पुरानो मोडल अनुसार कसैलाई जीपको अगाडी बाँधेर निस्कन्छन्, अनि ती नेताहरू मिडियामा त्यस 'देशभक्त' नागरिकको तर्फबाट 'मानवाधिकार'को वकालत गर्छन्। तीनै पत्थरबाजहरू आतंकीहरू सेनाद्वारा कुनै घरमा घेरिएको सूचना पाएर पत्थराव गरेर कभर दिन थाल्छन् र त्यहीं सेनाले घरभित्रबाट फायरको पनि सामना गरिरहेको हुन्छ अनि बल्ल बुलेट प्रुफ ज्याकेट मोदी सरकारमा पाएकोलाई लगाएर केवल अश्रु वा प्यालेट्ट गन पत्थरबाजहरूमाथि चलाउंछन्, तब सेनाको पक्षमा कोहि बोल्दैनन् र उल्टै प्यालेट्ट गन चलाएको भनी कंग्रेसका विपक्षी नेता मणिशंकर अईयर जस्ताले सेनापतिलाई 'सडकका गुण्डा' भन्छन् भने त्यही सेना केहि डिजाईनर पत्रकारको आलोचनापनि खेप्छन्। के विपक्षी दल तथा उसका केही डिजाईनर पत्रकारको नाममा सेनाको व्यवसायीक कार्यमा गरिने यस्ता हर्कतहरूलाई लोकतन्त्र तथा मानवाधिकारको नाममा सह्न सकिन्छ? के लोकतन्त्र र मानवाधिकार जस्ता कुराहरू भारतविरोधी प्रदर्शनकारी, विपक्षी केही नेता र डिजाईनर पत्रकार मात्रको हुन्छन् कि सुरक्षाबलको पनि कार्यस्थलमा हुन्छ? विपक्षी दलको कार्य स्वस्थ्य राजनीतिमार्फत् देश र जनताको विकास हो कि शत्रु देशसंग मिलेर सेनाको कार्यमा हस्तक्षेप गरि भारत समाप्त पार्नु हो?

जब अंग्रेज कमजोरभएर भारतलाई सन् १९४६ मा आजाद गरिदिए तर पाकिस्तानपनि जन्माई दिए, त्यस बखत भारतीय मुस्लिम लीगका मुसलमान जसको ईच्छा नै भारतको अस्तित्व समाप्त पार्ने थियो तर मुसलमानको लागि पाकिस्तान बनेको देशमा जानि जानि गएनन्, तीनीहरू रेजिड्यूको रूपमा आजपनि रहेर भारतविरोधी गतिविधि गरिरहेका छन् जसको नवरूप हैदरावादका असुदुद्दीन ओवैसी, जम्मू-काश्मिरका फारूक तथा छोरा ओमर अब्दुल्लाह र महबूवा मुफ्तिका पार्टी र समर्थकहरू छन् भने लीगको भारत टुक्रयाउने विचारधाराका मुस्लिमहरू भारतभरि नै सबभन्दा बढी कंग्रेसमा अनि लालु तथा अखिलेश यादबका पार्टीहरूमा छन् जसकारणले विहार र यताका राज्यहरूमा पनि 'पाकिस्तान जिन्दावाद'को नारा सुनिन्छ भने पाकको आईएसआईका एजेन्ट वा आतंकीहरू यिनीहरूकोमा नेपालभएर पसेर शरणपनि लिएर फर्दर प्लान भारतविरूद्ध रच्छन्। लीगवालाहरू ईस्लामी कट्टर कानुन तथा त्यसको मनलाग्दी अपव्याख्या अनुसार गैरमुस्लिम प्राय: भारतका हिन्दूको महिलालाई दुष्कर्म गरेर हत्या गर्न 'धर्म' ठान्छन् र भारतीय कानुनले जब त्यसलाई बलात्कार र हत्या भनी फांसी वा त्यसतै आई परे मुठभेडमा ईन्काउन्टर गर्छ अनि ओवैसी जस्ता नेताले उल्टै सुरक्षाबलमाथि कोर्टमा मुद्दाहाली छानविनको माग गर्छन् जबकि ईन्काउन्टर अघिसम्म सारा देश दुष्कर्मीहरू विरूद्ध देश बाल्दा यिनी चूप लाग्छन्, जस्तै भर्खरै करिब २ महिना अघि हैदरावादको तेलंगनामा भारतीय भेटेरिनरी हिन्दू डाक्टर प्रियंका रेड्डीलाई पहिला ४ जना मुसलमान केटाहरूले सुनसानमा स्कूटी किला फालेर पंक्चर गरिदिए र जब उनी अन्जानभई सहयोग मागीन् अनि बलात्कार गरि पेट्रोल छर्केर जलाए अनि ३६ किमि पर लगेर फालेको घट्नामा ओवैसीको शंकास्पद हर्कतहरू! २६/११ का भारतमाथि पाक आतंकी हमलावरलाई भारतीय कानुनले फाँसी दिंदा यीनीहरू सर्वोच्च अदालतमा वकालत गरे र हारेपछि 'हत्या' देखे र खुलेर भारतकै विरोध पाकको लयमा जनाए! यी लीगवालाहरू जानीजानी जनसंख्या नियन्त्रण गर्न भनी सरकारलाई सघाउन परिवार नियोजन नगराउने र देशमा २ प्रतिशत जनसंख्या आफ्नो हुन्जेल चूपलगाएर बस्ने तर जब १६ प्रतिशत बढ्ने अनि हिन्दू र भारतविरूद्ध जेहाद छेडीकन मुस्लिममय विश्वव्यापी 'थीम'मा चल्छन्। यसको विपरीतमा भारतमा मुसलमानको ठूलो जनसंख्या छ जो लीगको विचारमा छैनन् र आजाद धर्मनिरपेक्ष हिन्दूको लागि भएपनि हिन्दूस्थानमा रह्न आतंकबाट पर रहेर अति खुशी र भाग्यमान आफूलाई ठान्छन्। यी मुसलमानहरू ओवैसी, लालू, अखिलेश, सोनिया, अब्दुल्लाह तथा मुफ्तिका मुसलमानका भारतविरोधी कृयाकलापले आजित छन् भने बीजेपी वा अन्य शान्त दललाई सपोर्ट गर्छन् र भारतीय कानुन तथा नीतिहरूको स्वागत गर्छन्।

यसै ढर्रामा आधारित कंग्रेस तथा विपक्षको सरकारले ल्याएका नयाँ कानुनहरू एनआरसी (नेशनल रेजिडेन्ट रजिष्ट्रेशन सर्टिफिकेट) र सिएए (सिटिजन एमेन्डमेन्ट ऐक्ट) माथि हाल गरिरहेका विरोध हो। यी विपक्षले बिजेपी सरकारलाई घेर्न कुनै तर्क, प्रमाण वा खोट भारतीय नागरिकबारे यी कानुनमा नभेटिएर आफ्नै तत्कालीन प्रम राजीव गान्धिले सन् १९८५ को अगस्त १५ तारिखमा गरेका एनआरसीबारे असम सम्झौता तथा प्रम मनमोहन सिंहले बंगलादेशमा रहेका हिन्दू अल्पसंख्यकको लागि भारतमा शरणार्थीको रूपमा आएकालाई नागरिकता दिने आजको सिएएबारे चर्चा नगरिकन जनतामा भ्रम फैलाईरहेका छन्, कतिपयलाई मृत्युवरण गराई दिए भने देशमा यी कानुनको विरोधमा एक राज्यबाट अर्को राज्यमा सुरक्षाबलमाथि पत्थराव गर्न तथा सरकारी सम्पत्ति तोडफोड गर्न दिनको रू ५०० ज्याला दिएर लगेका छन् जहाँ कम्तिमा १९ जनाले ज्यानपनि गुमाए भने सिसिटिभिका फुटेज अनुसार कोहि ५०० रूपैयाँका 'कामदार'स्वयंले सरकारी वा जनताको सम्पत्ति तोड्ने वा जलाउनेको भर्पाई उ एक्लैले सात लाख वा बढीको घरघडेरी बेचेर भरिरहेका छन्। यसैमा भारतभरी करिब सातसय (७००) युनिवर्सिटि रहेका मध्ये विपक्षीद्वारा नराम्ररी मुछिएको शैक्षिक संस्थाहरू प्रमुखरूपमा दिल्लीको जवाहरलाल नेहरू युनिवर्सिटि (जेएनयु), जामिया ईस्लामिया तथा अलिगढ मुस्लिम युनिवर्सिटिहरू छन्।

जेएनयु आज यी विपक्षी दलको राजनीति जोगाईदिन 'टूल'को रूपमा लामो प्रयोगभएर पछिल्लो पटक एउटा रणमैदानमा गत ५ जनवरीमा परिणतभएको हो जुन दिन साँझ करिब साढे चार बजे युनिवर्सिटि क्याम्पस बाहिरबाट र त्यहींकै विद्यार्थीहरूपनि अचानक मास्कलगाएर रड, हथौडा, डण्डासहित पसेर व्यापक तोडफोड र कूटपीट एकअर्कालाई गरेका छन्। जेएनयुमा करिब ४० प्रतिशत गरिब विद्यार्थी पढ्छन्, त्यहाँका विद्यार्थी सरकारबाट सबसिडि अन्तर्गत वर्षको करिब ३ लाख ४० हजार प्रति विद्यार्थी स्कलरशीप खान्छन् भने अति महंगो खाना र एसीमा त्यहीं होस्टेलमा बस्छन्। भर्खर गत १३ तारिखमा आएको ईन्डियन ईकोनोमिक्स (आईइसी)को नतिजामा ३२ मध्ये जेएनयुका विद्यार्थी एक्लैले १८ जनाले नाम निकालेका छन्। अत: हिजोको सेन्टर अफ ऐक्सेलेन्स तथा करिब १०६१ एकडमा दिल्लीको बीच मुटुमा करिब १ लाख करोड रूपैयाँको बजारभाउ रहेको जेएनयु (भारतको वर्तमान शिक्षा बजेटपनि यसभन्दा कम छ, केवल ९४ हजार करोड रूपैयाँ!)आज कंग्रेस तथा वामपन्थि क्याडर उत्पादन गर्ने फैक्ट्रीको रूपमा बदनामित छ! सिएए तथा एनआरसी कानुनको विरोधमा विपक्षका प्राय: मिडियामा देखिएका राहुल गान्धि, सीताराम येंचुरी, वृन्दा करात, जेएनयुका पूर्व विद्यार्थी वाम अध्यक्षद्वय कन्हैया कुमार र गीता कुमारी, आप पार्टीका नेताहरू लगायत सबै पुगिसकेका छन् र बीजेपी सरकारलाई हरसम्भव जायज-नाजायज तरकीब निकालेर कहिले फिस बढाईएको त कहिले नयाँ कानुनको विरोध गर्न उनीहरूको पढाईबाहेक अन्यत्र ध्यान तानेर आगोमा होमिदिएका छन्। देशमा सयकडौं युनिवर्सिटिमध्ये केवल औंलामा गन्ति गरिने ४-५ वटामा मात्र किन सधैं अस्तव्यस्तता? यो हो टड्कारो प्रश्न आज त्यहाँको। जेएनयुका लेफ्ट्बाट जीतेकी विद्यार्थी युनियन अध्यक्ष आयशा घोषपनि गत ५ जनवरीको घट्नामा अन्यसंगै घायल छिन् तर उनीसंगै बीजेपीको विद्यार्थी संगठन एबीभीपीका पनि धेरै घायल छन् भने घोषहरूलाई घट्ना अघि अन्य विद्यार्थीले राजनीतिले गर्दा सिमेष्टरको जाँचको लागि रजिष्ट्रेसन फाराम सामान्य तरिकाले भर्न नपाउंदा युनिवर्सिटि प्रशासनले औनलाईन माग्दा समूहमा मास्कलगाएर सर्भर डाउन गरेको तथा ५ जनवरीको घट्नामा एउटा ग्रुपको नेतृत्व गरेको आरोपमा दिल्ली प्रहरीले मुद्दा दायर गरेको छ भने अनुसन्धान अन्यको हकमा जारी नै छ।

गत १३ जनवरीकै दिन जामिया ईस्लामियाका विद्यार्थीहरूले पनि गत डिसेम्बरको अन्तिमतिर नयाँ कानुनहरूको विरोध हिंसात्मक पत्थराव प्रहरीमाथि ज्यानै लिने जस्तो गर्दा परिसरभित्र प्रहरी पसेर लाठीचार्ज गर्दा विश्वविद्यालय थप्प पारेकामा भिसिले उनिहरूको सबै माग सामुमै आएर मानेपनि त्यहाँका विद्याथीहरूले अब 'फीस बढोत्तरी समाधान भयो र पनि, जबसम्म नयाँ कानुनहरू सरकारले फिर्ता लिंदैनन्, हामीले परिक्षापनि नदिने र कक्षा लाग्नै नदिने' हरेक टिभिहरूमा बताईरहेका थिए! जेएनयु, जामिया, अलिगढ युनिवर्सिटिज्मा खुलैर 'भारत तेरे टुकडे होंगे! पाकिस्तान जिन्दावाद! हम छिन कर लेंगे आजादी!' जस्ता नारा लाग्छन्! अंग्रेज त सन् १९४६ मै गईसक्यो, अब कससंग कस्तो आजादी चाहियो? यसप्रकार यिनीहरूको मुस्लिम लीगवाला भारत र साँच्चिकै अर्थको लिबरल हिन्दूत्वलाई जसरीपनि नामेटपारी पाक-चीनको आधिपत्य भारत र हिन्दूमाथि गराईदिने जसमा बीजेपी, एनडीए र अर्का उदार देशभक्त भारतीय मुस्लिमलाई यिनीहरूले बाटाका रोडा ठान्छन्!

**उपसंहार**

जेएनयु जस्तो सेन्टर अफ एक्सिलेन्स अब सेन्टर अफ वार अथवा पोलिटिक्समा परिणत हुनुभएन जसको बाछिट्टा न केवल भारतकै अन्य विश्वविद्यालयमा परिरहेका छन्, अपितु नेपाल, पाकिस्तानलगायतमा पनि परिरहेका छन् अर्थात् यहाँका विद्यार्थीहरूपनि पढाई कम तर राजनीति बढी गरिरहेका छन्। विद्यार्थीहरू कसैको पनि राजनीतिको मोहडा बन्नु हुँदैन र आफ्नो उद्देश्य पढाई र शैक्षिक जायज तात्कालीन् माग हो बुझेर देशकै सरकारको समानान्तरमा ओर्लनुभएन। भारतको बीजेपी-एनडिए सरकारलाई आजाद भारतपछिको स्वतन्त्र स्पिरिटको भव्य हिन्दूस्थान बन्न नदिन उनीहरूकको विरूद्धमा वामपन्थि कनेक्सनमा जानीजानी जेएनयुका प्रोडक्टहरूले यहाँ नेपालका विभिन्न कथित् राष्ट्रिय दैनिकहरूमा बकायदा लेखहरू लेखेर फाँसीवादी सावित गर्न लागिपरेका छन् जुन ईतिहास नबुझेर कलुषित मनसायले लिखिएका भारतविरूद्धकै षड्यन्त्रको रूपमा, नेपाल पञ्चशीलको सिद्धान्तमा चल्नुपर्छ मान्नेहरूले, लिन्छन्। यसले नेपालका ती लेखक तथा उनीहरूलाई स्थान दिने मिडिया र जमात्हरू सेक्युलर भारतको नभई भारतविरोधी ताकतको रूपमा परिभाषित गरिदिएको छ। नेपाल सरकारले हामी केहि लेखकले काउन्टरमा दिएको लेखले पनि कम्तिमा ती लेखकहरू नेपालका 'स्थापित लेखक स्थापित दैनिक र साप्ताहिक'मा छाएकाहरूलाई बेलैमा लगाम् नलगाए भोली जसलाई यी हर्कत्हरूले असर परिरहेको छ, यदि त्यो देश र उसको जनता र सेनाले समग्रमा नेपालविरूद्ध नै के गर्लान् भनी बेलैमा सोच्नु अपरिहार्य देखिन्छ। अस्तु

**(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)**

## संक्षिप्त समाचार

### प्रतिष्ठानलाई एम्बुलेन्स प्रदान

काठमाडौं। भारतले आफ्नो ७१ औं गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न संघ/संस्थालाई एम्बुलेन्स र बस प्रदान गरेको छ। काठमाडौंस्थित् भारतीय दूतावासमा आयोजित कार्यक्रममा विभिन्न जिल्लाका अस्पताल, परोपकारी संघ संस्था र शैक्षिक संस्थाहरूलाई ३० वटा एम्बुलेन्स र ६ वटा बस प्रदान गरिएको हो। दुतावासले धनकुटा खाल्सा छिन्ताङ सहिद भूमी गाउँपालिकामा सञ्चालन गर्नको लागि एम्बुलेन्स प्रदान गरिएको हो। सुर्यबहादुर थापा प्रतिष्ठानको नाममा निर्देशक सिद्धार्थ थापाले दुतावासबाट एम्बुलेन्सको साँचो बुझेका थिए।

### स्वागत समारोहमा उपराष्ट्रपति

काठमाडौं। भारतको ७१ औं गणतन्त्र दिवसका अवसरमा भारतीय राजदूतावासमा आयोजित स्वागत समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन सहभागी भएका छन्। कार्यवाहक राजदूत अजयकुमारले आयोजना गर्नुभएको उक्त समारोहमा मन्त्रिपरिषद्का सदस्य, पूर्वप्रधानमन्त्री, सांसद, पूर्वमन्त्री, संवैधानिक अङ्गका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका वरिष्ठ अधिकृत, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख, उद्योगपति, व्यापारी, समाजसेवी, कामको सिलसिलामा काठमाडौंमा रहेका भारतीय नागरिक र वरिष्ठ सञ्चारकर्मीहरूको उपस्थिति थियो।

### कृष्णनगर सीमा नाकाको निरीक्षण

अजय मिश्र, कपिलवस्तु। सशस्त्र प्रहरी बल कृष्णनगर ३९ नं का गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक सुशील कुमार शाहीले कृष्णनगर सीमा नाकाको निरीक्षण गरेका छन्। डीयसपी शाही आफै कृष्णनगर सीमा नाकामा दौडिन थालेका हुन्। कृष्णनगरको पिलर नं ६८,६९ मा अपराध, तस्करी चोरी निकासी बढेकोले नियन्त्रण सम्बन्धमा निरीक्षण गरेका हुन्। पिलरको रेखदेख गर्दै थप सशस्त्र प्रहरी राखेर निगरानी बढाउँछु भन्दै कृष्णनगर सीमानाकामा थप सशस्त्र जवान थपेका छन्। कृष्णनगरको दसगजा क्षेत्रको निरीक्षण गर्दै सो क्षेत्रका नाकाहरूमा चेकजाँचमा चुस्ती देखाउने सशस्त्र प्रहरी जवानहरूलाई निर्देशन समेत दिएका छन्।

### रौतहटमा गोली हानाहान

रूपेन्द्र पटेल, रौतहट। प्रहरी र अपराधिक समूहबीच गोली हानाहान भएको छ। एक आपराधिक समूहबीच रौतहटमा गोली हानाहान हुंदा आपराधिक समूहका १ जना गोली लागेर घाइते भएका छन्। जिल्लाको इशनाथ नगरपालिका-१ स्थित बकैया नदीको बाँधनजिकै मंगलबार राति १२:३० बजे प्रहरी र आपराधिक समूहबीच गोली हानाहान भएको हो। घटनामा प्रहरीको गोली लागेर आपराधिक समूहका २० वर्षीय चाद अली घाइते भएको जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी रबीराज खड्काले बताएका छन्। अपराधिक समूह भारत हुँदै नेपाल प्रवेश गर्न लागेको सूचना पाएपछि प्रहरी टोली नेपाल-भारत सिमानामा पुगेको थियो।

### सीमामा संयुक्त सर्भे टोली परिचालित

कैलाली। नेपाल र भारतको संयुक्त सर्भे टोलीले कैलाली र कञ्चनपुरको सीमा विवाद समाधानका लागि परिचालित भएको छ। भारतको उत्तराखण्ड राज्यको बनबासामा दुवै देशका सुरक्षा र सीमा अधिकारीको बैठकले संयुक्त सीमा सर्भे आरम्भ गरेको थियो। दुई वर्षदेखि कैलाली, कञ्चनपुर, बैतडी, दार्चुला र डडेल्धुराको सिमाना मात्रै हेर्ने गरी चौथो संयुक्त सीमा सर्भे टोली गठन हुँदै आएको छ। दुवै टोलीलाई नयाँ पिलर निर्माण, भत्किएका पिलर मर्मत र सीमा विवाद भएका स्थानको रेकी गर्ने जिम्मेवारी छ। जोर नम्बरका पिलर भारतले र बिजोर पिलर नेपालले मर्मत गर्नुपर्ने कार्यादेश छ।

### राजदूतमा तरणजीत सिंह नियुक्त

काठमाडौं। अमेरिकाका लागि भारतीय राजदूतमा तरणजीत सिंह सान्धु नियुक्त भएका छन्। भारतको विदेश मामिला मन्त्रालयले एक विज्ञप्ती जारी गर्दै तरणजीत सिंहलाई अमेरिकी राजदूत नियुक्त गरेको जानकारी दिएको हो। हालसम्म तरणजीत सिंह श्रीलंकामा भारतीय उच्च आयुक्तको रूपमा कार्यरत थिए। यसैबीच भारतको विदेश सचिव विजय गोखले मंगलबारदेखि सेवानिवृत्त भएका छन्। भारतीय विदेशमन्त्री एस जयशंकरले ट्वीट गर्दै विजय गोखलेलाई भारतीय कुटनीतिमा अतुलनीय योगदान दिएकोमा धन्यवाद दिएका छन्।

### तीन ट्रक जुध्दा तीन जनाको मृत्यु

रूपन्देही। रूपन्देहीमा तीन वटा ट्रक एक आपसमा जुध्दा तीन जनाको ज्यान गएको छ। रोहिणी गाउँपालिका-४ सुईलिहवास्थित सडकमा लु.१ ख ६७४५ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको ना.२ ख ८४८१ नम्बरको ट्रक र ना.५ ख ७८५६ नम्बरको ट्रक एक आपसमा ठोकिएको थियो। मंगलबार बिहान दुर्घटनामा गम्भीर घाइते भएका ना.२ ख ८४८१ नम्बरको ट्रकको चालक सुनसरी चतरा बस्ने ३५ वर्षीय पूर्ण बहादुर भुजेल लगायत ३ जनाको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते भएका अन्य ८ जनाको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

### पीडितहरूलाई क्लोथ बैंकको सहयोग

जनकपुरधाम। असहाय, विपन्न तथा पीडितहरूका लागि क्लोथ बैंक धनुषा सहारा बन्दै गइरहेको छ। क्लोथ बैंक धनुषाले विपन्न तथा असहायहरूका लागि नि:शुल्करूपमा कपडा उपलब्ध गराउँदै आएको छ। यसै क्रममा जनकपुरधाम उपमहानगरपालिका-१२ की रेखा मंडललाई एक थान कम्बल सहयोग गरेको छ। आगलागीका कारण रेखाको घरमा भएका लत्ताकपडा जलेको थियो। जाडोबाट जोगिन क्लोथ बैंकले कम्बल वितरण गरेको हो। यस्तै, जनकपुरधाम उपमहानगरपालिका-१६ की रिना यादवलाई एक थान कम्बल र तीन जना बच्चाका लागि कपडा प्रदान गरेको हो। रिनाको घरमा सम्पूर्ण सामानहरू चोरी भएको थियो। यसैगरी, लक्ष्मी कापरको श्रीमतीलाई पनि कम्बल १ थान क्लोथ बैंककी पदाधिकारी सोनी झाले सहयोग हस्तान्तरण गरेकी छन्।

### विप्लव समूहका सेक्रेटरीसहित दुई पक्राउ

रौतहट। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीको रौतहट जिल्ला सेक्रेटरीसहित दुईजना पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटले मंगलबार बिहान उनीहरूलाई पक्राउ गरेको जनाइएको छ। पक्राउ पर्नेमा जिल्ला सेक्रेटरी सिर्जना शाही र जिल्ला समिति सदस्य दुर्गा बल रहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक हेमबहादुर शाहीले जानकारी दिए। उनीहरूलाई चन्द्रपुर नगरपालिका-३ इपिलघारीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# मात्र १ रूपैयाँले राष्ट्र बनाउने राष्ट्रव्यापी अभियान घोषणा

काठमाडौं। 'म मेरो राष्ट्र बनाउँछु मात्र १ रूपैयाँले' राष्ट्रव्यापी अभियान घोषणा भएको छ। हाम्रो नेपाल राष्ट्रव्यापी अभियानले बुधबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन गरी 'म मेरो राष्ट्र बनाउँछु मात्र १ रूपैयाँले' राष्ट्रव्यापी अभियान घोषणा गरिएको छ। पत्रकार सम्मेलनमा सम्बोधन गर्दै अभियन्ता नरेन्द्र देउजाले विदेशीको अनुदानभन्दा सबा तीन करोड नेपाली आफैले मात्र एक रूपैयाँ दिएर आफ्नो देश बनाउन सकिने बताएका छन्। अमेरिका सरकारको एमसीसी योजनाको कडारूपमा विरोध गर्दै देउजाले नेपालमा विदेशीहरूको चलखेल बढिरहेकोले देशलाई विखण्डनतिर लग्न लागेको आशंका व्यक्त गरेका छन्। उनले नेपाली आफैले मुलुक समृद्ध बनाउन सक्ने दाबी गरेका छन्।

मुलुकमा व्याप्त भ्रष्टाचार, महँगी, कालोबजारी, बेरोजगारी र राजनीतिक दलहरूको खिचातानीका कारण देश झन् गरीब हुँदै गरेको आरोप लगाएका छन्। उनले सबा तीन करोड नेपालीले यदि एक-एक रूपैयाँ मात्र दिए नेपाल समृद्ध हुने बताएका छन्। यसैगरी, पत्रकार सम्मेलनमा अभियन्ता भैरव बहादुर कार्कीले भने, 'तपाइँहरूलाई आश्चर्य र हाँसो लाग्यो होला एक रूपैयाँले देश बनाउँछु भनेको सुन्दा तर आश्चर्य नमान्नुस् है।' उनले सबा तीन करोड नेपाललाई राष्ट्र बनाउने संकल्प गराउने दाबीसमेत गरेका छन्।

उनले भने 'हाम्रा नेपाली दाजुभाई तथा दिदीबहिनीहरूको मात्र एक रूपैयाँको खाँचो छ र अवश्य मेरो राष्ट्र बनाउँछु मात्र एक रूपैयाँले।' उनले अभियानको मुख्य लक्ष्य भनेको मुख्य शत्रुको रूपमा विद्यमान रहेका गरिबी, अशिक्षा, अस्वस्थता, बेरोजगारी र महामारीको रूपमा बढ्दै गएको भ्रष्टाचारको उन्मूलन नै रहेको बताए। 'यस अभियानमार्फत् म मेरो राष्ट्र बनाउँछु मात्र एक रूपैयाँले भन्ने अभियानमा नेपाल आमाको माटो छोएर कसम खाँदै अगाडि बढौं त कसरी बन्दैन हाम्रो राष्ट्र तर त्यसका लागि दृढ संकल्प लिएर इमान्दारिता, नैतिकता र अनुशासित भई सोच, सोध र खोजको शत्रुलाई अवलम्बन गर्दै अगाडि बढ्नुपर्छ।' पत्रकार सम्मेलनमा जारी गरिएको विज्ञप्तिमा भनिएको छ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

## मलहम

-डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# खानेपानीसँगै मन्द विष पिउँदैछन् तराईबासी

अहिले विश्व राजनीतिको एउटा बिषय पानी पनि हुने गरेको छ । नेपालले त्यस स्तरबाट केही सोच्न र गर्न त भ्याएको छैन । नेपालसँग भएकै खानेपानीको उचित रूपमा व्यवस्थापन हुन नसकेको कुरा जग जाहेर छ । यहाँ पहाडका नागरीकहरूलाई भगौतिक विकटताका कारण आधारभुत खानेपानी पुर्याउन कठिन भईरहेको छ । तराईका जनतासँग खानेपानिको उपल्बधता त छ तर उपल्बध पानी पिउने लायकको छैन । तराईका अधिकाँस ह्येयान्डपम्प जाँच गर्दा अधिकांशमा अधिक अधिक आर्सेनिक भेटिएको छ । यसरी आर्सेनिक युत्त पानी कुनै पनि हिसाबले शरीरमा प्रवेश गराउन हुन्न । आर्सेनिक बिष हो । आर्सेनिकले शरीरमा घातक रोगहरू सजिलै निम्त्याउछ । क्यानसर, किडनी रोगहरू, छालाहरू, तराईका जनतामा बढ्दै जानुमा पानी प्रमुख समस्याको रूपमा लिन सकिन्छ । यस बियमा सजग नबने तराईमा खानेपानीले घर घरमा रोगी उत्पन्न हुनेछ । तराई मधेश रोगी बन्नेछ ।

आर्सेनिक युक्त पानि जनावरलाई समेत खुवाउन हुँदैन । कपडा सफा गर्दा आर्सेर्कका कारण कपडा पहेलो हुने र भाँडाकुडाँमा पहेँलो दाग बस्ने हुन्छ । आर्सेर्कयुक्त पानीको प्रयोगका कारण शरीरमा सजिलै पत्थरीको समस्या देखापर्छ । ५० पिपिवी भन्दा बढी आर्सेर्क भएको पानी स्वास्थ्यका लागि हानिकारक मानिन्छ । यस्तो पानीको प्रयोगले गर्भवती महिलामा क्यान्सरको समस्या र त्यस्तो पानीको लगातार प्रयोगले आर्सेर्कोसिस भन्ने रोग लाग्दछ । आर्सेनिकयुक्त पानी लामो समय खाँदा मन्द विष झै छालाका रोग लाग्छ । त्यस्तो पानीले छाला, कलेजोको सिरोसिस, मुटु (उच्च रक्तचाप) र श्वासप्रश्वास सम्बन्धी रोगको लाग्दछ । आर्सेनिकयुक्त पानी खाँदा शरीरको जुनसुकै अंगलाई हानी पुग्न सक्छ । शुरूमा छाला कालो हुन्छ । हत्केला र पैतलामा खस्रो खालको दाना आउँछ । नङ फुट्ने, सेतो हुने समस्या आउँछ । अन्तिम अवस्थामा विभिन्न प्रकारका क्यान्सरको विकास हुन्छ । तराईवासीहरू स्वास्थ्यको दृष्टिले 'मन्द विष रहेको आर्सेनिक युक्त पानी पिउन बाध्य छन् ।

नेपालको संविधान २०७२ मा नागरिकले स्वच्छ पानी पिउन पाउनुपर्ने कुरा उल्लेख गरिएको छ । तर अझैसम्म पनि नागरिक आधारभूत खानेपानीबाट वञ्चित छन् । खानेपानी तथा ढल व्यवस्थापन विभागका अनुसार

> नेपालको संविधान २०७२ मा नागरिकले स्वच्छ पानी पिउन पाउनुपर्ने कुरा उल्लेख गरिएको छ । तर अझैसम्म पनि नागरिक आधारभूत खानेपानीबाट वञ्चित छन् ।

अहिलेसम्म ८८ प्रतिशत नागरिकका घरमा आधारभूत सेवा स्तरको खानेपानीको पहुँच पुगेको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेपालको जनसङ्ख्या २ करोड ९८ लाखभन्दा बढी छ । यो जनसङ्ख्याको १२ प्रतिशत अर्थात् २४ लाख ८८ हजारभन्दा बढी नागरिक आधारभूत खानेपानी सेवाबाट वञ्चित रहेको छ ।

आधा घण्टामा पानीको स्रोतमा पुगेर घरमा फर्किन सक्ने अवस्थालाई नेपाल सरकारले आधारभूत सेवा स्तरका खानेपानी भन्ने गरिएको छ । आफ्नै घरमा निजी धाराका रूपमा स्वच्छ पानी छ भने उच्च तथा मध्यम स्तरको सेवाको खानेपानी भनिन्छ । अहिले नेपालमा मात्र २० प्रतिशत नागरिकमा उच्च तथा मध्यम स्तरको खानेपानीको पहुँच रहेको छ । सन् २०३० सम्ममा ९० प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी अर्थात सीधै धाराबाट थापेर खान मिल्ने स्वाच्छ खानेपानी पुर्याउने लक्ष्य छ ।

मानव शरीरको करिब ६० देखि ७० प्रतिशत भाग पानीले बनेको छ । शरीरका सबै प्रणाली पानीमै निर्भर हुन्छ । पानीले हाम्रो शरीरको महत्त्वपूर्ण अंगबाट विषाक्त पदार्थ बाहिर निकाल्ने गर्छ । कोषहरूमा पोषणसमेत पुर्याउँछ । यसले कान, नाक र घाँटीका तन्तुलाई ओसिलो बनाइराख्न मद्दत पनि गर्छ । एक दिनमा कुनै पनि स्वस्थ वयस्क पुरूषको लागि करिब तीन लिटर र महिलाका लागि करिब सवा दुई लिटर पानी पर्याप्त हुन्छ । तर, व्यक्तिविशेषलाई दिनहुँ कति पानी आवश्यक हुन्छ भन्ने कुरा सम्बन्धित व्यक्तिको स्वास्थ्य, सक्रियता, बसोबासलगायत थुप्रै कारकमा निर्भर गर्छ ।

रङहीन, स्वादहीन र सफा पानीलाई गुणस्तरीय मान्न सकिन्छ । यस्तै सूक्ष्मजीवाणुहरू हानिकारक माइक्रो अर्गानिजम नभएको पानी प्रयोग गर्न उपयुक्त मानिन्छ । पानी प्रयोग गर्नुभन्दा पहिला २७ वटा गुणस्तर मापदण्डमा पूरा गर्नुपर्ने अन्तराष्ट्रिय मान्यता छ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार प्रदूषित पानीले झाडापखाला, हैजा, आउँ, रगतमासी, टाइफाइड, हेपाटाइटिस, पोलियोलगायतका रोग हुन सक्छ । प्रदूषित खानेपानीले गर्दा उत्पन्न झाडापखालाले बर्सेनि ५ लाख २ हजार जनाको मृत्यु हुने गरेको आँकलन छ ।

पानी शुद्ध बनाउनको लागि पहिलो सर्त हो- यो सङ्लो हुनु । फोहोरमैला मिसिएर पानि धमिलो भएको हुन्छ । यसैले सबैभन्दा पहिले पानीको धमिलोपन हटाउनुपर्छ । पानी धमिलो हुनु भनेको त्यसमा जीवाणुहरू हुनु हो । सामान्यत: पानीको धमिलोपन हटाउँदा मात्रै पनि ९० प्रतिशतसम्म जीवाणु आफैं हट्छन् । यसपछि थप शुद्धीकरण गरेर पानीलाई अझ स्वच्छ बनाउन सकिन्छ । शुद्धीकरणको सुरूको अवस्था नै पानीको धमिलोपन हटाउनु हो । शुद्ध पानीको व्यवस्थापनका लागि घरमा शौचालय र इनार बीचको दुरी कम्तीमा पनि १० मिटर पर हुनुपर्नेछ ।

दिगो विकास लक्ष्यमा सन् २०३० भित्र सबै नेपालीमा सुरक्षित खानेपानी र प्रर्याप्त सरसफाइ पुर्याउने नेपालले पनि अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ । पहिलेको लक्ष्य समयमा नै हासिल गर्न नसके पनि सङ्घीय, प्रदेश र स्थानीय सबै तहका सरकारको सक्रियताले खानेपानी र सरसफाइ सबैको पहुँचमा पुर्याउन सकिने सरकारको आशा छ ।

सङ्घीय, प्रदेश र स्थानीय सबै तहका सरकारको ध्यान पानीको पहुँच बढाउनु तिर मात्र केन्द्रित नभएर तराईको पानीमा व्याप्त अधिक मन्द बिषको व्यवस्थापन र विकल्प खोज्न तीर पनि हुनुपर्छ । आर्सेनिको यो समस्यालाई कुनै पनि सर्तमा नजरअन्दाज गर्नु देशकै लागि घातक हुनेछ ।

## विकास केन्द्र र विद्यालयलाई दूतावासको सहयोग



काठमाडौं । रौतहट जिल्लाको गढीमाई विकास केन्द्र संग्रामपुर-४ सुन्दरपुरलाई छिमेकी मित्रराष्ट्र भारतले एम्बुलेन्स प्रदान गरेको छ । भारतको ७१औं गणतन्त्र दिवसको अवसरमा भारतीय राजदूतावासमा आयोजित समारोहमा विकास केन्द्रका अध्यक्ष दिपेन्द्र यादवलाई एम्बुलेन्सको साँचो हस्तान्तरण गरिएको छ । विकास केन्द्रले बालविकास, शैक्षिकस्तर सुधार, पञ्चवर्षीइ गढीमाई मेलाको व्यवस्थापन, शुद्ध खानेपानी व्यवस्थापन लगायतको सामाजिक कार्य गर्दै आएको छ । गाउँमा एम्बुलेन्स नहुँदा सुत्केरी तथा विरामीहरूलाई अस्पताल पुऱ्याउन अप्ठ्यारो भइरहेको अध्यक्ष यादवले बताए । उनले एम्बुलेन्स उपहार पाएपछि यस क्षेत्रका जनताका लागि ठूलो सहयोग भएको भन्दै खुशी व्यक्त गरेका छन् । साथै उनले भारतीय दूतावासलाई धन्यवादसमेत ज्ञापन गरेका छन् ।
यसैगरी, यसैगरी, श्री गढीमाई आधारभूत विद्यालय सुन्दरपुर रौतहटलाई भारतीय दूतावासले २० हजार रूपैयाँ बजारको पुस्तकहरू उपलब्ध गराएको छ । विद्यालयका प्राधानाध्यापक दिनेश प्रसाद साहले सो पुस्तक विद्यालयको पुस्तकालयका लागि अति उपयोगी हुने बताए ।

## पत्रकार केएमद्वारा कम्प्युटर सहयोग



काठमाडौं । संचारकर्मी वीरेन्द्र के.एमले विद्यालयलाई कम्प्युटर सहयोग गरेका छन् । सरस्वती पूजाको अवसरमा प्रदेश १ स्थित देवानगंज गाउँपालिका अन्तर्गत पर्ने जनता मा.विलाई दुई थान कम्प्युटर प्रदान गरेका हुन् । उनले आमाबुबाको हातबाट कम्प्युटर प्रदान गरेका हुन् ।

## दुई नेपाली किशोरीको उद्धार

काठमाडौं । भारत हुँदै खाडी मुलुकतर्फ जाने योजनामा रहेका दुई नेपाली किशोरीलाई भारतीय सुरक्षाकर्मीको सहयोगमा उद्धार गरिएको छ । नेपालगञ्ज हुँदै भारत प्रवेश गरेका उनीहरूलाई भारतको सीमा सुरक्षा बल (एसएसबी) को ४२ औं बाहिनीले नियन्त्रणमा लिएको हो । भारतीय संचारमाध्यमका अनुसार उनीहरूलाई भारत हुँदै खाडी मुलुक पठाउने धन्दामा संलग्न तस्करलाई समेत पक्राउ गरिएको छ । पक्राउ पर्ने पुरूष सल्यानकै लोकेन्द्र खत्री रहेको भारतीय संचारमाध्यमले जनाएका छन् । भारतीय अखबार दैनिक जागरणका अनुसार रोजगारीको प्रलोभन देखाएर सल्यानका दुई किशोरीलाई मानव तस्करले भारतको अहमदावाद लैजाने क्रममा नियन्त्रणमा लिइएको हो । उनीहरूलाई खाडी मुलुक पठाउने भन्दै भारततर्फ लगिएको बताइन्छ । उद्धार गरिएका दुई किशोरीमध्ये एउटी १४ वर्ष र अर्की १७ वर्ष उमेरका छन् ।

## सुरक्षाकर्मीको निगरानी

काठमाडौं । आतंकवादी गतिविधिमा संलग्न भएको आरोपमा भारतको कानपुरमा गिरफ्तार गरिएका डा. जलीस अन्सारीको बयानका आधारमा भारतीय प्रहरीले नेपालतर्फ निगरानी बढाउन थालेको छ । गिरफ्तार गरिएका जलीसको सम्बन्ध नेपालमा रहेको र उनी नेपालमा पाकिस्तानी गुप्तचर संगठन 'आईएसआई'लाई मजबुत बनाउने भूमिकामा सक्रिय रहेको भारतीय प्रहरीको निष्कर्ष छ । शृंखलाबद्ध विस्फोटमा दोषी ठहर भई अजमेर जेलमा आजीवन कारावासको सजाय भोग्दै आएका उनी जेलबाट दैनिक हाजिरीको शर्तमा केही दिनका लागि रिहा भएका थिए । कैदीले पाउने 'पेरोल' सुविधा प्रयोग गर्दै रिहा भएका उनी रिहाइको शर्त उल्लंघन गर्दै फरार भएपछि भारतीय प्रहरीले खोजी सुरू गरेको थियो । उत्तर प्रदेश प्रहरीले उनलाई कानपुरबाट नियन्त्रणमा लिएको बताइन्छ । भारतीय संचारमाध्यमअनुसार जलीसले उत्तर प्रदेशमै ठूलो आतंकवादी घटनाको लक्ष्य बनाएको भारतीय प्रहरीको अनुमान छ । उनी नेपाल जाने र नेपालमै स्थायी बसोबास गर्ने योजनामा रहेको तथ्यहरू खुलासा भएको पनि भारतीय संचारमाध्यमले जनाएका छन् । जलीस जेलमै रहँदा आईएसआईसँग सम्पर्कमा रहेको र भारतमा उनको ठूलो नेटवर्क अझै पनि रहेको भन्दै अधिकारीहरू उनी भाग्न खोज्नुको उद्देश्य र उनले बनाएको योजना खोतल्ने क्रममा नेपालतिर पनि चनाखो हुन थालेका हुन् ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# राजधानीका लागि बुटवल उपयुक्त छैन



**किरण सिंह**
**मेयर, कपिलवस्तु नगरपालिका, कपिलवस्तु**

प्रदेश ५ अन्तर्गत कपिलवस्तु जिल्लाको सदरमुकाम अवस्थित कपिलवस्तु नगरपालिका २७ डिग्री ५४ मिनेट उत्तरी आक्षांश र ८३ डिग्री ०४ मिनेट पूर्वी देशान्तरमा अवस्थित रहेको छ । २०३९ सालमा तौलिहवा गाउँ पंचायतको नामबाट स्थापना भएको यस नगरपालिका साविकको बरगदवा, मालपारा, पिपरी र कपिलवस्तु आदर्श गाउँ पञ्चायतको पुरै भूभाग तथा गोटिहवा, गोबरी र तिलौराकोट गाउँ पञ्चायतको केही भूभाग समेटिएको थियो । साविकमा १४ वडा रहेको यस नगरपालिका नेपाल सरकारको मिति २०७१/०७/२१ को निर्णयानुसार साविकको गोटीहावा गा.पं. र तिलौराकोट गा.पं. को पुरै भाग समेटी १९ वडा कायम गरिएको थियो । स्थानीय तहको पुनर्संरचनासँगै साविकको धरमपनिया, दोहनी, जहदी, निग्लिहवा र सौराहा गा.वि.स. समावेश भएका छन् । हाल कपिलवस्तु नगरपालिका १२ वार्ड कायम भई १३६.९१ वर्ग कि. मि. क्षेत्रफल ओगटेको छ ।

**० कपिलवस्तु नगरपालिकामा निर्वाचित भएर आएपछि केकस्ता कामहरू गर्नुभएको छ ?**
– कपिलवस्तु नगरपालिकामा अधिकांश ग्रामीण क्षेत्र छ । जहाँ पहिला पूर्वाधार नै केही थिएन । हामी निर्वाचित भएर आइसकेपछि जनताको इच्छा र आकांक्षाअनुरूप विकास निर्माणका पूर्वाधारहरू खडा गरेका छौं । वडा समितिहरूबाट आएका योजनाअनुसार ग्रामीण क्षेत्रमा बाटोघाटो, खानेपानी, शिक्षा, कृषि लगायतका क्षेत्रमा कामहरू अगाडि बढाएका छौं । कपिलवस्तु नगरपालिकामा फुसको छानो भएका घरहरू बढी थिए । हामीले २०७५ सालदेखि नै फुसको छानो हटाउने अभियान चलाएका छौं । फुसको छाना हटाएर जनताको सुविधाअनुसारको छानो भएको घर निर्माण गरिरहेका छौं । हामीले कपिलवस्तु नगरपालिकालाई फुसको छानोमुक्त बनाउने अभियान चलाएका छौं ।

**० अन्य योजनाहरू के छन् ?**
- जहाँ पूर्वाधार नै छैन भन्ने त्यहाँको जनताको पहिलो माग भनेको नै पूर्वाधारको विकास गर्नुपर्छ भन्ने रहन्छ । घर निर्माण, बाटो निर्माण, ढलको मर्मत सम्भार, शिक्षा, स्वास्थ्य क्षेत्रमा सुधार जस्ता कार्यक्रमलाई हामीले पहिलो प्राथमिकता दिएका छौं ।

**० कपिलवस्तु नगरपालिका ऐतिहासिक पृष्ठभूमि बोकेको नगरपालिका पनि हो, हरेक क्षेत्रमा यति पछाडि पर्नुको कारण के होला ?**
- कपिलवस्तु सिंगो नेपाल चिनाउने ठाउँ हो । यहाँ तीनवटा बुद्धको कर्मस्थल रहेको छ । भगवान बुद्ध ज्ञान प्राप्त गरेर आईसकेपछि आफ्नो आमालाई पहिलो पटक भेट्नुभएको ठाऊँ कुदाङ हो । कपिलवस्तु इतिहासको धरोहर हो तर केन्द्रको दृष्टि पुग्न नसकेको कारण आजसम्म त्यो ठाउँमा पुग्ने बाटो समेत निर्माण हुन सकेको थिएन । पूर्वाधार नै नभएर यो क्षेत्रलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न नसकिएको हो । अब यो क्षेत्रको विकासका लागि स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय सरकार तीनै तह मिलेर अगाडि बढ्नुको विकल्प छैन ।

**० तपाइँको नगरपालिकाको जनजीवन पनि कृषिमै आधारित छ, कृषिमा के-कस्ता योजनाहरू ल्याउनु भएको छ ?**
- कृषिमा सिचाँईको योजना ल्याएका छौं । बल र बिउविजनमा अनुदान उपलब्ध गराउँदै आएका छौं । तर केन्द्रीय सरकारले चाहिएको समयमा मलखाद, बिउविजन उपलब्ध गराउन नसक्दा अपेक्षा गरेअनुरूपको उत्पादन हुन सकेको छैन । देश कृषिप्रदान हो, हामी कृषकका मागहरू सम्बोधन गर्छौं भनेर भाषण मात्र गर्ने तर कृषकका समस्या नबुझ्ने प्रवृति अहिले पनि उस्तै छ ।

**० तपाईहरू निर्वाचित भएर आएपछि त्यहाँका जनताले स्थानीय सरकारको अनुभूति कत्तिको गर्न पाएका छन् ?**
- कुनै पनि कार्यक्रम अगाडि बढाउनुभन्दा पहिले हामी जनतामा जान्छौं । वडा-वडामा छलफल चलाउँछौं, भेला गराउँछौं र त्यहाँबाट आएका निष्कर्षलाई छनोट गरि हामी बोर्डको बैठक बस्छौं । त्यसपछि परिषद्मा लैजान्छौं अनि मात्र कार्यान्वयनको चरणमा जान्छ । कुनै पनि योजना लागू गर्दा हामी जनतासँग सिधैं छलफलमा जान्छौं अनि मात्र लागू गर्छौं । यहाँका जनताले प्रत्यक्ष रूपमा स्थानीय सरकारको अनुभुति गरेका छन् ।

**० सिंहदरबार गाउँ गाउँमा भन्ने नारा साकार भएकै हो त ?**
- त्यो त कागजमा मात्र हो व्यवहारिक रूपमा भएको छैन । सरकारले कुनै काम गर्न चाह्यो भने पनि प्रशासनको असहयोग रहन्छ । कुनै पनि नयाँ कामको थालनी गर्दा त्यसमा केही समय त लाग्छ । हामी नयाँ व्यवस्थाको प्रारम्भिक चरणमै छौं । अहिले नियम कानुनको पनि अभाव छ । सबै कानुनहरू निर्माण भईसकेपछि काम गर्न केही सजिलो हुन्छ कि भन्ने आशा गरेका छौं ।

**० अहिले भ्रमण वर्ष २०२० मनाइँदै छ, त्यसका लागि तराई-मधेशका पूर्वाधार विकासमा राज्यको ध्यान गएन भन्ने विभिन्न किसिमका गुनासाहरू आइरहेका छन्, तपाईहरूले आफ्नो क्षेत्रमा पर्यटकलाई लोभ्याउनका लागि के-कस्ता योजनाहरू ल्याउनुभएको छ ?**
- पूर्वाधार नभई कुनै क्षेत्रको पनि विकास हुनै सक्दैन । यस्तो ऐतिहासिक स्थललाई पुरात्तत्व विभागले बेवास्ता गरिएको छ । भ्रमण वर्षका लागि सरकारले सार्वजनिक गरेको घुम्नुपर्ने स्थानको सूचीहरूमा पनि समेटिएको छैन । केन्द्रले पुरै बेवास्ता गरेको छ । कुनै पनि विषयमा घोषणा गरेर मात्र हुँदैन, त्यसको लागि पूर्वाधारको विकास गर्नुपर्दछ, तीन तहकै सरकार मिलेर योजना बनाएर अगाडि बढ्ने हो भने मात्र सफल हुन सकिन्छ ।

**० तपाईहरूको प्रदेशको नाम लुम्बिनी हुने लगभग पक्का नै छ । राजधानीको विषयमा विवाद देखिएको छ, तपाईहरूको यो विषयमा के धारणा छ ?**
- बुटवलमा राजधानी राख्नु उपयुक्त नै छैन । त्यहा जनसंख्या एकदमै वृद्धि भइसकेको छ । जुन ठाउँको विकास भएको छैन राजधानी त्यहाँ राख्नुपर्छ । बुटवल त अहिले नै विकसित छ भने फेरि त्यहीँ राजधानी किन राख्ने ? राजधानी बुटवलदेखि यता चौराहा, घोराही, तौलिहवा जता राख्दा पनि हुन्छ ।

विश्व परिवेश

# हङकङ आन्दोलनको चीनमाथि प्रभाव

लोकतन्त्र समर्थित आन्दोलन ६ महिनादेखि हङ्गकङ्गमा संचालित रहेको छ। चिनियाँ राज्य प्रणाली धैर्यतापूर्वक त्यस आन्दोलनको निष्प्रभावी हुने प्रतिक्षा गर्दै आएको छ जबकि तिनीहरूलाई राम्ररी थाहा छ कि हङ्गकङ्गका आन्दोलनकारीहरू विरूद्ध गरिने कुनै प्रहरी कडा कारवाही अन्तर्राष्ट्रिय प्रतिक्रियाको चासो बन्न जानेछ। तैपनि राष्ट्रपति सी जिनपिङ्गले व्यांग्यात्मक अभिव्यक्ति दिएका छन् कि राष्ट्रविरोधी तत्वहरूलाई समाप्त पारिने छ, यो स्पष्ट सन्देश, उनले डिसेम्बर, २०१९ मा हङ्गकङ्गमा विरोध प्रदर्शन गर्नेहरूलाई प्रथम पटक सार्वजनिक गरेका थिए। हङ्गकङ्गमा त्यस्ता आन्दोलनहरूका अनेकौं प्रभाव देखिएका छन् तर त्यसभन्दा पनि बढी महत्वपूर्ण कुरो त्यस विकासक्रमको प्रभाव चीनमा आन्तरिक र बाह्य रूपमा समेत परेको देखिएको छ। हङ्गकङ्गमा सञ्चालित आन्दोलनको गति र अवधिले चिनियाँ कम्युनिष्ट पार्टी तथा सरकारमाथि स्पष्ट प्रभाव परेको देखिएको छ। चिनियाँ सरकारले हङ्गकङ्गको त्यस आन्दोलनले त्यहाँको एकात्मक प्रकृति विशिष्ट कानूनलाई अवरोधित अनुमान समेत गरेको थिएन।

अझ उल्लेखनीय कुरो के भने, आन्दोलनका क्रममा हङ्गकङ्गका जनताद्वारा व्यक्त गरिएका भावनाहरू आधारभूत स्वतन्त्रताहरूको संरक्षणले चिनियाँहरू आश्चर्यित हुन पुगेका थिए। सन् १९९७ मा चीनको कम्युनिष्ट पार्टीले हङ्गकङ्गलाई आफ्नो अधिनस्थ बनाउँदा यो ठानेका थिए कि हङ्गकङ्गका जनतालाई "एक देश, दुई प्रणाली" अनुरूप प्रयोग गर्नेछन् र "एक देश, एक प्रणाली" अनुरूप अघि बढ्ने छन् तर जुन, २०१९ मा हङ्गकङ्गका जनताहरू ठूलो संख्यामा गल्तीहरूमा आन्दोलनमा ओर्लिए पछि त्यो चीनको सोच विपरीत स्पष्ट सावित हुन गयो। यसका अतिरिक्त चीनको मुख्यभूमि सहयोगी नभएको कारण हङ्गकङ्गका उग्रवादी आन्दोलनकारी समूह विदेशी निकायहरूको उत्प्रेरणातिर अघि बढे। यो पनि उल्लेखनीय छ कि चीनको कम्युनिष्ट पार्टीका १९ केन्द्रीय समितिको अवधारणा र वेइजिङ्गमा ३१ अक्टोबर, २०१९ मा भएको चौथो साधारण सत्रले "एक देश, दुई प्रणाली" को सिद्धान्तलाई खारेज गर्दै हङ्गकङ्ग र मकाओमा स्थायी समृद्धि र स्थायीत्वका लागि चीनले आफ्नो शान्तिपूर्ण पुनरनवीकरणलाई सम्बर्द्धन गर्ने सुझाव दियो। हङ्गकङ्ग र मकाओ आधारभूत कानून समितिका एक वरिष्ठ पदाधिकारी शेन चुनयाओ चौथो सत्र पश्चात् आयोजित प्रेस सम्मेलनका वक्ताहरूमध्ये एक मुख्य वक्ता रहेका थिए। उनले यो पनि बताएका थिए कि चीन हङ्गकङ्गको नेताका ठाउँमा अर्कोलाई पुनर्स्थापित गर्ने सोच लिएका थिए।

बी.बी.सी. विश्वले प्रेस कन्फेरेन्स शेनका भनाई उल्लेख गर्दै भनेका थिए कि वास्तवमा सत्रको क्रममा विरोध वा आन्दोलनका बारेमा छलफल भएको थियो र त्यसका साथै अन्य नेताहरूले समेत "हङ्गकङ्गका मुख्य कार्यकारी तथा अन्य महत्वपूर्ण अधिकारीहरूलाई हटाएर अर्कोलाई नियुक्त गर्नका निमित्त केन्द्रीय सरकारको संरचनामा सुधार" गर्ने बारे समेत सम्झाएका थिए। यसले चीनको सन्दर्भ र प्रभावकारिता सम्बन्ध थुप्रै उल्लेख गरेको छ भन्दै चीनमा १९९७ मा लागू गरिएको आधारभूत कानून तथा शासकीय प्रणाली समेतका बारे समेत स्पष्ट पारेका थिए।

अर्को प्रसंग, चीनको कम्युनिष्ट पार्टीले अन्तर्राष्ट्रिय सहयोगलाई आन्दोलनकारीहरूले प्राप्त गर्न सक्ने भन्ने कुरालाई आत्मसात गर्न सकेको छैन। त्यसको फलस्वरूप आधारभूत कानूनका सीमाहरूलाई हटाउन बेवास्ता गर्ने परिपाटी रहँदै आएको छ। जसलाई चीनको कम्युनिष्ट पार्टीले हङ्गकङ्गमाथि शासन गर्ने र आन्दोलनकारीहरूलाई त्रसित पार्ने उद्देश्यले राखेको थियो। पार्टी नेतृत्वद्वारा गरिएको थुप्रै वक्तव्यहरूको अध्ययनले यो देखाएको छ कि विखण्डनप्रति विस्तारै जानु रहेको छ भने नीतिलाई पर्खेर हेर्नु आवश्यक रहेको छ। यसका साथै हङ्गकङ्गमा हुने महत्वपूर्ण आन्दोलनहरूलाई समाधान गर्नेप्रति चीनको नेतृत्वले सक्रिय दृष्टिकोण राख्नुपर्छ भन्ने रहेको छ। सिन्चियाङ्गको प्रमुख असन्तोष र तिब्बतले भोग्दै आएको धन्य सेनाको प्रयोग समेतको सम्बन्धमा चीनले सोच्नु परेको छ।

आन्तरिक रूपले आन्दोलनहरूले चीनको वित्तीय राजधानी हङ्गकङ्गलाई क्षति पुऱ्याएको छ, जो चीनको शीर्ष वा ठूलो बाजारहरूमध्येको एक महत्वपूर्ण बाजार रहेको छ - उदाहरणका लागि आई.पी.ओ. लाई सञ्चालन गर्ने अलीबाबा ! त्यो विश्वको शीर्ष अवैधानिक युआन फछ्र्यौट गर्ने केन्द्र समेत रहेको छ। जहिलेदेखि विरोध शुरू भएको छ, पर्यटन प्राय : आधी भै सकेको छ भने खुद्रा विक्री झण्डैले एक चौथाई तल झरी सकेको छ। अन्तर्राष्ट्रिय वित्तीय निकाय तथा रियल स्टेट तत्कालका लागि हङ्गकङ्गमा अप्रभावित रहेको भए पनि एक दशकमा पहिलो पटक अन्तिम चौथाईको अवधिमा खस्किंदो हुन पुगेको थियो। यी सबै पीर मान्ने लक्षण हुन्। अहिले चीनको अर्थव्यवस्था खस्किंदो हुन पुगेको छ र त्यो पूर्ण तब मान्न सकिनेछ जब हङ्गकङ्गमा सबै ठीक हुनेछ।

बाह्य रूपले हेर्दा आन्दोलन र विरोधले अमेरिकासँगको सम्बन्धमाथि प्रभाव पार्ने गरेको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकाल अमेरिकाले हङ्गकङ्गमा विरोध गर्नेहरूलाई सघाउने गरी नोभेम्बर, २०१९ को अन्तमा दुईवटा कानूनी विधेयक माथि हस्ताक्षर गरेको थियो। अमेरिकी काँग्रेसद्वारा ४१७ मतले पारित गरिएको "हङ्गकङ्ग ह्यूमन राइट्स एण्ड डेमोक्रेसी एक्ट यू.एस.स्टेट. विभागबाट प्रमाणित हुन जरूरी छ, त्यसो भएपछि मात्र त्यसले प्रमाणित गर्ने छ कि हङ्गकङ्ग पूर्णरूपले विशेष अमेरिकी व्यापार क्षेत्रमा स्वायतत्ता प्राप्त गर्नेछ। त्यस्तो भएमा त्यो क्षेत्र चीनको मातहतको विषयवस्तु अन्तर्गत रहन जाने छैन। त्यस विधेयकले हङ्गकङ्गमा मानव अधिकारको दुरपयोग गर्ने मानिसको हकमा समेत प्रभावकारी आधार पनि तय गर्ने छ। अर्को विधेयकले हङ्गकङ्ग प्रहरीलाई अश्रुगैस एवं रवर बुलेटहरू बिक्रीमाथि प्रतिबन्ध लगाउने छ। हङ्गकङ्गको विशेष स्तर गुम्नु अर्थव्यवस्थामाथि ठूलो प्रहार हुनेछ, जो वर्त्तमान अवस्थामा पूर्णरूपले खस्किँदो जालोमा फस्न गएको छ।

हङ्गकङ्ग आन्दोलनको अर्को प्रभाव विश्वभरीका नगर तथा महाविद्यालयहरूमाथि विस्तारिता भएर जानेछ। यस्ता आन्दोलन र विरोधहरू अन्तर्राष्ट्रिय व्यापारहरूलाई समेत चुनौतीपूर्ण बन्न जानुका साथै विदेशी सरकारहरूको सहयोगले विपरीत विचारधाराका राजनीतिज्ञहरूलाई आकर्षित गर्नेछ। यस चुनौतीपूर्ण दृष्टिकोणको तथ्य यो पनि छ कि चीनले त्यस्तो हरेक चालाकी प्रयोग गरेको छ जसले उसको मित्र देशहरू र त्यसको संस्थाहरूलाई उभ्याउने छ जो हङ्गकङ्ग आन्दोलन पक्षमा रहेको छ। यो सफल्ताको मापन भए पनि ठूलो मुद्दा रहि नै रह्नेछ। चीनले स्पष्ट रूपमा चुनौती आफ मालेको छ किनकि हङ्गकङ्ग आन्दोलन रातभरीमा समाप्त हुने छैन। यस अनुभवबाट यो स्पष्ट छ कि जबसम्म चीन कम्युनिष्ट पार्टीले हङ्गकङ्गलाई कसरी राम्रो बनाउने मानसिकता बनाउँदैन, समस्याको समाधान हुँदैन। त्यस भन्दा पनि बढी के भने लोकतन्त्रवादी उम्मेदवारहरू हालको विद्यायिक निर्वाचनमा व्यापक रूपमा जीत्दैछन त्यसैले स्थितिलाई समाधान गर्नु ज्यादै कठिन हुन जानेछ। नयाँ वर्षमा प्रवेश गर्नु भन्दा अघि नै त्यो चीनका लागि वास्तविक चुनौती हुनेछ।

# पाकिस्तानको पानी संकट : २०२५ सम्म सुख्खाको भविष्यवाणी

-अल्लावख्श

पाकिस्तानले धेरै जसोगरी भारत माथि दोषारोप गर्दै आएको छ कि उसले आफ्नो निहित रहेको इन्दुस पानी सन्धि (Indus Water Treaty) मार्फत पानी बग्न दिँदैन। इन्डियाबाट पाकिस्तानमा बगेको पानीलाई अधिकतम् मात्रामा नछोडेकोले पाकिस्तानले IWT मार्फत पाउनु पर्ने अनिवार्य आवश्यकताहरू नपाएको भन्दै पाकिस्तान ब्वाँसो जस्तै कराउँछ। जबकी सत्यता यही हो कि यो त्यति धेरै ठूलो समस्या होइन। सत्य मुद्दा त्यो हो जसलाई पाकिस्तानले बदलेर सत्य संकट वा सत्यताको अवस्था सम्बन्धीको मुद्दा लुकाउन खोजेको छ र जुन यसले पानीको अभाव सम्बन्धी स्थितिलाई घुडिरहेको र यससम्बन्धी रहेको जिम्मेवारी केवल पाकिस्तानको झुटो साथै रहन्छ।

पानी पाकिस्तानको दुर्लभ स्रोत हो। यस संकटको हदसम्म पार भएपछि स्पष्ट भयो, जब पाकिस्तान उत्प्रेरित भई वर्गीकृत पानीको रूपलाई पानी मा "जोड" पानी "दुर्लभ" सम्म भएको देश एक दशक भन्दा बढी देखि नै रहेको छ। पाकिस्तानको वार्षिक पानी उपलब्धता १००० क्यूबिक मिटर्स प्रतिव्यक्ति (Per Person) भन्दा पनि तल खसेको छ सन् २०१८ मा। साधारण भाषामा यसको मतलब पानीको उपलब्ध राशी वर्षेनी एक व्यक्तिको लागि जुन पाकिस्तानमा रहेको छ त्यसले त ओलम्पिकको स्विमिंग पुलको आधा भाग पनि भर्न सक्दैन र त्यही संकटकालीनको अवस्थाले पाकिस्तानलाई हेरिरहेको छ जसको बारेमा अझ थोरै भएनि ज्ञात छ। पाकिस्तानको पानीको उपलब्धताप्रति वर्गीकृत वर्षेनी १,०१७ क्यूबिक मिटर्स रहेको छ जुन दुर्लभताको सीमाको धेरै नजिक १,००० क्यूबिक मिटर्सले रहेको अन्तर्राष्ट्रिय मोनेटरी फन्ड (IMF) अनुसार बताइएको छ। सन् २००९ मा पाकिस्तानको पानीको उपलब्धता करिव १,५०० क्यूबिक मिटर्स रहेको थियो। यस्तो पनि होस की अन्तर्राष्ट्रिय एजेन्सिहरूले यस्तो दयनिय अवस्था हुन सक्ने बारेको चेतावनी पाकिस्तानलाई दिएको थिएन जसको सामना पाकिस्तानले गरिरहेको छ। विश्वका अर्का राष्ट्रहरू जसले तीब्र रूपले पानी सम्बन्धी कठिनाइहरूको सामना गरिरहेका छन र जसमा तुलनात्मक दृष्टिकोणले अन्तर्राष्ट्रिय मोनेटरी फण्ड (IMF) ले पाकिस्तानलाई तेस्रो (third) श्रेणी मा राखेको छ। त्यस्तै यूनाइटेड नेसन्स डेभलपमेन्ट फण्ड (UNDF) र पाकिस्तान काउन्सिल अफ रिसर्च इन वाटर रिसोर्ससेज (PCRWR) को रिपोर्टले पनि संकेत दिन्छ कि सन् २०२५ सम्म पाकिस्तान पूर्ण रूपले पानीको कमी या दुर्लभताको अवस्था सम्म पुग्न सक्छ। PCRWR ले सन् १९९० मा "Water Stress स्टक राख्न व्यवहारिक रूपले असम्भव भएको छ। तथापि राज्यले मनसुनको आकलभुकल महत्वपूर्ण जलको राशी प्राप्त गर्छ। यदि ठिक तरिकाले भण्डारण गऱ्यो भने सकेजति दीगो सिचाई प्रणाली प्रदान गर्न सकिन्छ। यसमाथिको गणनामा पनि पाकिस्तान न्यूनतम स्तरमा मेल खान असफल रहयो। मौसम परिवर्तन जलको कमजोर व्यवस्थापन र संकट सँग सम्झौता गर्ने सम्बन्धी राजनीतिक, चाहनाको कमीले बन्दुकको निशानामा परे झैं संघर्षको उदाहरण बनेको पाकिस्तान जस्तै बिवादित अधोन्मुख राज्य प्रतिको ठूलो चासोको विषय रहेको छ। जल संकटको आर्थिक प्रभाव विशाल रहेको छ र जनताहरू स्रोतको लागि संघर्ष गरिरहेका छन्।

पाकिस्तानको अर्को समस्या भनेको असंख्यक मात्रामा पानीको नुकसानी हो। विश्व बैंकले मूल्य निर्धारित गरेको छ की पानीको मूल्य यु. एस. डलर २५ विलियन (खरब) समुन्द्रमा वर्षेनी बग्छ। त्यसैले पाकिस्तानलाई आवश्यक्ता छ आफ्नो बलबुताले आवश्यक कार्यको शुरूवात गरि पानी उपलब्धताको सुधार गरि संकट हटाउने र यसका सबै पानी सम्बन्धी दुःखहरूको लागि भारतलाई दोषारोपण गर्ने कार्य बन्द गर्ने। पाकिस्तानमा रहेको जल खपतको ढाँचाले समस्यालाई बढाउनेतिर उत्प्रेरित गरेको देखिन्छ। विश्वमा अच्चतम त जल तिव्रताको दर र चौथो उच्चतम जल खपतको दर पाकिस्तानको रहेको छ। जस्तै जल प्रयोगको राशी क्यूबिक मिटर्समा GDP (Gross Domestic Product) प्रति यूनिट हुन्छ। यस्तै प्रवृति चलिरहयो भने पाकिस्तान पूर्ण रूपले जलको दुर्लभता स्तर नजिक पुग्नेछ त्यो पनि ३१ मिलियन एकट फिटको अभावका साथ र खडेरी यानी सुख्खा जमिनको सामना सन् २०२५ सम्म गर्नु पर्छ। पाकिस्तानको जल स्रोतप्रति उदासीन राज्यले सन् २०१८ मा अनतर्राष्ट्रिय स्तरको ध्यान प्राप्त गऱ्यो जल र त्यसको बारे PCRWR ले भविष्यवाणी गरेको थियो कि सन् २०२५ सम्म देशमा पूर्ण रूपले पानीको अभाव हुन सक्छ। इमरान खानको सरकारले त्यस बखत घोषणा गरेको थियो कि उनी पूर्ण रूपमा नयाँ बाँधलाई बाहिरको स्रोतबाट पुरा गर्नेछन् किनकि सरकारसँग पैसा थिएन तर पनि त्यो धेरै पछिबाट प्रयास गरिरहेकोले निःसफल हुन गयो। सन् २०१७ मा पाकिस्तानका दुई सबभन्दा ठूलो बाँधहरू तारबेला र मङ्गला दुबै भण्डारको अवश्था सम्म पुग्न सकेन। जबकि इमरान खानको सरकारबाट पाकिस्तानको बाँधहरू बढी पानी सञ्चय गर्ने उद्देश्यले पुरा भविष्यको पानीको खाँचोलाई वास्तविक समाधान दिन सकेन।

श्रम गर्न विदेशतर्फ जाँदा तत्काल फाइदा भएपनि दीर्घकालीनरूपमा सामाजिक र आर्थिक विचलन आइपर्ने हुँदा मुलुकभित्रै परिश्रम गर्नु (पसिना बगाउनु)मा नै सबैको भलो छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## "कस्मिर मुद्दामा तेस्रो पक्षको भूमिका चाहन्नौं"

नयाँ दिल्ली। भारतको विदेशमन्त्रालयका प्रवक्ता रविश कुमारले कस्मिरको विषयमा तेस्रो पक्षको भूमिका भारतलाई नचाहिएको बताएका छन्। उनले कस्मिरको विषयमा भारतको धारणा स्पष्ट रहेको बताउँदै यो विषय आन्तरिक भएको र पाकिस्तानले चाहेमा मात्र यसमा छलफल हुने बताए। पाकिस्तानले आतंकवादलाई पूर्ण रूपमा त्यागेमात्र भारतले पाकिस्तानसँग छलफल गर्ने उनको भनाइ छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तानका प्रधानमन्त्री इमरान खानसँग भेटेरै अमेरिका पाकिस्तानलाई कस्मिरको विषयमा मद्दत गर्न तयार भएको बताइरहेका बेला भारतको पछिल्लो भनाइ आएको हो। स्वीजरल्यान्डको डाभोसमा आयोजित 'वर्ल्ड इकोनोमी फोरम' वैठकका क्रमम खान र ट्रम्पबीच भेट भएको थियो। सो क्रममा इमरानले पनि पाकिस्तानले जहिल्यै कस्मिरको विषयमा अमेरिकाको भूमिका खोजेको बताएका थिए। अमेरिकाले कस्मिर विवादमा भारत र पाकिस्तानबीच मध्यस्थता गर्ने बताएपछि भारतीय पक्षले भने अमेरिकाको भूमिका आफूलाई आवश्यक नभएको जवाफ दिएको छ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।

मटिहानी नगरपालिका
महोत्तरी

जिल्ला समाचार

## कक्षाकोठामा बाल क्लबको घडी

सुनसरी। इटहरीको सरस्वती माध्यमिक विद्यालयका प्रत्येक कक्षामा बाल क्लबले घडी राखेको छ। शिक्षक कक्षामा कतिबेला प्रवेश गर्नुभयो त्यहि घडि हेरेर विद्यार्थीले खातामा लेख्छन्, शिक्षक कतिबेला कक्षाकोठाबाट निस्कनुभयो त्यो पनि लेखेर राख्छन्। इटहरीका प्रत्येक सामुदायिक विद्यालयमा गठन भएका बाल क्लब र ग्रीन क्लबले यस्तै उदाहरणीय काम गरिरहेका छन्। इटहरी उपमहानगरले आयोजना गरेको माध्यमिक विद्यालयका बाल क्लब र ग्रीन क्लबका अध्यक्षहरूसँगको अन्तरक्रिया कार्यक्रममा बालबालिकाले विद्यालय र समुदायमै गरेका विभिन्न कामहरूको अनुभव सुनाए। इटहरीको कबिर माध्यमिक विद्यालयको बाल क्लबका छात्राहरूले आफूहरूले प्रयोग गर्ने सेनेटरी प्याड स्कुलमै बनाएर प्रयोग गर्ने गरेका छन्। उनीहरूले स्कुलमै तालिम लिएर प्याड बनाएर जम्मा गर्ने गरेका हुन्। बाल क्लब र ग्रीन क्लबका विद्यार्थीहरू अत्यन्तै रचनात्मक देखिए उपमहानगर शिक्षा युवा तथा खेलकुद महाशाखाका अधिकृत फाल्गुनी काफ्लेले बताए।

## आफूखुशी विवाहले समस्या

राकेश प्रसाद चौधरी, जनकपुर। उमेर नपुगेकाहरूले आफूखुशी भागी विवाह गर्न थालेपछि सामाजिक समस्या बढ्न थालेको छ। कम उमेरमै बच्चा जन्म हुँदा उनीहरूलाई झनै कानूनी समस्यासँगै सास्ती भोग्नु परेको छ। लहान प्रहरीमा नाबालक केटाकेटी भागेर विवाह गरेको समस्या समाजकै केही मानिसहरू आएर गुनासो गरे। केटाकेटी घरबाट बाहिर भागिसकेकाले पहिला दुबैलाई खोजी गरेर ल्याउन दुबैपक्ष सहमत भएर त्यहाँबाट फर्किए। अहिले सिरहालगायत प्रदेश २ को अधिकांश जिल्लामा यस्तो समस्याहरू देखिन थालिएको हो। छोराछोरीको विवाह २० वर्षपछि गर्नुपर्ने कानूनी प्रावधान थाहा भएपछि अभिभावकले यस्तो विवाहलाई निरूत्साहित गर्न थाल्दा केटाकेटी भागेरै विवाह गर्ने समस्या बढ्न थालेको देखिन्छ। विद्यालयमा अध्ययनरतसँगै र विद्यालयको मुख नदेखेकाहरूले समेत यस्तो विवाह गर्ने गरेको घटनालाई समस्याको रूपमा लिन थालिएको छ। संख्यात्मक रूपमा विपन्न र दलित समूदायको केटाकेटी भागेर विवाह गर्दा समाजमा बढी चर्चा हुने गरेको सिरहाका अभियानी प्रमोद सदाले बताए। वर्षभरिमा अभिभावकको सहमति तथा आफूखुशी केटाकेटीले २० बर्षमूनिमा गर्ने विवाहको यकिन तथ्यांकको अभाव छ। प्रदेश २ ले छोरी शिक्षा बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन शिविर संचालनका लागि आयोजना गरिएको उद्घोष कार्यक्रमहरूमा समेत २० वर्षमुनिका आमाबाबुबाट जन्मेका बच्चालाई जन्मदर्तालगायतको समस्या रहेको सहभागीहरूले ध्यानाकर्षण गराएका थिए।

## नगरप्रमुख र उर्जामन्त्रीबीच छलफल

वीरगन्ज। वीरगन्जमा लागू हुन गइरहेको उज्यालो वीरगन्ज योजनाबारे नगर प्रमुख विजय कुमार सरावगी र उर्जा मन्त्री वर्षमान पुनबीच छलफल भएको छ। नगर प्रमुख सरावगीको बिशेष पहलमा महानगरपालिकाको ३२ वटै वडामा एकै साथै लागू हुन गइरहेको उज्यालो वीरगन्जअन्तर्गत नेपाल विद्युत प्राधिकरणद्वारा गरिने कामलाई सघाउन नगर प्रमुख सरावगी र उर्जामन्त्रीबीच छलफल भएको महानगरपालिकाले जनाएको छ। महानगरपालिका भित्र नेपाल विद्युत प्राधीकरणको १५ हजार विद्युतको पोलमा पाँचौ तार जडान गरि ३०१ सब स्टेशनद्वारा समयअनुसार स्वचालित स्वीचिङ्ग सिस्टमलाई नेपाल विद्युत प्राधिकरणद्वारा छिटो छरितो लागू गराउने विषयमा छलफल भएको नगर प्रमुख बिजय कुमार सरावगीले बताएका छन्।

## मुख्यमन्त्री राईद्वारा शुभकामना

विराटनगर। प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले शहीद दिवसको अवसरमा शुभकामना व्यक्त गरेका छन्। बिहीबार एक शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री राईले प्रजातन्त्र स्थापना एवं पुःनस्थापना तथा विभिन्न कालखण्डका लागि जीवन आहूति दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूको सम्झना गर्दै शहीद दिवसको अवसरमा शुभकामना व्यक्त गरेका हुन्। नेपालका सबैखाले आन्दोलन सफल बनाउन नेपाली वीर सपुतको बलिदानी रहेको छ मुख्यमन्त्रीले जारी गर्नुभएको शुभकामना सन्देशमा भनिएको छ, स्वतन्त्रताको पक्षमा निरंकुशताविरूद्ध उभिएर प्रजातन्त्र, लोकतन्त्र तथा गणतन्त्र स्थापनार्थ आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान शहीदहरूको योगदान सधै स्मरणीय रहनेछ। आफ्नो जीवन अर्पण गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा उच्च सम्मान अर्पण गर्दछु, शुभकामना सन्देशमा उल्लेख छ। नेपालमा प्राप्त लोकतन्त्र र अग्रगमन हाम्रा महान् शहीदहरूका त्याग तथा बलिदानको परिणाम हुन्। शहीदहरूको बलिदानबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै आर्थिक विकास र समृद्धिका लागि अगाडि बढ्न सकेमा मात्र शहीदहरूप्रतिको सच्चा सम्मान र श्रद्धाञ्जली हुने मुख्यमन्त्री राईको विश्वास छ।

## जुवातास खेलिरहेको अवस्थामा पक्राउ

कैलाली। धनगढी उपमहानगरपालिका-३ बस्ने तिलक अधिकारीको घरमा जुवातास खेलिरहेका गोदावरी नगरपालिका-१० बस्ने २८ वर्षीय रबिन्द्र शाही समेत १६ जनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूलाई नगद २२ लाख ८२ हजार रूपैयाँ र १९ बुक तास सहित सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बाँके। ३५ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा राप्तीसोनारी गाउँपालिका-१ खोपरी बस्ने २४ वर्षीय विक्रम थारूलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ। थारूले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कुसुमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

रूपन्देही। सिद्धार्थनगर नगरपालिका-१ वेलहिया बसपार्कस्थित तनहुँ होटलबाट अवैध लागूऔषध खैरो हेरोईन १ ग्राम ४ सय मिलिग्राम, नियन्त्रित लागूऔषध कोरेक्स ६३ सिसी, फेन्सिडिल८ सिसी, ईस्पास्मो४ सय ३६ सिसी, नाईट्राभेट १ सय ८०ट्याब्लेट, मोवाइल ९ थान, एनसेलको सिम ५ थान, नेपाली रूपैयाँ ९ हजार २ सय र भारतीय रूपैयाँ १० हजार ५ सय सहित २ जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सिद्धार्थनगर नगरपालिका(२ बस्ने ३१ वर्षीया रेनु बानिया रसोही ठाउँ बस्ने ३२ वर्षीय विष्णु गाहा मगर रहेका छन्।ईलाका प्रहरी कार्यालय बेलहियाबाट खटिएको प्रहरीले उक्त होटलमा जाँच गर्ने क्रममा कोठा नम्बर १३६ मा बसेका उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

## ट्र्याक्टरबाट लडेर मृत्यु

मोरङ। कटहरी गाउँपालिका-७ होडियारीस्थित सडकमा को.१ त २५८९ नम्बरको ट्र्याक्टरबाट लडेर गम्भीर घाइते भएका सोही ठाउँ बस्ने २२ वर्षीय अडताल मोडियारी(उराउ)को उपचारको लागि कोशी अस्पताल बिराटनगरतर्फ लैजाने क्रममा बुधबार राति बाटोमै मृत्यु भएको छ। फरार ट्र्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

## मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

रूपन्देही। बुटवल उपमहानगरपालिका(११ देविनगरस्थित सडकमा लु.३६ प ५८०३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बुधबार राति दुर्घटना हुँदागम्भीर घाइते भएका मोटरसाइकलमा सवार गुल्मी मुसीकोट गाउँपालिका-३ बस्ने २२ वर्षीय कुमार कार्कीको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमाउपचारको क्रममा मृत्यु भएको छ।

## रकम असुल्ने गिरोह पक्राउ

विराटनगर। जिल्ला प्रसाशन कार्यलय मोरङ दर्ता भएको एक संस्था अवैध रूपमा चिट्ठाको नाममा आम नागरिकहरूबाट मोटो रकम असुल्दै आएको भेटिएको छ। अमन समाज नेपाल नाममा संस्थाले अवैध रूपमा चिट्ठाको योजना ल्याएर ठगी गर्ने गिरोहलाई मोरङ प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको हो। चिट्ठाका नाममा ठगिएको उजुरी आएपछि प्रहरीले चिट्ठा योजना सञ्चालन गर्ने कमलेशकुमार मण्डल र उनका सहयोगीलाई पक्राउ गरी सार्वजनिक गरेको छ। प्रहरीका अनुसार ठगी गर्ने उद्देश्यसहित कर्णको समूहले ३० किस्ता बनाई प्रत्येक किस्तामा ३ सय ८० रूपैयाँका दरले रकम संकलन गरी चिट्ठा खोल्दै आएका थिए। बम्पर पुरस्कार कार र मोटरसाइकल पर्ने भन्दै मासिक रूपमा चिट्ठा खोल्दै आएका थिए। चिट्ठामा बहुमुल्य इलेक्ट्रोनिक्स सामान उपहार दिँदै आएका थिए।

## कला/साहित्य

कमल मण्डल



# "मधेशी पुत्र ३" को तयारीमा निराजन



निराजन मेहता

सप्तरी जिल्लाको डिवन ७ स्थायी घर भएका युवा निर्देशक निराजन मेहता निर्देशन क्षेत्रमा सफलता पाउँदै चर्चाको शिखरमा उक्लिँदै छन् । कलाकारिता क्षेत्रमा पहिलेदेखि नै सक्रिय भएर काम गर्दै आएको भएपनि प्लस टुसम्मको अध्ययन पूरा गरेपछि २०५८ सालमा सडक नाटकबाट औपचारिकरूपमा कलाकारितामा प्रवेश गरेका हुन् । त्यसपछि मैथिली भाषाको टेलिसिरियल रविब्रत कथामा काम गरेका थिए । तर आपसी विवादका कारण उक्त सिरियलको काम अगाडी बढ्न सकेन । २०६२ सालमा चलचित्र क्षेत्रमा प्रवेश गरेका मेहता भारतको सागरजित राय र सतियर्थ सिन्हासँग ड्राइभर बाबुमा सहायक भएर काम गरेका थिए । करिब ४ वर्ष मुम्बई बसाइको क्रममा विभिन्न निर्माता, निर्देशक तथा कलाकारहरूसँग घुलमिल हुन र सिक्ने मौका पनि पाएका थिए । त्यसपछि २०६५ सालमा नेपाल फर्केपछि भिडियो फिल्म अन्धोपन निर्माण गरे र २०६६ मा भोजपुरी भाषाको फिल्म हम दिवाना हई तोहारमा मुख्य अभिनेता तथा निर्देशन पनि गरेका छन् ।

त्यसपछि मधुमाला, डि.एप्पल, लगायतका फिल्महरूमा सफलतापूर्वक निर्देशन गरिसकेका छन् । चर्चित गायक अजय अनुरागी अभिनित नेपाली फिल्म तिमिबिना मलाई जिउनु छैन समेत निर्देशन गरेका छन् । २०७३ को सफल मैथिली फिल्म मधेशी पुत्र को सफलता र साथीभाईबाट पाएको हौसलाकै कारण उनले "मधेशी पुत्र– २" को निर्माण गरे । जसको सम्पूर्ण प्राविधिक काम मुम्बईमा गरेका थिए । २०७५ सालमा जनकपुरमा आयोजना भएको प्रदेश स्तरीय चलचित्र महोत्सवमा उत्कृष्ट अभिनेताको अवार्डसमेत हातपारेका थिए भने राष्ट्रि चलचित्र पुरस्कारका लागि समेत मनोनित भएका थिए । देश विदेशमा समेत सुपरहिट भएका फिल्मका कारण अहिले मधेशी पुत्र ३ को निर्माणमा जुटेका छन् । चलचित्र निर्माणको इजाजत समेत पाइसकेको र गीतहरूको रेकर्डिङ्ग पनि भइसकेको कुरा निर्देशक मेहताले जानकारी दिएका छन् ।

## भण्डार गृह विस्तार हुने

काठमाडौं । नेपाल-भारत पेट्रोलियम तथा प्राकृतिक ग्याससम्बन्धी संयुक्त कार्यदल (सहसचिवस्तरीय संयन्त्र) को बैठकले अमलेखगञ्जको क्षेत्रीय डिपोमा अतिरिक्त ८ हजार दुई सय किलोलिटर पेट्रोल भण्डार गर्ने भण्डारण गृह निर्माण गर्ने विषयमा सहमति जनाएको छ । आईओसीको सहकार्यमा उक्त भण्डारण गृह निर्माण गर्ने विषयमा भारतीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिब बीएन रेड्डीले सहमति जनाएका छन् । मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनबाट ल्याइएको इन्धन अमलेखगञ्जको डिपोमा भण्डारण हुन्छ । निर्माण हुने भण्डारण क्षमतामध्ये चार हजार एक सय किलोलिटरको निगमले र थप चार हजार एक सय किलोलिटरको आईओसीले भण्डार गृह निर्माण गर्ने तय भएको छ । मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनलाई विस्तार गरी चितवनको लोथरसम्म लान अध्ययन टोली बनाउने विषयमा पनि आधिकारिक रूपमा सहमति भएको छ । यसका साथै झापा र धनुषाको महेन्द्रनगरमा निगमले निर्माण गर्ने भनेको ग्यास बोटलिङ प्लान्टका विषयमा पनि आईओसीले प्राविधिक सहयोग गर्ने तथा निगमले विस्तृत अवधारणापत्र तयार पारी आईओसीलाई बुझाउने विषयमा सहमति भएको छ ।

## नाकामा कोरोनाभाइरसको निगरानी सुरू

काठमाडौं । नेपालको पूर्वी सीमाबाट आवतजावत गर्नेहरूका लागि भारत र नेपाल दुवैतर्फ कोरोनाभाइरसको निगरानी तथा परामर्श सुरू भएको छ । भारतले नेपालबाट आउने व्यक्तिलाई चीनबाट फैलिएको कोरोनाभाइरसको संक्रमणका लागि छानबिन गर्न सुरू गरेपछि नेपालतर्फ पनि परामर्श कक्ष राखिएको हो । कोरोनाभाइरसको लक्षण पाइए त्यस्ता व्यक्तिलाई थप परीक्षणका लागि नजिकैको अस्पतालको लग्ने व्यवस्था गरिएको दुवै देशका अधिकारीहरूले बताएका छन् । भारतले पश्चिम बंगालको दार्जिलिङ, नेपालको सीमा र बागडोग्रा विमानस्थलमा गरी चारवटा 'स्क्रिनिङ क्याम्प' खडा गरेको छ । नेपालतर्फ भने पूर्वी नाका काँकरभिट्टामा दुई जना प्रयोगशाला प्राविधिकको व्यवस्था गरी एउटा परामर्श शिविर राखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार कोरोनाभाइरस परामर्श शिविरमा जनशक्ति तथा उपकरणहरू थप्ने योजना छ ।

## संयुक्त सीमा टोलीद्वारा काम सुरू

काठमाडौं । नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले कञ्चनपुरको सीमा क्षेत्रमा सर्भेको काम सुरू गरेको छ । भारतीय बजार टकनपुर पावर हाउसमा गत हप्ता बसेको संयुक्त टोलीको बैठकले एक साताभित्र काम थाल्ने निर्णय गरेको थियो । कैलालीको सीमा क्षेत्र खक्रौलाबाट सीमास्तम्भ व्यवस्थापन थालेको संयुक्त टोली प्रमुख जनकबहादुर भण्डारीले बताए । उनले धेरै ठाउँमा सीमास्तम्भसम्म पुग्नै कठिन हुने बताउँदै टोलीले कैलालीको खक्रौला सीमा क्षेत्रमा रहेको नेपाल-भारत सीमास्तम्भ नम्बर ७०० देखि कञ्चनपुरको ब्रह्मदेवस्थित ८११ नम्बरसम्मका स्तम्भ व्यवस्थापन गर्ने बताए । उनका अनुसार सीमास्तम्भ व्यवस्थापनका लागि ५ महिना समयावधि दिइएको छ । टोलीले जीर्ण सीमास्तम्भ मर्मतदेखि हराएका स्तम्भ पुनर्निर्माणसमेत गर्नेछ । कञ्चनपुरको खल्लामसेट्टीदेखि डोकेबजारसम्मका ३ सय ९० सीमास्तम्भमध्ये १ सय मात्र ठीक अवस्थामा छन् ।

# सगरमाथा संवादका लागि मोदीलाई निम्तो



काठमाडौं । नेपालले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानका प्रधानमन्त्री इमरान खानलाई नेपालमा आयोजना हुन लागेको सगरमाथा संवादको लागि निम्तो दिएको छ । पहिलोपटक नेपालले बहु-साझेदार संवाद कार्यक्रम 'सगरमाथा संवाद'को आयोजना गर्न लागेको हो । नेपालले १ सय ५० भन्दा बढी विदेशी पाहुनालाई संवादको लागि निम्तो पठाएको छ । विभिन्न देशका प्रमुख, मन्त्री, व्यापारी, नागरिक समाज, विज्ञहरू तथा संचारमाध्यमहरू कार्यक्रममा उपस्थित हुने अपेक्षा गरिएको छ । यस कार्यक्रममा सार्क राष्ट्रका सबै प्रमुखहरूलाई निम्तो दिइएको छ । कार्यक्रम नेपालको वर्तमान इतिहासमा सबैभन्दा ठूलो कुटनीतिक पहलको उदाहरण बन्ने विश्वास व्यक्त गरिएको छ । नेपालले पठाएको निम्तो भारतले प्राप्त गरिसकेको छ । कार्यक्रममा विभिन्न देशका प्रमुख, व्यापारी तथा विज्ञहरूबीच दुईपक्षीय छलफल हुनेछ । नेपालले काठमाडौंमा आयोजना गर्न लागेको यस सगरमाथा संवादमा सार्कलाई फेरि सक्रिय बनाउने विषयमा छलफल अगाडि बढाउने अनुमान गरिएको छ । आगामी अप्रिल २ र ४ तारिखमा सगरमाथा संवाद कार्यक्रम हुनेछ ।

## कार्यबाहक राजदूत र सभामुखबी भेट

काठमाडौं । नेपालका लागि भारतीय कार्यबाहक राजदूत डा. अजय कुमारले नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटासँग शिष्टाचार भेट गरेका छन् । कार्यबाहक राजदूत अजय कुमारले सभामुखको कार्यकक्षमै पुगेर शिष्टाचार भेटघाट गरेका हुन् । सभामुखमा निर्विरोध निर्वाचित भएका सभामुख सापकोटालाई कार्यबाहक राजदूत अजय कुमारले बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए । भेटमा उनले सभामुख सापकोटालाई नेपाल-भारत सम्बन्धका विभिन्न आयामहरू संग्रहित पुस्तक पनि उपहार दिएका थिए । नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले उमेरहदका कारण अवकाश पाएपछि नयाँ राजदूत नियुक्त भएका छैनन् । यद्यपी भारत सरकारले नेपालका लागि नयाँ राजदूतमा विनयमोहन क्वात्राको नाम सिफरिस गरेको छ ।

## सिलिगुडी-चारआली पेट्रोलियम पाइपलाइनमा पाँच अर्ब लाग्ने

काठमाडौं । भारतको सिलिगुडीबाट झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन ओछ्याउन करिब ५ अर्ब रूपैयाँ लाग्ने भएको छ । सिलिगुडी-चारआली पाइपलाइनका लागि गरिएको पूर्वसम्भाव्यता अध्ययनले यो परिमाणमा खर्च लाग्ने देखाएको हो । नेपाल आयल निगमले पुलचोक इन्जिनियर कलेजलाई पूर्वसम्भाव्यता (प्रि फिजिविलिटी) अध्ययनको जिम्मा दिएको थियो । कलेजका सिभिल इन्जिनियरिङ विभागका सहप्राध्यापक नारायणप्रसाद गौतमका अनुसार सिलिगुडी-चारआली पाइपलाइन र चारआलीमा इन्धनको ९० हजार किलोलिटर भण्डार गृह निर्माण निर्माण गर्न चार अर्ब ७८ करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको छ । यस अन्तर्गत काँकडभिट्टादेखि झापाको मेचिनगर १३ स्थित चारआलीसम्म पाइपलाइन ओछ्याउन एक अर्ब १९ करोड र भण्डार गृह निर्माण गर्न तीन अर्ब ५९ करोड खर्च लाग्ने गौतमले जानकारी दिए । पूर्वसम्भाव्यता अध्ययनको प्रतिवेदन कन्सलटेन्सी समूहले निगमलाई जिम्मा लगाइसकेको छ । यही अध्ययनको आधारमा निगमले काँकडभिट्टा-चारआलीसम्मको ३१ किलोमिटर खण्डमा पाइपलाइन विस्तार गर्ने योजनालाई अघि बढाउँदै छ । सिलिगुडीस्थित इन्डियन आयल कर्पोरेसन (आईओसी) को डिपोसम्म पाइपलाइन पहिलेदेखि सञ्चालनमा छन् । यो पाइपलाइन निर्माण भएको खण्डमा भारतसँग अन्तरदेशीय इन्धन आयात गर्ने दोस्रो पाइपलाइन मानिनेछ ।

## ग्यास बुलेट सञ्चालनका लागि सकारात्मक

काठमाडौं । विगत तीन वर्षदेखि भारतमा रोकिएका नेपाली ग्यास बुलेट सञ्चालनका लागि भारत सकारात्मक देखिएको छ । हालै नयाँ दिल्लीमा भएको नेपाल-भारत पेट्रोलियम जोइन्ट वर्किङ समूहको बैठकमा ग्यास बुलेट नेपाल ल्याउन नेपाली दूतावासमार्फत पहल गर्न भारतले आग्रह गरेको छ । बैठकमा सहभागी आपूर्ति मन्त्रालयका सहसचिव ध्रुव घिमिरेले भारतीय पक्षले बैठकमा भारतको उद्योग तथा व्यापार प्रवर्द्धन विभाग, सडक तथा यातायात मन्त्रालय, 'पेट्रोलियम एन्ड इक्सप्लोसिभ सेफ्टी अर्गनाइजेसन'सँग समन्वय गरी दूतावासमार्फत पहल अगाडि बढाउने गरी छलफल भएको जानकारी दिए ।

## पाइपलाइन निर्माण गर्ने सहमति

काठमाडौं । नेपालको अमलेखगन्जसम्म आएको पेट्रोलियम पाइपलाइनलाई चितवनको लोथरसम्म विस्तार गर्न नेपाल र भारतका अधिकारीहरू सहमत भएका छन् । पुस अन्तिम साता नयाँदिल्लीमा बसेको नेपाल-भारत पेट्रोलियम तथा प्राकृतिक ग्याससम्बन्धी सहसचिवस्तरीय संयन्त्रको पहिलो बैठकमा दुवै देशका सहसचिवहरूले यस्तो निर्णय गरेका हुन । त्यसैगरी, भारतको सिलगुडीस्थित आइओसीको डिपोबाट झापाको चारआलीमा रहेको निगमको डिपोसम्म अर्को पाइपलाइन विस्तार गर्ने पनि निर्णय भएको छ/ । सिलगुडी-चारआली पाइपलाइनको लम्बाइ ३१ किलोमिटरको हुनेछ/ ।

## आर्थिक समाचार

### प्रदेश २ मा वैदेशिक रोजगार कर्जा योजना

काठमाडौ । प्रभु बैंकले प्रदेश २ का पाँच जिल्लामा वैदेशिक रोजगार कर्जा योजना सार्वजनिक गरेको छ । बारा, पर्सा, रौतहट, सप्तरी र सर्लाही गरी बैंकले बेलायती सहयोग नियोग अन्तर्गत वैदेशिक रोजगारीमा जाने र उनीहरूका परिवारलाई कर्जाको पहुँचको योजना ल्याएको हो । प्रभु बैंकका प्रमुख व्यवसाय विकास अधिकृत मणिमरण पोखरेल र स्किल्स कार्यक्रमका टिम लिडर बलजित बोहरालगायत उपस्थित थिए । वैदेशिक रोजगारीमा जानेका परिवारलाई प्रभु बैंकले औचित्यपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराइने छ । कर्जा मात्र नभएर विदेशबाट रकम पठाउँदा या भुक्तानी गर्दासमेत प्रभु बैंकले सहज बैंकिङ सुविधा दिने छ । यसले वैदेशिक रोजगारमा जाने र तीनको परिवारको आम्दानी बढ्नुका साथै उद्यमशीलता विमासमार्फत सहयोग गर्ने बैंकले जनाएको छ ।

### इन्स्योरेन्सद्वारा १० लाखको चेक हस्तानान्तरण

वीरगंज । वीरगंज महानगरका फायरमैन बुनिलाल चौरसियाकी पत्नी फुलपति देवीलाई १० लाख रूपैयाँको चेक प्रदान गरिएको छ । प्रिमियर इन्स्योरेन्स कम्पनीमा वीरगंज महानगरका सबै कर्मचारीको बीमा भएको अवस्थामा उनको मृत्यु भएपछि उक्त बीमा दावी रकम बुनिलालकी पत्नी फुलपति देवीलाई हस्तान्तरण गरिएको हो । वीरगंज महानगरको सभाहलहमा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगी र प्रियमियर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत विश्वराज तिम्लाले संयुक्त रूपममा चेक हस्तनान्तरण गरेका थिए । असोज ७ गते फायरमैन वीरगंज १६ निवासी बुनिलाल चौरसियाको मृत्यु भएको अवस्थामाम उनको परिवाररले विमा रकम दावी गरेको थियो ।

### ग्लोबलआइएमईद्वारा साइकल ऱ्याली

काठमाडौं । ग्लोबल आइएमई बैंकले आफ्नो तेह्रौं बार्षिकोत्सवको अवसरमावित्तीय साक्षरताको लागि साइकल ऱ्याली तथा गोष्ठीको आयोजना गरेको छ । बैंकले शनिबार वित्तीय साक्षरता तथा नेपाल भ्रमण वर्ष २०२० को प्रचार/प्रसारसम्बन्धी विभिन्न सन्देशमूलक प्लेकार्डसहित कान्तिपथ शाखाबाट सुरू भई लैनचौर, सोह्रखुट्टे, छाउनी, हलचोक, इचंकुनारायण हुँदै रामकोट नागार्जुन स्थित श्री जनउद्धार मा. वि. सम्मसाइकल ऱ्यालीको आयोजना गरेको थियो । ऱ्यालीमा १५० जनाभन्दा बढीको सहभागिता रहेको थियो । ऱ्याली समापन समारोहमा प्रमुख अतिथि नागार्जुन नगरपालिकाका मेयर मोहन बस्नेत, जनउद्धार माध्यमिक विद्यालयका प्रधानाध्यापक रवि खनाल, नागार्जुन नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष महेश रिमाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुकुन्द खनाल तथा ग्लोबल आइएमई बैंकका नायव महाप्रबन्धक सुरेन्द्रराज रेग्मीले बैंकिङ्ग साक्षरता सम्बन्धी मन्तव्य राखेका थिए ।

### समस्या समाधान गर्न सहकार्य

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघ र एसोचेमबीच संयुक्त सहकार्य गर्न सहमति भएको छ । सहमतिपत्रमा महासंघका महानिर्देशक धरणीधर खतीवडा र एसोचेमका महासचिव दिपक सुदले हस्ताक्षर गरेका छन् । सहमतिअनुसार नेपाल र भारतबीच उद्योग व्यवसाय, संयुक्त लगानी, प्रविधि आदानप्रदान र व्यावहारिक समस्या समाधानमा सहकार्य हुनेछ । दुवै संस्थाबाट लामो समयदेखि हुँदै आएको संस्थागत सहकार्यलाई यो सहमतिले थप मजबुद बनाउने विश्वास गरिएको छ । आर्थिक व्यावसायिक, नीतिगत विषय, लगानीका सम्भाव्य क्षेत्रसम्बन्धी सूचनाको आदानप्रदान गर्ने, व्यावसायिक भेटघाट, बैठक छलफल तालिमको आयोजना तथा प्रतिनिधिमण्डलको आदानप्रदान हुनेछ । तेस्रो मुलुकमा समेत दुवै संस्थाको सहकार्यमा कार्यक्रमको आयोजना, उत्पादन तथा सेवाको गुणस्तर सुधार, मेला महोत्सवको आयोजनामा जोड दिइएको छ ।

### प्रतिबन्ध खुलाउन पत्राचार

काठमाडौं । पाम तेलमाथिको प्रतिबन्ध हटाइदिन नेपालले भारतलाई औपचारिक आग्रह गरेको छ । भारतले प्रतिबन्ध गरेलगत्तै थालिएको अनौपचारिक छलफलले समस्या समाधान नभएपछि पत्राचार गरिएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । पाम तेलको निर्यात फकुवा गर्न कुटनीतिक च्यानलमार्फत भारत सरकारलाई औपचारिक अनुरोध गरिएको मन्त्रालयका द्विपक्षीय तथा क्षेत्रिय ब्यापार महाशाखा प्रमुख सह-सचिव नवराज ढकालले जानकारी दिए । आपूर्ति मन्त्रालयको आग्रहअनुसार पाम तेलको प्रतिबन्ध हटाइदिन भारतलाई पत्राचार गरेको परराष्ट्र मन्त्रालयका प्रवक्ता एवं सहसचिव भरतराज पौड्यालले बताए ।

## कतारपछि सबैभन्दा धेरै रेमिट्यान्स भारतबाट

काठमाडौं । नेपालमा सबैभन्दा धेरै कतारबाट रेमिट्यान्स भित्रिने गरेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'नेपालमा विप्रेषण आप्रवाहको स्थिति' प्रतिवेदनमा कतारपछि भारतबाट धेरै रेमिट्यान्स भित्रिने गरेको उल्लेख छ । चालु आर्थिक वर्षको कात्तिकसम्म सबैभन्दा धेरै कतारबाट ५३ अर्ब ९३ करोड रूपैयाँ रेमिट्यान्स भित्रिएको छ । भारतबाट ४३ अर्ब १६ करोड रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । प्रमुख श्रम गन्तव्य मलेसियामा कामदार जाने क्रम बन्द भएका कारण आर्थिक वर्ष २०७५/७६ मा मलेसियाबाट आउने रेमिट्यान्स घटेको छ । मलेसियासँग द्विपक्षीय सम्झौतापछि आउँदा दिनमा मलेसिया जानेको सङ्ख्याका साथै त्यहाँबाट प्राप्त हुने रेमिट्यान्स बढ्ने राष्ट्र बैंकको अनुमान छ । खाडी देशहरू र मलेसियाबाहेक अमेरिका, जापान र दक्षिण कोरियाबाट पनि धेरै रेमिट्यान्स भित्रिने गरेको छ । नेपाली अर्थतन्त्रको बलियो आधार नै विदेशमा काम गर्ने श्रमिकले पठाएको रेमिट्यान्स हो । शिक्षा, स्वास्थ्य, गरिबी निवारण, राष्ट्रिय पुँजी निर्माण लगायतका क्षेत्रमा रेमिट्यान्सको भूमिका महत्वपूर्ण छ ।

## दैनिक पाँच करोडको बिजुली आयात

काठमाडौं । नेपाल विद्युत् प्रधिकरणले भारतबाट दैनिक करिब पाँच करोड रूपैयाँको बिजुली आयात गरेर मुलुकलाई अन्धकारमुक्त गराएको छ । प्रधिकरणले यो हिउँदको पिक आवरमा दैनिक तीन सय ९५ मेगावाट बिजुली आयात गरेर लोड व्यवस्थापन गर्दै आएको जनाएको छ । प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले हिउँदे याममा भारतबाट बिजुली आयात गरेर माग पूरा गरेको बताए । भारतको विभिन्न पाँच स्थानबाट सरदर तीन सय ९५ मेगावाट आयात भइरहेको उनले बनाए । प्रवक्ता अधिकारीले सरकारले भारतीय कम्पनीबाट प्रतियुनिट सात रूपैयाँ ४५ पैसामा बिजुली किनिरहेको बताए । प्राधिकरणले भारतको पाँचवटा कम्पनीबाट बिजुली आयात गरिरहेको छ । प्राधिकरणले एनभिभिएन, पिटिसी, एनबिपिडिसिएल, युपिपिसिएल लगायत पाँचवटा कम्पनीबाट तीन सय ९५ मेगावटदेखि पाँच सय मेगावाटसम्म बिजुली आयात गर्दै आएको छ । प्राधिकरणले भारतबाट गत आर्थिक वर्षमा २३ अर्ब तीन करोड रूपैयाँको बिजुली आयात र ३२ करोड रूपैयाँको निर्यात गरेको थियो ।

## 'मोडल सङ्स अवार्ड २०२०' दिल्लीमा हुने

काठमाडौं । मोडल सङ्स नेपालले 'मोडल सङ्स अवार्ड, २०२०' भारतको राजधानी नयाँ दिल्लीमा आयोजना गर्ने भएको छ । ग्लोरी मिडिया, पेजेन्ट नेपाल र दक्ष इन्टरनेशनल एसोसिएट्स पार्टनर रहेको उक्त अवार्ड शो अप्रिल १२ मा हुन लागेको हो । अवार्डका बारे जानकारी गराउन राजधानीमा पत्रकार भेटघाट आयोजना गरियो । सो कार्यक्रममा बोल्दै आयोजक संस्थाका सीईओ डेविल सिंह राजपुतले संगीत, चलचित्र, फेशन, मोडल, इभेन्टअन्तर्गत विभिन्न विधामा भोटिङका आधारमा पुरस्कृत गरिने जानकारी दिए । अन्तर्राष्ट्रियस्तरमा नेपाली कला, संस्कृतीको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने हेतुले अवार्ड भारतमा कार्यक्रम आयोजना गर्न लागिएको ग्लोरी मिडियाका अध्यक्ष सरोज ओझाले बताए । मोडल सङ्गस नेपालले यसअघि युएईमा 'मोडल सङ्स अवार्ड २०१८' दुवईमा र एमएसएन एक्सीलेन्स अवार्ड, २०१९ इजिप्टको कायरोमा गरेको थियो ।

## प्रदेश २...

राष्ट्रियसभामा उल्लख्य सफलता प्राप्त गरे पनि उ अहिले नेकपाको घेराबन्दीमा परेको छ । सहमतिमा दुवै पार्टीले अगामी दिनमा राजनीतिक सहकार्य गर्नुपर्ने उल्लेख छ । सोहीअनुसार नेकपाले भने उपसभामुखका लागि सत्तासाझेदारी नै गर्नुपर्ने शर्त अघि सारेको छ । उपसभामखु पदमा मात्र नभएर प्याकेजमै सहमति गर्नुपर्ने नेकपाले शर्त अघि सारेको छ ।

राजपा नेपाल तत्काल सरकारमा सहभागी हुन इच्छुक छैन । मधेशमा हुने आलोचना तथा पार्टीभित्रकै केही नेताहरूको विरोधका कारण राजपा नेपाल सरकारमा जाने मनस्थितिमा छैन । यद्यपि उपसभामुख पद भने लिने तयारीमा छ ।

नेकपाको शर्तले राजपा नेपालका नेताहरू सशंकित बनेका छन् । नेकपाले राजपालाई सरकारमा सहभागी गराएर बदनाम गराउन चाहेको डर राजपालाई छ । सरकारमा जाने विषयलाई लिएर राजपा नेपालमै विवाद रहेको छ । पुस ७ गते राजपा नेपालका केही उपाध्यक्ष र महासचिवले अध्यक्षमण्डलका संयोजकलाई सम्बोधन गरेर सरकारमा जान नहुने भन्दै ज्ञापनपत्र नै बुझाएको छ । सरकारमा जाने विषयमा अध्यक्षमण्डलका ६ जना सदस्यको बीचमा पनि एकमत छैन ।

उता, समाजवादी पार्टीको आफ्नै दाउ रहेको छ । राजपा नेपाल सरकारमा जानेबित्तिकै मधेशमा त्यसको विरोध गर्ने र राजपा नेपालका असन्तुष्ट नेताहरूलाई आफूतिर तान्ने उसको रणनीति रहेको छ ।

लथालिङ्ग राजपा

करिब एक वर्षदेखि राजपाको राजनीतिक समिति र पदाधिकारी बैठक बस्न सकेको छैन । साढे दुई वर्षदेखि राजपाका केन्द्रीय समितिको बैठक पनि बसेको छैन । राजपाको जीवनमा एकपटक मात्र केन्द्रीय समितिको बैठक बसेको छ । त्यो पनि निर्वाचनामा पार्टी दर्ता गर्ने प्रयोजनमा मात्र बसेको छ । २०७४ भदौयता राजपाका केन्द्रीय समितिको बैठक बसेको छैन ।

अहिले राजपाभित्र हरेक निर्णय पार्टीका ६ अध्यक्ष एक ठाउँमा बसेर गर्ने गरेका छन् । यहाँसम्म कि विधान संशोधन गर्ने अधिकारसमेत अध्यक्ष मण्डलका सदस्यलाई छ । माघ ९ मा भएको राष्ट्रिय सभा निर्वाचनमा नेकपासँग चुनावी तालमेल गर्ने निर्णय पनि राजपाको अध्यक्षमण्डलको बैठकबाट गरिएको थियो । राजपाका केही असन्तुष्ट नेताले नेकपासँग चुनावी तालमेल गरेकोमा पनि असन्तुष्टि पोखेका छन् ।

## राजपा...

लागि राजपाभित्र छलफल चलेको छैन । उपसभामुख संवैधानिक पद हो, सरकारी पद होइन । सरकार र संसद फरक-फरक कुरा हो । उपसभामुखको विषयमा पार्टीभित्र अहिलेसम्म कुनै प्रस्ताव आएको छैन । यस्तो प्रस्ताव आयो भने छलफल गरिन्छ । उपसभामुख राजपाको होस् भन्ने चाहना हो । तर, त्यसको निम्ति मरिहत्ते गर्दैन । राजपाभित्र उपसभामुखको कुनै औपचारिक प्रस्ताव आइसकेको छैन ।

राजपाबाट उपसभामुख होस् भन्ने प्रस्ताव आयो भने त्यतिखेर हामी विचार गर्छौं । अहिले कुनै व्यक्ति सम्भावित छैन, हामीसँग उपसभामुखका लागि धेरै सक्षम र उपयुक्त उम्मेदवारहरू हुनुहुन्छ । प्रस्ताव आयो भने त्यसका लागि संसदीय दलभित्र छलफल हुनुपर्छ ।

समाजवादीसँगको सम्बन्धमा कुनै उतार-चढाव आएको छैन । समाजवादीले पनि दूरी बढाउने प्रयास गऱ्यो र राजपाका पनि केही व्यक्तिले दूरी बढाउने काम गरे । नचाहिने-नचाहिने कुराहरू अगाडि ल्याएर राजपा र समाजवादीबीचमा दरार ल्याउन कोशिस गरे । कसैले पार्टीभित्र छलफलै नगरिकन एकीकरण हुनै लाग्यो भने, हामी धेरै टाढा छौं पनि भने । ती अपरिपक्क टिप्पणीहरू हुन्, त्यो नेतृत्वलाई सुहाउने टिप्पणी होइन । राजपा र समाजवादीले जनता अगाडि वाचा गरेको छ कि सँगै अगाडि बढ्छौं । त्यो प्रतिबद्धताअनुसार दुवै पार्टी अगाडि बढ्नुपर्छ र सहकार्य हुनुपर्छ ।

जतिखेर समाजवादी सरकारमा जाँदै थियो, हामीले सचेत गराएका थियौं । पहिले संविधानमा संशोधन होस्, त्यसमा हामी पनि बाहिरबाट समर्थन दिन्छौं । त्यतिखेर समाजवादीलाई विश्वास थियो कि सरकारमा गएर अझ ठोसरूपमा आफ्नो माग सम्बोधन गराउन सकिन्छ । समाजवादी सरकारमा रहँदा पनि हामीबीच दूरी बढेको थिएन ।

समाजवादी अहिले सरकारबाट बाहिर आएको छ, हामीबीच कुनै दूरी बढेको छैन । हामीले जनतासामु जुन प्रतिबद्धता गरेका छौं, त्यसमा हामी अडिग भएर उभिनुपर्छ ।

दालभात जस्तो पार्टी एकीकरण होइन । मानसिक, वैचारिक र सैद्धान्तिकरूपमा एकीकरण हुनुपर्छ । अनौपचारिकरूपमा एकीकरणका कुरा भए, व्यक्ति-व्यक्तिका बीचमा एकीकरणका कुरा भए । व्यक्ति-व्यक्तिको पोजिसनको कुरा गरियो । त्यो सिद्धान्त र विचारसँग जोडिएन । त्यस्तो नेतृत्वको बीचमा कुरा भयो, जसले राजपा पार्टी बनिसकेपछि त्यसलाई पनि एउटा पार्टी बन्न दिएन । उसले गुटबन्दी, बाँडफाँडका कुराहरू विकसित गर्न खोजे । अध्यक्षमण्डलका नेताहरूले राजपा नेपाललाई आफ्नो जागिर बुझ्नुभएको छ । उहाँहरूले पार्टीलाई एक हुन दिनुभएको छैन । महाधिवेशन गराउन पनि उहाँहरूको प्राथमिकतामा परेन । नेतृत्व सक्षम देखा परेनन् । त्यो नेतृत्वले पार्टीमा बारम्बार गुटबन्दी, नेता कार्यकर्ताहरूको योग्यताअनुसार मूल्यांकन गर्न सकेन ।

*(लाल राष्ट्रिय जनता पार्टी नेपाल वरिष्ठ उपाध्यक्ष हुन् ।)*




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम ... ुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email ... ani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं